# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३५ पूर्णाङ्क ८४ | २०७४ फागुन २१ गते सोमबार | Monday, March 5, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## आठ मार्च संयुक्त रूपमा मनाइने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा निकट क्रान्तिकारी महिलाहरूले आठ मार्च अर्थात् २४ फागुनको अन्तर्राष्ट्रिय महिला दिवस संयुक्त रूपमा मनाउने निर्णय गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी)की केन्द्रीय अध्यक्ष लक्ष्मी मुड्भरीले दिएको जानकारी अनुसार आठमार्चको दिन रत्नपार्कको शान्तिबाटिकामा जम्मा भई झण्डा, व्यानरसहितको र्‍यालीले नगर परिक्रममा गरेर शान्तिबाटिकामा कोणसभा गर्ने लगायतका कार्यक्रम तय गरिएको छ । कार्यक्रममा सैयौ महिलाहरूको सहभागिता हुने जनाइएको छ । वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवाद, दक्षिणपन्थी संशोधनवाद, विसर्जनवाद तथा अवसरवादका विरुद्ध विद्रोहको रूपमा र क्रान्तिको बाँकी कार्यभार पूरा गर्न क्रान्तिकारी महिलाहरूको सुदृढ एकताको संकल्पका साथ यसपटकको अन्तर्राष्ट्रिय महिला दिवस मनाउन लागिएको नेतृ मुड्भरीले बताउनु भयो ।

सन्दर्भ सहिद सप्ताह:

# देशैभर सहिद तथा बेपत्ता योद्धा परिवार र घाइते योद्धा सम्मानित



● वर्गदृष्टि संवाददाता

काठमाडौं । मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाद्वारा देशैभर दशवर्ष लामो महान् जनयुद्धका सहिद तथा बेपत्ता योद्धा परिवार र घाइते योद्धाहरू सम्मानित भएका छन् । सहिद सप्ताहको अवसर पारेर यी दुवै पार्टीले कतै एकल त कतै संयुक्त रूपमा जनयुद्धमा आफ्नो अमूल्य जीवन गुमाउनु हुने सहिद, बेपत्ता योद्धा तथा घाइते योद्धाहरूलाई सम्मान गरेका हुन् ।

क्रान्तिकारी माओवादीले सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धालाई देशैभर घर-घर पुगेर सम्मान पत्र प्रदान गरेको छ भने संयुक्त रूपमा आयोजना गरिएका कार्यक्रमहरूमा सामूहिक रूपमा सम्मान गरिएको छ । क्रान्तिकारी माओवादीको ३ नं. प्रदेशका...बाँकी ६ पेजमा

## 'सहिदहरूको सपना पूरा गर्न नयाँ जनयुद्ध हुन सक्छ'



चितवन । नेकपा (क्रान्तिकारी माओवादी)कामहासचिव मोहन वैद्य'किरण'ले शासकहरूको यस्तै रवैया रहे सहिदको सपना पूरा गर्न मुलुकमा नयाँ जनयुद्ध हुने बताउनु भएको छ । दशवर्ष लामो जनयुद्धमाथि प्रचण्ड-बाबुरामहरूले गम्भीर धोका र गद्दारी गरेको भन्दै हिजोका क्रान्तिका नायकहरू खलनायकमा बदलिएपछि र जनयुद्धले अगाडि सारेका सबै एजेण्डाहरू ज्युँको त्युँ रहेको अवस्थामा मुलुकमा अर्को नयाँ जनयुद्ध हुनसक्ने महासचिव किरणले बताउनु भएको हो । ...बाँकी ६ पेजमा

## काठमाडौंका नगरहरूमा ज्ञापनपत्र र संगठन निर्माण एकसाथ

काठमाडौं । काठमाडौंको शंकरापुर नगरपालिकाको मेयरलाई मोर्चाको तर्फबाट स्थानीय जनताका मागहरूलाई समेटी ज्ञापन पत्र बुझाइएको छ भने सोही नपामा सम्पन्न भेलाले दानबहादुर श्रेष्ठको संयोजकत्वमा ७ सदस्यीय नगर समिति निर्माण गरेको छ । त्यस्तै काठमाडौं कै कागेश्वरी मनोहरा नगरपालिकामा स्थानीय जनताका मागहरू समेटी ज्ञापन पत्र बुझाइएको छ भने सोही नपामा सम्पन्न भेलाले अजय थापाको नेतृत्वमा ७ सदस्यीय देजमो नेपालको नगर समिति गठन गरेको छ । त्यसैगरी गोकर्णेश्वर नपामा पनि ज्ञापन पत्र बुझाउँदै हालै सम्पन्न भेलाले गोविन्द गौतमको नेतृत्वमा ११ सदस्यीय देजमोको कमिटि गठन गरेको छ भने सोही नगरमा सम्पन्न एक भेलाले किरण लामाको नेतृत्वमा ११ सदस्यीय अखिल नेपाल ट्रेड यूनियन महासंघको गठन गरेको छ । त्यसैगरी सोही नगरमा सम्पन्न युवाहरूको भेलाले कृष्ण थापाको नेतृत्वमा ७ सदस्यीय किमिटि निर्माण गरेको ३ नं. अभियान दलका नेता खगेन्द्र छन्त्यालले बताउनु भयो ।

त्यसैगरी काठमाडौं महानगरपालिकाको ११ नं. वडामा लक्ष्मी मास्केको संयोजकत्वमा ७ सदस्यीय सुकुम्बासी संगठन निर्माण गरेको छ भने ३१ नं. वडामा हिराबहादुर कार्कीको नेतृत्वमा देजमोको वडा कमिटी निर्माण गरिएको छ । त्यस्तै काठमाडौंकै टोखा नगरपालिकाको ७ नं. वडामा भएको एक भेलाले सुमित्रा न्यौपाने संयोजक र रूपा अधिकारी सचिव रहेको १५ सदस्यीय अनेमसंघ (क्रान्तिकारी)को वडा स्तरीय कमिटी निर्माण गरिएको छ । उक्त भेलामा ७ नं. इलाका इन्चार्ज कपिल पुन र अनेमसंघ (क्रान्तिकारी) की केस शान्ता पण्डितको उपस्थिति रहेको थियो ।

## फासिवादी बन्दै केपी-पिके गठबन्धन सरकार

काठमाडौं । आफूलाई वामपन्थी तथा कम्युनिष्ट भनाउने एमाले र माके गठबन्धनको केपी ओली नेतृत्वको सरकार फासिवादी दिशामा अग्रसर हुँदै गएको छ । सरकारको नेतृत्व सम्हाल्ने वित्तिकै ६ फागुनमा शान्तिपूर्ण कार्यक्रममा सहभागी हुँदै गर्दा नेकपाका नेताहरूलाई विनाकारण समातेर सार्वजनिक अपराधको मुद्दा लगाउनु र १६ फागुनमा नेकपाका महासचिव नेत्रविक्रम चन्दको घरमा पक्राउ पुर्जी टाँस गर्नुलगायतका घटनाक्रमले ओली नेतृत्वको सरकारको फासिवादी अग्रसरतालाई दर्शाउँछ । सरकारी एक उच्च स्रोतका अनुसार विप्लव नेतृत्वको नेकपालाई 'अराजनीतिक' घोषणा गर्दै दमनको रणनीति तयार गरिरहेको बुझिएको छ ।

समाचार स्रोतका अनुसार ओली सरकारले नेकपाका कार्यकर्तालाई भन्दा पनि विप्लव लगायतका नेतृत्व पंक्तिलाई पक्राउ गर्ने रणनीति तयार पारिरहेको छ । त्यसको जिम्मा प्रचण्ड र बादलहरूलाई दिएका छन् । रामबहादुर थापा'बादल'ले गृहमन्त्रालय सम्हालेको भोलिपल्टै नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवको घरमा पक्राउ पुर्जी टाँस हुनु संयोग नभएर योजनाबद्ध रहेको पनि स्रोतको दावी छ । पक्राउ परेका नेकपाका नेताहरू सुदर्शन र पदम राईलाई जनदबाबपछि रिहाइ गरेपनि ओली नेतृत्वको सरकार विप्लवलाई जसरी पनि पक्राउ गर्ने रणनीतिमा रहेको छ ।

यसैबीच, १६ फागुनमै नेकपा (माओवादी केन्द्र)को विद्रोही समूहको नेतृत्व गरेका गोपाल किराती निकट अखिल (क्रान्तिकारी)को पुनर्गठित भेलालाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका महासचिव...बाँकी ६ पेजमा

## दुवै पार्टीका पिबिएमको पार्टी एकतामा जोड

● रवि पाण्डे

नवलपरासी । जनयुद्धका सहिद, बेपत्ता योद्धा परिवार तथा घाइते योद्धाहरूलाई सम्मान गर्न सहिद सप्ताहको अवसरमा आयोजित संयुक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिष्ट पार्टीका नेताहरूले पार्टी एकतामा जोड दिएका छन् । दुवै पार्टीको जिल्ल्ला समितिले आयोजना गरेको कार्यक्रमलाई आइतबार सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका पिविएम प्रेम सुवेदी र नेकपाका पिविएम चन्द्रबहादुर चन्द' विरजंग'ले दुवै पार्टीबीचको एकतामा जोड दिनुभएको हो ।

मोहन बैद्य किरणले नेतृत्व गरेको क्रान्तिकारी माओवादी र नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपाबीच कार्यगत एकता गर्ने केन्द्रीय सहमति अनुसार संयुक्त कार्यक्रम आयोजना गरिएको थियो । बर्दघाटमा आयोजित सो कार्यक्रममा दुवै पार्टीका नेताहरूले क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूबीच एकता आवश्यक रहेकोमा जोड दिएका थिए । कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्युरो सदस्य तथा प्रदेश नम्बर ५ का सचिव प्रेम सुवेदीले एमाले र माओवादी केन्द्रले जनतालाई वामपन्थी भएको भम्र छरेकाले...बाँकी ८ पेजमा

## 'यो दलालहरूको सरकार हो, क्रान्ति रोकेर रोकिन्न'




● अमिट योञ्जन

काभ्रे । सहिद सप्ताहको अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी) र नेकपाले संयुक्त रूपमा आयोजना गरेको जनयुद्धका सहिद, बेपत्ता योद्धा परिवार तथा घाइते योद्धा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका पिविएम तथा सहिद तथा बेपत्ता योद्धा परिवार समाजका केन्द्रीय संयोजक समेत रेहका नेता दिनेश...बाँकी ६ पेजमा

## किन नेपाल आउँदैछन् चिनियाँ र पाकिस्तानी प्रधानमन्त्री ?



*चिनियाँ प्रधानमन्त्री ली खछ्या*



*पाकिस्तानी प्रधानमन्त्री सहिद खकान अब्बासी*

काठमाडौं । चिनियाँ प्रधानमन्त्री ली खछ्याले एक महिनाभित्र नेपाल भ्रमण गर्न लागेको समाचार स्रोतले जनाएको छ । समाचार स्रोतका अनुसार यही मार्च महिनाभित्र ली नेपाल भ्रमणमा आउन लागेका हुन् । उनको भ्रमण चिनियाँ राष्ट्रपति सी जिन पिङको सम्भावित नेपाल भ्रमणको तयारीका सिलसिलामा हुन लागेको बुझिएको छ ।

विमानस्थल क्षेत्र र रनवेको सुरक्षा अनुगमन गर्न दूतावासका अधिकारीहरू विमानस्थल पुग्ने...बाँकी ६ पेजमा

## माकेको एमालेकरण : केही सैद्धान्तिक सवाल



● रामसिंह श्रीस ●

एमाले र माओवादी केन्द्रले यही संसदीय व्यवस्थालाई स्वीकार गरेको छ र संसदीय व्यवस्थाको संविधान कार्यान्वयन गर्ने घोषणा गरेको छ, वर्ग संघर्ष, सर्वहारावर्गको अधिनायकत्व र निरन्तर क्रान्तिको सिद्धान्तलाई तिलाञ्जली दिएर विकास र समृद्धिको झुट्टा कुराहरू मात्र गरेका छन् ।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको पार्टी एकता गर्ने घोषणा भएको छ । पार्टी एकता संयोजन समितिले २०७४ फागुन ७ गते ७ बुँदे "एकीकरणका प्रारम्भिक आधार" सार्वजनिक गरेको छ । त्यो एकीकरण प्रारम्भिक आधारहरूको दुई नम्बर बुँदामा पार्टीको निर्देशक सिद्धान्त 'मार्क्सवाद-लेनिनवाद' रहने छ भनिएको छ । यो विषयलाई लिएर एमालेमा त कुनै असन्तुष्टि देखिएन । असन्तुष्टि देखियोस् पनि किन ? किनभने उनीहरूले पहिले नै माओत्सेतुङ विचारधारालाई छोडिसकेका हुन् । तर माओवादीले आफ्नो पार्टीको निर्देशक सिद्धान्त ' मार्क्सवाद-लेनिनवाद-माओवाद' भन्दै आएको थियो । अब एमालेसँग पार्टी एकता गर्दा पार्टीको निर्देशक सिद्धान्तमा माओवाद भन्ने पदावली रहने छैन । त्यसो भएको हुनाले माओवादी केन्द्रभित्र केही असन्तुष्टिहरू देखिएका छन् । त्यो असन्तुष्टि विद्रोहमा रूपान्तरित भएर गोपाल किरातीको नेतृत्वमा नेकपा (माओवादी केन्द्र)को पुनर्गठन भएको घोषणा गरिएको छ भने अर्कोतिर आहूतिजीको नेतृत्वमा पार्टी निर्माण हुँदैछ ।

अब प्रश्न उठ्छ उनीहरूले पार्टीको अहिलेको रणनीति र कार्यनीति कायम राख्दै पार्टीको नाम माओवादी र निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद राखेको भए त्यो सच्चा मार्क्सवादी-लेनिनवादी पार्टी बन्थ्यो त ? यसको सिधा र स्पष्ट उत्तर हो बन्ने थिएन । किनभने एमाले र माओवादी केन्द्रले अहिले अंगिकार गरेका सिद्धान्त, रणनीति र कार्यनीति मार्क्सवादका आधार भूत सिद्धान्तअनुसार छैन । अर्थात् त्यसले मार्क्सवादको आधारभूत सिद्धान्तलाई छोडेको छ । मार्क्सवादको आधारभूत सिद्धान्तले प्रथम संसदीय व्यवस्थालाई स्वीकार गर्दैन, दोस्रो क्रान्तिमा बल प्रयोगको सिद्धान्तको अनिवार्यतालाई छोड्दैन, तेस्रो वर्गसंघर्षलाई सर्वहारावर्गको अधिनायकत्वसम्म मान्दछ र चौथो निरन्तर क्रान्तिको सिद्धान्तलाई मान्दछ । तर एमाले र माओवादी केन्द्रले यही संसदीय व्यवस्थालाई स्वीकार गरेको छ र संसदीय व्यवस्थाको संविधान कार्यान्वयन गर्ने घोषणा गरेको छ, वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व र निरन्तर क्रान्तिको सिद्धान्तलाई तिलाञ्जली दिएर विकास र समृद्धिको फोस्रा कुराहरू मात्र गरेका छन् । त्यसकारण हामीले बुझ्नपर्ने पहिलो कुरा के हो भने एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर बनेको पार्टीले पार्टीको...बाँकी ८ पेजमा

## सम्पादकीय

# बलिदानमाथिको सच्चा सम्मान

वर्गसमाजको स्थापनासँगै विभिन्न स्वरूपका संघर्षहरू हुँदै आएका छन् । नेपाली वर्गसमाजमा पनि विगत लामो समयदेखि विभिन्न खाले संघर्षहरू हुँदै आएका छन् । वर्गीय तथा राष्ट्रिय मुक्ति आन्दोलनमा खासगरी तत्कालीन राणाविरोधी आन्दोलनयताको इतिहास मात्र हेर्ने हो भने पनि नेपालमा विभिन्न कालखण्डमा संघर्ष र बलिदानका अद्वितीय कीर्तिमानहरू कायम भएका छन् । संघर्ष र बलिदानको इतिहासमा दशवर्षे महान जनयुद्धलाई नेपाली इतिहासको अहिलेसम्मकै सबैभन्दा ठूलो वर्गीय तथा राष्ट्रिय मुक्ति युद्धको रूपमा लिइन्छ । यस युद्धमा श्रमजीवी, शोषित-उत्पीडित जनसमुदायका महानतम छोराछोरीहरूले बलिदानका अद्वितीय कीर्तिमानहरू कायम गरे ।

बलिदानको यही जगमा विश्वसामु नेपालले एउटा फरक पहिचान दिन सफल भयो र अढाईसय वर्षदेखिको सामन्ती राजतन्त्र इतिहासमा सीमित बन्न पुग्यो । तर महान जनयुद्धको मूल नेतृत्वले जनयुद्धको वर्गीय तथा राष्ट्रिय मुक्तिप्रतिको लक्ष्यमाथि गम्भीर विश्वासघात तथा गद्दारी गर्दै विस्तारवादी तथा साम्राज्यवादी ग्रयाण्ड डिजाइनमा जनयुद्धको अन्त्य गरेपछि नेपाली नयाँ जनवादी क्रान्तिको प्रक्रिया बीचैमा अबरुद्ध बन्न पुग्यो । यहाँसम्म कि संसदीय व्यवस्थाका विरुद्ध जनयुद्ध लडेको शक्तिको ठूलो हिस्सालाई संसदवादको फोहोरी आहालमा डुबुल्क्याउँदै पुष्पकमल दाहाल प्रचण्डले त्यो हिस्सालाई एमालेकरण गर्न पुगे । र, यसलाई जनयुद्धका सहिद तथा वेपत्ता योद्धा परिवारहरूले सहिदहरूको महान बलिदानमाथिको घोर अपमानको रूपमा लिएका छन् ।

यही पृष्ठभूमिमा अहिले मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपाले संयुक्त रूपमा दशवर्षको २३ औं जनयुद्ध दिवस मनाए र फागुन १४ देखि २१ सम्मको सहिद सप्ताह पनि संयुक्त रूपमा मनाइरहेका छन् । र, बहस चलिरहेको छ कि सहिद तथा बलिदानप्रतिको सच्चा सम्मान कसरी हुन सक्छ ? के सहिद परिवारलाई १० लाख राहत दिएर हुन्छ सहिद तथा बलिदानप्रतिको सम्मान ? के शालिक तथा स्मारक बनाएर हुन्छ सहिदप्रतिको सच्चा सम्मान ? क्रान्तिकारी माओवादी र नेकपाले स्पष्ट रूपमा भन्दै आएको छ कि सहिद तथा बलिदानमाथिको सच्चा सम्मान भनेको सहिदहरूले जुन उद्देश्य प्राप्तिका लागि बलिदान गरे त्यो उद्देश्य हासिल गर्नेदिशातिर अगाडि बढ्नु हो । अर्थात् नयाँ जनवादी क्रान्तिको प्रक्रियामा अगाडि बढ्नु र मुलुकमा अहिलेको दलाल तथा नोकरशाही पुँजीवादलाई फालेर त्यसको ठाउँमा नयाँ जनवादी राज्यव्यवस्था स्थापनाका निम्ति क्रान्तिको तयारी गर्नु हो ।

जथाभावी सहिद घोषणा गर्ने र राहत वितरण गर्ने गरेका कारण सहिद र बलिदानमाथि अहिले धेरैले उपहास समेत गर्ने गरेका छन् । वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, तथा राष्ट्रिय मुक्ति आन्दोलन तथा युद्धमा जीवन बलिदान गर्नेलाई साँचो अर्थमा सहिदको रूपमा सम्मान गरिनु पर्दछ । तर यो संसदीय व्यवस्थाका सरकारले परिवर्तनका विरोधी व्यक्तिहरूलाई समेत सहिद घोषणा गरेर वास्तविक सहिदमाथि ठूलो अपमान गरेको छ । त्यसमा पनि जुन व्यवस्थाका विरुद्ध यति ठूलो बलिदान भयो, त्यही व्यवस्थालाई पुनर्स्थापित गरेर माके, एमाले र कांग्रेसहरूले सहिद र बलिदानमाथि अझ ठूलो अपमान र गद्दारी गरेका छन् । यति सम्म कि हिजो जनयुद्धको नेतृत्व गरेका व्यक्तिहरू नै अब हुने क्रान्तिका दमनकारी शक्तिका रूपमा अगाडि आउँदैछन् र क्रान्तिको प्रक्रियामा अगाडि बढ्ने सहिद परिवारहरूमाथि फासिवादी दमनको तयारीमा जुटेका छन् ।

इतिहासको यस विडम्बनापूर्ण सच्चाइलाई गहिरोगरी बोध गर्दै अर्को नयाँ वर्गीय तथा राष्ट्रिय मुक्तियुद्धको प्रक्रियाबाट अगाडि बढेर लक्षित गन्तव्य हासिल गर्न सके मात्र सहिद र बलिदानमाथिको सच्चा सम्मान हुन सक्छ । प्रतिक्रियावादी, संशोधनवादी तथा अवसरवादीहरूको दमनचक्रको भीषण प्रतिरोध गर्दै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध भएर क्रान्तिको महान प्रक्रियामा अगाडि बढ्नुको विकल्प छैन ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# नयाँ जनवादी क्रान्तिमा युवाहरूको दायित्व

*'एक युवक क्रान्तिकारी छ कि छैन भनी हामीले कसरी जाँच्नु पर्छ ? हामी कसरी छुट्याउन सक्छौं ? यसमा एउटा मात्र कसी हुन सक्छ, त्यो हो ऊ मजदुर र किसानहरूको समूहसित एकाकार भई मिल्न इच्छुक छ कि छैन र व्यवहारमा त्यसै गर्छ कि गर्दैन । ऊ यसो गर्न इच्छुक छ र वास्तवमा यस्तै गर्छ भने ऊ क्रान्तिकारी हो; नत्र ऊ अ-क्रान्तिकारी अथवा प्रतिक्रान्तिकारी हो । उसले आज मजदुर र किसानहरूका समूहमा आफूलाई एकरूप पार्छ भने ऊ आज क्रान्तिकारी हुन्छ; भोलि ऊ त्यसो गर्न छोड्छ र साधारण जनतालाई थिच्नतिर लाग्छ भने ऊ अ-क्रान्तिकारी अथवा प्रतिक्रान्तिकारी हुन्छ ।'*

**-माओत्सेतुङ**

**नौजवान आन्दोलन कि दिशा, ४ मई १९३९, माओत्सेतुङ की संकलित रचनाएं (हिन्दी, रेडबुक) विदेशी भाषा प्रकाशन गृह, पेकिङ १९७३), ग्रन्थ २, पृष्ठ ४३३।**



- माओत्सेतुङ, आज फागुन २१ गते । आजको दिन झापा विद्रोहका योद्धाहरूले नेपालको धर्तीमा, इलाम जिल्लाको सुखानीको घनघोर जंगलभित्र रगतको खोलो बगाएको दिन हो । आजैका दिन अर्थात् २०२९ साल फागुन २१ गते राती झापा विद्रोहका योद्धाहरू रामनाथ दाहाल, नारायण श्रेष्ठ, वीरेन राजवंशी, कृष्ण कुइकेललाई झापाबाट इलाममा जेलमा सार्ने बहानामा तत्कालीन निरंकुश तथा तानाशाही पञ्चायती शासकहरूले गोली ठोकी निर्ममतापूर्वक हत्या गरिएको दिन हो । यस दिनलाई नेपालका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले सहिद दिवसको रूपमा मनाउँदै आएका छन् ।

नेपाली क्रान्तिकारी माओवादीहरूले आजको दिनलाई सहिद सप्ताहको अन्तिम दिनको रूपमा मनाउदै आएका छन् । २०५२ साल फागुन १ गतेदेखि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले नयाँ जनवादी राज्यव्यवस्था स्थापनाको लक्ष्य राखेर सशस्त्र जनयुद्धको थालनी गर्थ्यो । २०५२ सालमा फागुन १४ गते तत्कालीन नेपाली कांग्रेसको प्रतिक्रियावादी सरकारले माओवादी भएको आरोपमा गोरखाका कमरेड दिलबहादुर रम्तेललाई गोली ठोकेर पासविक ढंगले हत्या गऱ्यो । २०५२ साल फागुन १४ गते ऐतिहासिक माओवादी जनयुद्धको क्रममा नेपाली आमाका आँटी तथा असल छोराछोरीहरूले नेपाल राष्ट्र र नेपालका शोषित, पीडित आम जनताको मुक्तिको खातिर नेपाली धर्तीमा रगतको खोलो बगाउने थालनीको दिन हो । त्यसको ठीक एकदिन पछि २०५२ साल फागुन १५ गते रुकुम जिल्लाको पिपल गाविसको मैलगैरीमा घरभित्र बसिरहेका ६ जना खत्री बन्धुहरूलाई तत्कालीन फासीवादी सरकारले गोली हानेर हत्या गरेको दिन हो । त्यसैगरी दश वर्षसम्म सञ्चालन गरिएको महान् जनयुद्धको प्रक्रियामा दशौं हजार नेपाली आमा ती आँटी तथा असल छोराछोरीहरू महान् सहिदको कोटीमा दर्ज हुन पुगेका थिए । हजारौंलाई घाइते, अपाङ्ग र बेपत्ता पारियो । यी महान् व्यक्तिहरू अधिकांश युवायुवतीहरू नै थिए ।

ञापा विद्रोहलाई छोटै समयमा राज्यद्वारा मित्रण दमन चलाएर दबाइयो । महान् जनयुद्ध भने दश वर्षसम्म सञ्चालन गरियो । महान् दशवर्षे जनयुद्ध समग्र वर्गयुद्ध थियो । त्यसले नेपाली समाजको हरक्षेत्रमा अर्थात् राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समेत ठूलो परिवर्तन र रूपान्तरण ल्याइदियो । त्यसैले महान् दशवर्षे जनयुद्ध नेपालको कम्युनिष्ट आन्दोलनमा मात्र होइन, विश्व कम्युनिष्ट आन्दोलनमा एउटा अमर गाथाको रूपमा रहेको छ । त्यस महान् दशवर्षे जनयुद्धको प्रक्रियामा लाखौं नेपाली युवायुवतीहरू लामबद्ध भएका थिए । पार्टी संगठनहरू, जनवर्गीय तथा मोर्चा संगठनहरू र जनमुक्ति सेनामा समेत लाखौं युवापक्ति सम्मिलित भएको थियो । जनमुक्ति सेनामा ठूलो संख्यामा नेपाली महिलाहरू त्यसमा पनि युवतीहरू सरिक रहेका थिए । लाखौं नेपाली महिला युवायुवतीहरू महान् दशवर्षे जनयुद्धमा लामबद्ध भएको इतिहासमै पहिलो परिघटना हो ।



● हस्तबहादुर के.सी ●

## सन्दर्भ : सहिद सप्ताह

समाज परिवर्तनमा, राजनीतिक परिवर्तनमा र क्रान्तिमा युवा समुदायको ठूलो महत्व रहेको हुन्छ र उनीहरूले ती ऐतिहारिक परिस्थितिहरूमा महत्वपूर्ण योगदान पुऱ्याएका हुन्छन् । मानव सभ्यताको इतिहासदेखि आजसम्म हामीले गहिरो गरी अध्ययन गऱ्यौं भने हामीले युवा समुदायले नै महत्वपूर्ण भूमिका निर्वाह गरेको पाउँदछौं । आदिम साम्यवादलाई छोडेर दास युग होस्, या सामन्तवादी युग, पुँजीवादी युग होस् वा समाजवादी युग, यी सब युग परिवर्तन गराउनमा युवा समुदायले नै महत्वपूर्ण योगदान पुऱ्याएको हामीले इतिहासबाट प्राप्त गर्दछौं ।

पश्चिम युरोपको पुनर्जागरणको बेला होस् या फ्रान्सीसी राज्यक्रान्ति, विश्वमा चलेका साम्राज्यवादी उपनिवेशवादका विरुद्ध गरिएको राष्ट्रिय स्वाधीनताका आन्दोलन हुन् वा पेरिस कम्युनको निर्माण, महान् रुसी अक्टुबर समाजवादी क्रान्तिमा होस् वा चीन, भियतनाम, कोरिया, क्युबा आदि देशमा गरिएका मुक्तियुद्धमा होस् त्यहाँ पनि लाखौं, करोडौं युवा समुदायले रगत र पसिनाको खोला बगाउदै समाज परिवर्तनमा अत्यन्तै महत्वपूर्ण तथा बलिदानीपूर्ण योगदान पुऱ्याएको हाम्रो सामु इतिहास साक्षी छ ।

नेपालकै राजनीतिक इतिहासबाट पनि हामी के पाउँछौ भने १०४ वर्षे जहाँनिया राणा शासनको अन्त्यको लागि होस् या ३० वर्षे तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य गर्ने आन्दोलनमा होस् वा महान् दशवर्षे जनयुद्धको प्रक्रिया हुँदै २ सय ४० वर्षे शाहवंशीय राजतन्त्रको अन्त्य गर्ने राजनीतिक आन्दोलनमा लाखौं नेपाली युवायुवतीहरू अग्रपंक्तिमा उभिएर वीरतापूर्ण लडाइँ लडेको यथार्थ इतिहासको गौरवपूर्ण गाथा हाम्रो सामु जीवन्त छ ।

त्यसैले भन्ने गरिन्छ युवा भनेका भविष्यका कर्णधार हुन्, देश निर्माणका कर्णाधार हुन् । यही प्रसंगमा राजनीतिक परिवर्तन र देश निर्माण र नयाँ विश्वको सिर्जना गर्ने शक्तिको रूपमा रहेका युवाहरूका बारेमा विश्वसर्वहारावर्गका महान् नेता तथा चिनियाँ कम्युनिष्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओत्सेतुङ अगाडि भन्नुहुन्छ- 'संसार तिमीहरूको हो, हाम्रो पनि हो, तर अन्तिम विश्लेषणमा तिमीहरूकै हो । शक्ति र चेतनापूर्ण तिमी युवाहरू विहान आठ-नौ बजेको सूर्यझै जीवनको फक्रंदो बेलामा छौं । हाम्रो आशा तिमीहरूमै रहेको छ ।...*बाँकी ७ पेजमा*

झर्रोटर्रो — ✍ कैलुब्राह

# माननीयहरूको संयुक्त कक्षा

शनिबारका दिन नेकपा साठी-चालीसका देशी संसद्का दुबै तहका माननीयहरूको संयुक्त ट्यूसन कक्षा सञ्चालन भयो । ट्यूसन कक्षा नयाँ बानेश्वरको संसद् भवनमा चलेको हो । सो कक्षामा साठी-चालीस पाटीका पूर्ववत दलका गुटीय हेडसरहरू सर्वश्री माननीय उखानप्रसाद र माननीय सुप्रिमो तथा अघिल्लो संविधानसभालाई पेण्डुलम बनाउने कार्यमा महत्वपूर्ण सहयोग गरेका सभामुख मिस्टर लिम्बुवान महोदयहरूले माननीयहरूलाई ट्यूसन पढाए । उखानप्रसाद र सुप्रिमोले सैद्धान्तिक र राजनीतिक विषय पढाए भने लिम्बुवान महोदयले नैतिक शिक्षाको विषय पढाए ।

माननीयहरू संसद् भवनको हलमा तैनाथ थिए । विगतमा जारभतारजस्ता शत्रु-शत्रु बनेर लडेका दुइटा पाटी चुनाउदेखि एउटै बनेपछि उनीहरू पहिलोपटक जमघट भएका थिए । आजको पढाई के-कस्तो होला त भनेर सबैमा व्यग्र कुतुहलता जागेको थियो । एकार्कालाई के भनेर बोलाउने, मानसम्मान के-कसरी गर्ने, को ठूलो र को सानो भन्नेमा दुबै गोठतिरका माननीयहरूमा अन्यौलता थियो । दुइटा गोठ एकैठाउँ मिलाएपछि माथि त बराबरी हैसियतमा दुई हेडसर रहने भन्ने सहमति भैसकेको थियो तर तलकाको के कसरी मिल्ने हो क्यै थाहा थिएन । दबैतर्फका माननीयहरूमा आफै ठूलो हुँ भन्ने धङधडी कायमै थियो । यत्तिकैमा संयुक्त कलास सुरु भयो ।

माननीयहरूले प्रतिक्षा गरेर हलमा बसिरहेको बेला हेडसरहरू क्रमशः पालैपालो आ-आफ्ना गार्डहरूको जुलुसलाई बाहिर राखेर हलभित्र छिरे । सबै माननीयहरू कुर्चीबाट उठेर हेडसरहरूको स्वागतमा तरररर ताली ठटाए । जनयुद्ध लडेकाहरूले ताली ठटाउँदा उता जबजवाला माननीयहरू कतै आफैलाई पो ठटाउने हुन् कि भन्दै एकछिन झस्किए । जबजवालाहरूले ताली ठटाउँदा जनयुद्धवालाहरू एकछिन झस्किए । यी जबजवालाहरूले पुलिसकै हाकिमलाई चुनाउ जिताएर भित्रै छिरा'छन् कतै त्यहीँभित्र पनि सुराकी गरेर पक्डाउने पो हुन् कि भन्दै आतंकित भए । दुबैतिरका झस्किएको अनुहार देखेपछि हेडसरहरूले 'दाइ काले म पनि काले कालेकाले मिलेर खाउँ भाले' भन्दै जबज र जनयुद्धको फ्युजन भएकाले कोही पनि कन्फ्युजन नहुन आदेश गरेपछि सबै सम्हालिए । त्यसपछि दुबैतर्फकाले फेरि एकैसाथ ताली ठटाए तरररररर ।

माननीयहरूलाई सूर्यछाप गोठतिरका हेडसरले पढाउँदै भने 'विगतमा हामीले जे जस्तो गरे पनि, जे जस्तो खाए पनि, देशलाई डुबाए पनि यसपटक चाहीँ त्यस्तो गर्न हुँदैन । सालासाली, भाइभतिजा, नाताकुटुम्ब बोकेर मेरो अफिसमा सरुवा बढुवा मिलाउन नआउनुहोला । म कसैको सोर्सफोर्स सुन्नेवाला छैन । अब विकासको काम गर्नु पर्छ । बरु ठेकेदार, उद्योगी, व्यापारीहरू ब्रिफकेस बोकेर सिधै मेरो क्वार्टरमा आउँदा हुन्च । अफिसमा म निस्पक्ष भएर देशको विकास, समृद्धि र उन्नतीको काम मात्रै गर्छु तपाइँहरू पनि त्यही गर्नुहोला । बिगतमा हिंसाको बाटो समाएर भौंतारिएका लडाकाहरूले यहाँ लडाकु जोस झिकेर उपद्रो नमच्चाउनु होला । अट्ठाइस सालतिर हामीले पनि अलिअलि उपद्रोको अभ्यास गरेका हौँ अब त्यो काम नलाग्ने भएरै हामीले यो खानपिनको बाटो समाएका हौँ । अब यसैबाट समाजवाद ल्याउने हो । आए आउँछ नआए यत्रैसिती । तपाइँहरू पनि 'घुम्दैफिर्दै रुम्जाटार'को बाटो समाइसकेको हुनाले विगतको धङधडी मेटाइहाल्नुहोला ।'

गोलेघेरे गोठतिरका हेडसरले माननीयहरूलाई पढाउँदै भने 'मने हाम्रा परमप्रिय आदरणीय गुरु कामरेड मदनले आविष्कार गरेको जबज र हामीले आविष्कार गरेको सुप्रिमोपथको कहिँ न कहिँ फ्युजन भएकाले हामी अहिले एउटै ज्युज्यान भएका हौँ । उहाँहरूले पनि अट्ठाइस सालतिर हिंसा गरेको हामीले पनि दसबर्स हिंसा गरेको, उहाँहरूले पनि माओ त्यागेको हामीले पनि त्यागेको, उहाँहरूले जबज ल्याएको हाम्ले पनि एक्काइसौँ शताब्दी ल्याएको, उहाँले पनि महाकाली प्रभुलाई बुझाउन सहमति गरेको हाम्ले पनि कर्णाली बुझाउन सहमति गरेको त्यसैले हाम्रा बीचमा विगतदेखि नै सहमति मिल्दै आएको हुनाले अब उप्रान्त पाटी पनि एउटै बनाउने सहमति गरेका हौँ । हामी दुवै पाटीका नेताहरूले अहिले एउटै थालमा खाना खाइसकेका छौँ र सहिद, बेपत्ता घाइते, अपाङ्ग, योद्धाहरूका टाउकामा आची गरिसकेका छौँ । हामी दुवै एउटै खाटमा सुतेर हनिमुन मनाइसकेका छौँ, ककटेल खाएका छौँ, हाम्रा आन्द्राभुँडी जोडिइसकेको छ । केही दिनमै पाटी एउटै हुन्छ । अब हाम्रा दुःखका दिन गए सुखका दिन आए । कसैले कसैलाई अर्घेलो देख्नु पर्दैन ।'

यसरी सैद्धान्तिक र राजनीतिक पाठ पढाइसकेपछि मिस्टर लिम्बुवानले माननीयहरूलाई संसदभित्र छिरेपछि कसरी बस्ने, कसरी बोल्ने, कसरी खाने प्युने, दिशा पिसाव कसरी कता फर्केर गर्ने, टेबुल कसरी ठटाउने, उँघ्ने, निदाउने, घुर्ने, हाच्छ्युँ गर्ने, हाइ काड्ने, सुर्ती चुरोट कहाँ कसरी खाने, मोवाइल कसरी कतिवेला चलाउने, सेल्फी कसरी खिच्ने, नारा कस्तो वेला लाउने, कता फर्केर लाउने, विभिन्न मुलुकबाट रैतीहरूलाई आएका राहत सामग्री के कसरी आफूहरूले लैजाने, विरोधी पाटीका माननीयलाई कसरी सम्बोधन गर्ने, उनीहरू बोल्दा आफूले समर्थन या विरोध के कसरी गर्ने, हाँजीर कसरी लाउने, रातो पासपोर्ट केकसरी बेच्ने, कुर्ची भाँच्नु परे कताबाट कसरी भाँच्ने, कस्लाई हिर्काउने आदि इत्यादि बारेको नैतिक शिक्षा पढाए । त्यसपछि ट्यूसन कक्षा सकियो ।

अन्त्यमा सबै माननीयहरू हलबाट निस्किएर चियापान स्टलतिर लागे । रातो, सेतो, हरियो पहेँलो, कालो रङमा बनाइएका चियापान गरे । एकार्कामा अङ्गालो हालेर सेल्फी खिचाखिच गरे । जनयुद्धका बेला एउटाले आतङ्कारी र अर्कोले सुराकी भनेकोमा पछुताउ गर्दै सँाक्कसुँक्क, घाँक्कघुँक्क गरे र एकापसमा सिगान पुछापुछ गरे, गला मिलाए । अब उप्रान्त सँगैसँगै खाने-पिउने, सुत्ने-उठ्ने, हाँस्ने-बोल्ने, डुल्ने-घुम्ने, ककटेल मनाउने र आआफ्ना बर्थडेमा केक काटेर जस्न हुस्न मनाउने सहमती गरे ।

*२० फागुन २०७४*

*kailubraha73@gmail.com*

# जनयुद्धमा महिला

जनयुद्ध सुरु हुनुभन्दा ८० वर्षअघि रुसको सफल क्रान्तिको नेतृत्व गर्ने साम्यवादी नेता लेनिनले क्रान्तिको सफलता उक्त क्रान्तिमा महिलाको कस्तो सहभागिता छ, त्यसले निर्धारण गर्छ भनेका थिए । लेनिनले भनेजस्तै नेपालको जनयुद्धको सफलताका पछाडि महिलाहरूको महत्वपूर्ण भूमिका थियो भन्ने यथार्थमा कसैको दुईमत हुन सक्दैन ।

**अपमान र उत्पीडन**

नेपालका महिला सदियौँदेखि दोस्रो दर्जाको नागरिकसरह बाँचिरहेका थिए/छन् । ग्रामीण भेग र तराईमा त महिलाको स्थिति कहालीलाग्दो थियो र अझै पनि छ । नेपाली समाजमा महिलालाई अबला भनिन्थ्यो/भनिदैछ र धेरै नेपाली नारीको आफ्नो पहिचान नै थिएन/छैन । उनीहरू सुरुमा बाबुको नामबाट, त्यसपछि श्रीमानको नामबाट र जीवनको उत्तरार्धमा छोराका नामबाट चिनिन बाध्य थिए/छन् । विश्वका धेरै महिलाहरूजस्तै नेपालका महिलाहरू पनि अरु धेरै उत्पीडनका अलावा पितृसत्तात्मक समाजको उत्पीडन सहन बाध्य थिए/छन् । ती अभाव, अपमान र आत्मसम्मानहीन जीवन बाँचिरहेका थिए । ती बोले पोथी बासेको भनिन्थ्यो, तिनले पढे पोइल जान्छन् भनिन्थ्यो, ती हाँसे बेश्या हुन्छन् भनिन्थ्यो नेपालमा महिला खासगरी 'बुहारी' बन्ने महिलालाई होच्याउने, खिज्याउने गरी बनाइएका कैयौं उखान छन् । छोरो नजन्मिए महिलालाई दोषी ठहऱ्याइन्छ जबकि त्यसमा पुरुष जिम्मेवार हुन्छ ।

त्यसका अलावा बाल, बहु र अनमेल विवाहबाट पनि पीडित हुने महिलाहरू नै हुन् । दाइजो, देउकी, झुमा, कुमारी, छाउपडी, वादी प्रथाहरूले नेपालमा महिलामा झन् उत्पीडन थपिदिएको थियो । नेपालका हजारौं युवतीहरूलाई बेश्यावृत्तिमा लगाउनका लागि दलालहरूले भारतका विभिन्न शहरमा रहेका बेश्याकोठीमा लगेर बेचिदिन्थे/बेचिदिन्छन् । शहरीकरण बढ्दै जाँदा शहरहरू र सडक मार्गवरिपरि बेश्यावृत्ति गर्न धेरै युवतीलाई बाध्य बनाइएको थियो/छ । त्यसका अलावा विभिन्न सुन्दरी प्रतियोगिता, फेसन सो, मसाज केन्द्र, क्याबिन रेष्टुरेन्टका आधुनिक आवरणमा महिलाहरू नै पीडित बनेका थिए/छन् ।

त्यसो त नेपालका कैयन राष्ट्रवादी युद्ध एवम् राज्यसत्ताविरोधी विद्रोहमा महिलाहरूले आफ्नो साहसको प्रदर्शन गरेका छन् । अङ्ग्रेजविरुद्ध लडिएको नालापानीको मोर्चामा पुरुषसँगै महिला र केटाकेटीले पनि योगदान गरेका थिए । वि.सं. १९९८/९९ तिर योगमायाले महिला विद्रोह उठान गर्न खोजेकी थिइन । २०३६को विद्रोह होस् वा २०४६को जनआन्दोलन महिलाहरू ठीक समयमा अगाडि आएका छन् ।

**महिलामा समस्या र अधिकारको सही दृष्टिकोण**

विश्व इतिहासमा महिलामाथिको उत्पीडन र त्यसबाट मुक्तिका बारेमा गम्भीर र वैज्ञानिक विश्लेषण साम्यवादका प्रवर्तक कार्लमार्क्सले गरेका थिए । मार्क्स स्वयम्ले मजदुरहरूको अन्तर्राष्ट्रिय संघको गठन पहल गरेर सन् १८६४ मा महिलाका समस्याहरू किटान गर्दै उनीहरूको अधिकारका लागि उद्घोष गरे । साम्यवादी घोषणापत्र लेखनमा मार्क्सका सहकर्मी फ्रेडरिक एंगेल्सले मातृसत्ताको पतन महिलाहरूको ऐतिहासिक पराजय भएको बताएका थिए । उनले त्यसपछि महिलालाई मनोरञ्जनको साधन, बच्चा जन्माउने मेसिन र पुरुषको दासको स्तरमा अवमूल्यन गरिएको विश्लेषण गरे । त्यसपछिका सबैजसो कम्युनिष्ट क्रान्ति एवम् तिनको नेतृत्वले महिला अधिकारको पक्षमा महत्वपूर्ण कदमहरू चालेका छन् । सन् १९१७मा रुसमा क्राति हुनेवित्तिकै महिलाहरूलाई पुरुष सरह अधिकार दिइएको थियो । भियतनामका कम्युनिष्ट नेता हो चि मिन्हले महिलालाई युद्धको 'पावरहाउस'को रुपमा व्याख्या गरेका छन् । विश्वका सबै समाजवादी क्रान्तिहरूमा महिलाको सहभागिता उल्लेखनीय छ । हरेक वर्ष मार्च ८ मा मनाइने श्रमिक महिला दिवस समाजवादी महिला नेतृहरूको संघर्षको प्रतिफल हो ।

**जनयुद्ध संघर्ष**

कम्युनिष्ट पार्टीहरूले वि.सं ३० को दशकदेखि महिलाहरूलाई संगठित रूपमा सक्रिय गराउने हेतु भिन्नै मोर्चा बनाएर सक्रिए गराए । २०४६ को परिवर्तनपछि महिलाहरूले आफ्नो अधिकारको संघर्षलाई थप व्यापक बनाए । त्यसका अरु धेरै मागहरूका अतिरिक्त पैतृक सम्पत्तिमा छोरासरह छोरीलाई अधिकार हुनुपर्ने एउटा प्रमुख माग थियो । २०५२ फागुन १ गते जनयुद्ध सुरु गर्नुअघि तत्कालीन राज्यपक्षलाई नेकपा (माओवादी)ले बुझाएको मागपत्रको महिलासम्बन्धी बुँदामा यस्तो थियो- 'महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनु पर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ ।'



जनयुद्धको तयारीको क्रममा भएका देशव्यापी आमसभा, विभिन्न जागरण अभियानहरू र साँस्कृतिक कार्यक्रमहरूमा हज्जारौं महिलाहरू परिचालित भए । नेकपा (माओवादी)ले योजनाबद्ध रूपमा महिलाहरूलाई आन्दोलनमा र युद्धमा परिचालन गर्ने योजना बनायो । २०५१ सालमा सो पार्टीको वैधानिक मोर्चा (संयुक्त जनमोर्चा)का अध्यक्ष पदमा महिला, पम्फा भुसाललाई मनोनित गरेर माओवादीले महिलाहरू पार्टी नै हाँक्न सक्षम भएको देखाइदियो । भुसाल सम्भवतः नेपालका कुनै राजनीतिक पार्टी (निर्वाचन आयोगमा संयुक्त जनमोर्चाका रूपमा दर्ता थियो)को प्रमुख बन्ने पहिलो महिला हुनुहुन्थ्यो । जनयुद्ध सुरु गर्नुअघि माओवादीले 'महिलाहरूमाथि पैतृक सम्पत्तिलगायतका आर्थिक, राजनीतिक र सामाजिक जीवनका सबै क्षेत्रमा रहेका सामन्ती पितृसत्तात्मक थिचोमिचो र भेदभाव एवं अन्धविश्वासका विरुद्ध समान अधिकार निम्ति संघर्षका नाराहरू तय गर्न दस्तावेजमै उल्लेख गरेको थियो ।

जनयुद्धको तयारीका लागि ग्रामीण भेगमा माओवादीले 'वर्गसंघर्षको अभ्यास' गर्न थालेपछि महिलाहरूले त्यसमा आफ्नो उपस्थिति देखाउन थालेका थिए । मध्यपश्चिम नेपालका विभिन्न जिल्लामा महिलाहरूले सैन्य तालिमहरूमा उत्साहपूर्वक भाग लिए र बन्दुक पड्काउने अभ्यास गरे । मध्यपूर्वको एउटा जिल्ला सिन्धुपाल्चोकको कुविण्डेमा एक जना शिक्षकलाई पक्रन गएका प्रहरीहरूलाई महिलाहरूले खेदिदिए र प्रतिरोधको एउटा इतिहास रचे । उक्त घटनापछि सो गाउँमा भएको व्यापक प्रहरी दमनमा महिला र केटाकेटीले सास्ती भोगे । दर्जनौं महिला महिनौं जेल परे तर एकजना पनि प्रहरी प्रशासनको अगाडि झुकेनन् । कुविण्डेमा महिलाको साहस र विभिन्न रुढीवादी संस्कारमा समेत परिवर्तन गर्न उनीहरूले देखाएको तत्परताका बारेमा एकजना कवि पुष्पकिरणले 'कुविण्डे र महिला' भन्ने शीर्षकमा लेखेको कविता यस्तो थियो -

*सुनको सिक्री नपाएर अचेल रुँदैनन् महिलाहरू*
*अब सहनशीलताको प्रतिमूर्तिहरू हैनन् महिलाहरू*
*अब आँशु होइनन् महिलाहरू*
*मासु, मुस्कान र चुरापोते होइनन् महिलाहरू*
*महिला त क्रान्ति हुन्, रणचण्डी र आगोका लप्का हुन्*
*स्वाधीन बन्ने चाहना*
*अब संग्राम हुन् महिलाहरू*
*मैले जुगल हिमाललाई सोधें- को हुन् महिलाहरू*
*जुगल मुस्कुराएर भन्छ-*
*प्यारा कमरेड हुन् महिलाहरू*
*हेर न ऊ 'सिन्धुपाल्चोक कुविण्डे !'*

**जनयुद्धमा सहभागिता**

२०५२ मा जनयुद्धको घोषणा गर्ने क्रममा १९ जनाको केन्द्रीय समितिमा एक जना केन्द्रीय सदस्य महिला थिइन् र पूर्णकालीन भएका करिब एक सयजना अगुवा कार्यकर्ताहरूमा एक दर्जनजति महिला थिए । जनयुद्ध घोषणा गर्ने आयोजित विभिन्न प्रहरी चौकीहरूमा कारवाहीको क्रममै महिला सहभागिता भएको थियो ।

जनयुद्ध अघि बढ्दै जाँदा सरकारी दमन र माओवादीको योजनाअनुसार महिलाहरू दिन प्रतिदिन जनयुद्धमा लामबद्ध हुँदै गए । खासगरी महिला र विद्यार्थी संगठनमा काम गरेका युवती पार्टीको योजनामा पूर्णकालीन हुन्थे । अन्य खासगरी पारिवारिक शोषणमा परेकाहरू थिए । कैयौं महिलाहरूले तिनका श्रीमान र परिवारविरुद्ध विद्रोह गरे र जनयुद्धको प्रक्रियामा हेलिए । प्रहरी वा सेनाबाट हत्या गरिएका पुरुषका श्रीमती, अभिभावक वा दाजुभाइ गुमाएका महिला पनि आफ्ना मान्छेकाको हत्याको बदला लिन जनयुद्धमा सहभागी भए । यो अभियानमा राजनीतिक रूपमा सचेत महिलाहरू मात्र होइन सबैभन्दा उत्पीडित क्षेत्रका जस्तै थारु तथा मधेसी, दलित एवं जनजाति समुदायबाट पनि उल्लेख्य उत्साह र सहभागिता थियो । त्यसका लागि सबैभन्दा उत्पीडित समुदाय केन्द्रित माओवादी नीति नै जिम्मेवार थियो । जनयुद्धमा संलग्न भएर दलित महिला मोर्चाको संयोजक र संविधानसभाको सभासदसम्म बन्न सफल सन्तोषी वि.क.को शब्दमा जनयुद्धलले शोषितहरूलाई शासक बनाइदिएको छ-

'रोल्पा जिल्लाको मसिना गाविसमा गरिब परिवारमा मेरो जन्म भएको हो । मेरो बुवा म १० वर्षको हुँदा नै बितुभयो । म मालेबाट कम्युनिष्ट राजनीतिमा संलग्न भएँ । २०४८ मा एमालेको पूर्णकालिन कार्यकर्ता भएँ । कम्युनिष्ट पार्टी वर्गीय, जातीय लैङ्गिक सबैखालका उत्पीडनका विरुद्ध लड्छ भन्ने विश्वास थियो तर एमालेले त्यो पूरा गर्न सकेन । नौमहिने शासनकालमा एमालेले आफ्नो आदर्श त्याग्यो । २०५२ सालमा माओवादीले सबैखालका उत्पीडनको अन्त्यको लागि जनयुद्ध सुरु गरेपछि त्यसप्रति आकर्षित भएँ । २०५४ मा माओवादीको पूर्णकालीन कार्यकर्ता नै बने । सशस्त्र क्रान्तिबाट मात्र सबैखालका उत्पीडन अन्त्य गर्न सकन्छि भन्ने विश्वास थियो । रोल्पामा माओवादीको भावले प्रभावित पार्ने त भइहाल्यो । २०५५ मा काठमाडौंमा भएको दलितहरूको राष्ट्रिय भेलापछि म दलित राष्ट्रिय मुक्ति मोर्चाको संयोजकत्वमा चुनिएँ ।

जनयुद्धका क्रममा विभिन्न भूमिका निर्वाह गरें । २०६४ मा राष्ट्रिय दलित आयोगको सदस्य भएँ । २०६५ वैशाखमा पार्टीले मलाई संविधानसभा सदस्यमा मनोनित गऱ्यो । मलाई जीवनमा नीतिनिर्माण गर्ने उच्च तहमा पुग्छु भन्ने त लागेको थिएन तर आवश्यक परे बलिदान दिने र युद्ध विजयी भएमा स्वतन्त्रता प्राप्त हुने विश्वासमा जनयुद्धमा हेलिएको थिएँ । जनयुद्धले समाजका सबैभन्दा हेपिएका र उत्पीडनमा परेकालाई पहिचानको अवसर दियो, राजनीतिक चेतना भरिदियो र आफ्नो अधिकारका लागि विद्रोह गर्न सिकायो । जनयुद्ध नभएको भए दलित आन्दोलनले यति ठूलो विकास गर्नै सम्भव थिएन । जनयुद्धले शोषितहरूलाई शासक बनाइदियो ।'

माओवादी जनयुद्ध यति व्यापक विस्तार हुन र महिलाहरूको सहभागिता सुनिश्चित हुनका लागि माओवादीको महिलाहरूप्रतिको वैज्ञानिक दृष्टिकोण, नीति र व्यवहार नै जिम्मेवार थियो । पुँजीवादीहरू जस्तो कम्युनिष्टहरू महिलालाई वस्तु र मनोरञ्जनको साधनका रूपमा व्यवहार गर्दैनन् बरु उनीहरूलाई जीवनका सबै आयामहरूमा समान हिस्सेदार ठान्छन् । माओवादीको यस्तै नीति मन पराएर शिक्षा, सम्पत्ति र अवसरको मौका छोडेर 'उत्पीडित जनताको मुक्ति'को उद्देश्य बोकी सयौं 'हुनेखाने' परिवार र वर्गका युवती पनि जनयुद्धमा होमिए ।

माओवादी जनयुद्धमा संलग्न भएका महिलाहरूमा अधिकांश किशोरीहरू तथा युवती थिए । यसो हुन किन पनि स्वभाविक थियो भने युवा नै बढी विद्रोही र परिवर्तनमुखी हुन्छन् । त्यसैगरी बिहेवारी गरेर 'घर बसाइसकेका' महिलालाई परिवार सन्तान छाडेर हिंड्न त्यति सजिलो कुरा हुँदैन जति अविवाहित युवती वा किशोरीहरूलाई हुन्छ । जनयुद्धमा सहादत प्राप्त गरेका महिलाहरूको जीवनी समेटेर अखिल नेपाल महिला संघ (क्रान्तिकारी)ले २०६२ चैतमा प्रकाशित गरेको 'महिला सहिद गाथा' नामक पुस्तक हेर्दा अधिकांश महिलाहरू वि.सं. ३० को दशकको उत्तरार्ध र ४० को पूर्वार्धमा जन्मिएका थिए जो १८ देखि २५ वर्षभित्रका थिए ।

**जनसेना महिला**

माओवादी जनयुद्धमा महिलाको सहभागिताको प्रभाव त्यसको सैन्य संगठनमा पनि पर्नु स्वाभाविकै थियो । नेपालको पुरानै राज्यव्यवस्थाको सैन्य संरचनामा स्वास्थ्यकर्मी र कार्यालय सहयोगीबाहेक लड्ने मोर्चामा महिलालाई भर्ती लिइन्नथ्यो । त्यसकारण औपचारिक रूपमा महिलालाई सैन्य संरचनामा समावेश गर्ने नीति नेपालमा माओवादीले लियो । माथि उल्लेख गरिएजस्तै जनयुद्धअघिदेखि नै प्रतिरोध र सैन्य कारवाहीमा महिला सहभागी भए । पछि लडाकू दल र छापामार दलहरूमा महिला सदस्य तथा नेता हुँदै गए । माओवादी जनयुद्धभरि सैन्य क्षेत्रमा जिम्मेवारी निर्वाह गरेका जनसेनाका कमाण्डर नन्द किशोर पुन 'पासाङ'द्वारा लिखित 'इतिहासका रक्तिम पाइला' पुस्तकमा केही प्रतिनिधिमूलक कारवाहीमा कति महिला सहभागी थिए भन्ने उल्लेख गरिएको छ ।

पासाङका अनुसार २०५६ को वैशाखमा रोल्पाको जेलवाङ गाविसमा रहेको दङ्गा प्रहरीको बेस क्याम्पमा आक्रमण गर्दा ६ जना महिला एसल्टमा थिए भने रुकुमको तकसेरामा सोही सालको चैतमा कारवाही गर्दा २१ जना थिए । उता जाजरकोटको पाँचकटियमा आक्रमण गर्दा २५ जना महिला सहभागी थिए । २०५८ मंसिरमा दाङको सदरमुकाम घोराहीमा आक्रमण गर्दा ६८ जना महिला एसल्टमा खटिएका थिए ।

२०५८ कार्तिकमा माओवादीले देशभरिका छापामार प्रतिनिधिहरूको केन्द्रीय भेलाले आयोजना गऱ्यो र औपचारिक रूपमा जनमुक्ति सेना, नेपाल गठन गऱ्यो । सो केन्द्रीय भेलामा २० प्रतिशत जति महिला थिए । भेलापछि औपचारिक रूपमा बनेको सैन्य संरचनामा केही महिलाहरूले प्लाटुन कमाण्डर र कमिसारको जिम्मेवारी पाए । विस्तारै महिलाहरू माथिल्लो ओहदामा पुग्दै गए । २०६२ को उत्तरार्धतिर महिलाहरू ब्रिगेड कमिसार र ब्रिगेड भाइस कमाण्डरसम्म बन्न सफल भएका थिए । २०६३ मंसिर ५ मा काठमाडौंमा शान्तिसम्झौता हुँदै गर्दा देशभरिका जनसेना अस्थायी शिविरमा जम्मा भए । केही महिनापछि तिनको दर्ता हुँदा करिब ३० प्रतिशत महिला थिए । २०५८ पछि जनसेनामा महिलाहरूको अनुपात ३०-३५ प्रतिशतका बीचमा रहिरह्यो । २०६३ वैशाखमा शान्तिप्रक्रियामा आएपछि धेरै महिलाहरूको जनसेनाको जिम्मेवारीबाट राजनीतिक जिम्मेवारी लिए ।

**साहस र कीर्तिमान**

सामान्यतया महिलालाई कोमलता र अबलाका रूपमा लिने गरिन्छ । तर, माओवादी जनयुद्धमा यो सही होइन भन्ने पुष्टि भयो । जनयुद्धमा महिलाहरूको उल्लेखनीय सहभागिता नै आफैमा साहस थियो र कीर्तिमान पनि । अबला भनिएका महिलाहरू संघर्षको मैदानमा जुटे, सैन्य कारबाहीहरूको अग्रमोर्चामा रहेर लडेर बलिदान दिए । जनयुद्धअघि सिन्धुपाल्चोकको कुविण्डेमा महिलाहरूले देखाएको साहसको जगमा जनयुद्ध अवधिभर कीर्तिमान थपिदै गयो । जनयुद्धमा सबैभन्दा पहिलो माओवादीले कब्जा गर्न सफल बेथान प्रहरी चौकी आक्रमणका क्रममा मारिएका तीनजना माओवादीमध्ये एकजना महिला (दिलमाया तामाङ) थिइन् । जनयुद्धको अवधिमा महिलाहरूले पुरुषभन्दा कम कायरता देखाए र हातमा गन्न मिल्नेले मात्र आत्मसमर्पण गरे । ग्रामीण भेगमा महिलाहरूले त अद्भुत साहस देखाए । ती झुक्दै झुकेनन् । तिनीहरूले बलात्कार सहे, यौन दुर्व्यवहार पचाए र त्यसको बदला लिन युद्धमा हाम फाले वा युद्धलाई सघाए ।

२०५४ को चैत्रमा कालिकोटको मालकोट गाउँमा अपरेशनका लागि गएको प्रहरीको टोलीले महिलालाई दुर्व्यवहार गर्न थालेपछि महिलाहरूले त्यसको प्रतिकार गरे र प्रहरीलाई खेदे । महिलाको खेदाइमा केही प्रहरी भीरबाट लडेर मरे । महिलाले तिनका राइफल कब्जा गरे र माओवादीलाई बुझाइदिए । तर दुर्गम कालिकोटको उक्त अद्वितीय घटनाले त्यति राम्रो प्रचारप्रसार भने पाएन । तर त्यो घटना नेपालका ग्रामीण भेग र दुर्गम क्षेत्रका महिलाहरूको साहसको परिचय थियो ।

माथि चर्चा गरिएजस्तै जनसेनामा लामबद्ध भएर २० हजारभन्दा बढी महिलाले युद्ध लडे । लडाइँमा पनि अग्रमोर्चामा पुगेर तिनले प्रहरी र सेनालाई पराजित गरिदिए । यो आफैमा कीर्तिमान थियो । युद्धमा सबैभन्दा बढी पीडित महिला र केटाकेटी नै हुन्छन् । यो सार्वभौम यथार्थ हो । नेपालको जनयुद्ध त्यसको अपवाद हुन सक्दैन्थ्यो । जनयुद्धको क्रममा झण्डै चार हजार विधवा भए । हजारौं गिरफ्तार भए र सयौं अझै बेपत्ता छन् । जनयुद्धमा ज्यान गुमाउनेमध्ये नौजना माओवादीको भगिनी मोर्चा अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को केन्द्रीय पदमा बहाल रहेकै अवस्थामा मारिएका थिए । जनयुद्ध अवधिभरमा झण्डै २५ सय महिलाले आफ्नो जीवन गुमाए ।

महिलाका साहसका कथा यतिमै सकिँदैनन् । जनयुद्धको अवधिमा महिलाहरू संगठित रूपमा जेल तोडेर बाहिर निस्कन सफल भए । २०५७ सालमा गोरखा जिल्लाको सदरमुकाम गोरखा बजारमा रहेको कारागारमा बन्दी रहेका बेला उमा भुजेल, मीना मरहठा, कल्पना नर्हकी, रिता विक, एञ्जिला विक र सज्जु अर्यालले जेलभित्रबाट बाहिरसम्म निकास हुने गरी सुरुङ खनेर स्वतःस्फूर्त रूपमा जेल तोडेर बाहिर निस्केका थिए । सम्भवतः संगठित रूपमा महिलाहरूले जेल तोडेको विश्वकै अति विरलाकोटी घटना हो यो । यसले जनयुद्धको अवधिमा महिलाको परिचयलाई बदल्न ठूलो भूमिका खेल्यो । जेल तोडेर निस्किएकामध्ये दुई जना मिना मरहठ्ठा र एञ्जिला विक पछि जनयुद्धको क्रममा सरकारी फौजबाट मारिए ।

**१० वर्षपछिको परिवर्तन**

राजनीतिक आन्दोलन र क्रान्तिमा महिलाको उत्साहजनक सहभागिता आफैमा एउटा उपलब्धि हो । महिलाहरूले देखाएको रणकौशल, लगनशीलता, साहस बलिदान पनि एक उपलब्धि हो । महिलाहरूले उनीहरूमाथि लाग्दै आएको अबला र कायरको आरोपलाई असत्य सावित गरिदिए र महिलाको छुट्टै पहिचान बनाए । हुन त यो समयको पनि प्रभाव थियो, तर जनयुद्धमा महिलाको सहभागिताले कैयन अन्धविश्वासपूर्ण परम्पराको अन्त्य भयो । महिलाहरूको लवाइ खुवाइ, भेषभूषा, चुरापोते एवम् अन्य अवैज्ञानिक परम्पराको परिवर्तन भयो । यसले खासगरी ग्रामीण भेगमा तीव्र उथलपुथल ल्याइदियो । उदाहरणका लागि ग्रामीण भेगका महिलाको भेषभूषाकै कुरा गर्दा पनि लुङ्गी, चोलो, फरियाजस्ता अप्ठ्यारा पहिरनहरूको सट्टा कुर्ता सलवार, सर्ट पाइन्ट नै लगाउन थाले जो सजिला र सुरक्षित थिए ।

साथसाथै उनीहरूको आत्मविश्वासमा पनि बढोत्तरी भयो । गाउँका महिलामा देखिएको आत्मविश्वास, राजनीतिक चेतना र साहस देखेर शहर एवम विदेशबाट गएका संचारकर्मी तथा बुद्धिजीवीहरू दंग पर्थे । त्यसैगरी विभिन्न संस्कारहरूमा पनि परिवर्तन हुँदै गइरहेको थियो । ग्रामीण भेगमा श्रीमान मारिएपछि जिन्दगीभर सेतो वस्त्र लगाएर बस्ने महिलाविरोधी परम्पराको ...बाँकी ८ पेजमा

# छपकैया बुझाउनेलाई यो देशमा चिहान पनि दिनुहुन्न

❑ **घननाथ सापकोटा (विकास)**

नेपालमा विदेशी हस्तक्षेप र प्रत्यक्ष सीमा अतिक्रमणका घटना नयाँ होइन । दक्षिणी छिमेकी मुलुक भारतको तुलनामा उत्तरी छिमेकी मुलुक चीनबाट नेपालमाथिको हस्तक्षेप नगण्य छ । आजभन्दा दुई वर्ष अगाडि भारत र चीन मिलेर नेपाललाई कुनै जानकारी नदिइकन नेपाली भूमि लिपुलेकबाट दुई देशको नाका खोल्ने र सडक मार्ग बनाउने सहमति गरे । यो नेपालमाथिको नाङ्गो हस्तक्षेप हो । भर्खर मात्र २०७४ साल माघ महिनाको पहिलो हप्तामा नेपाल र भारतको सरकारीस्तरको सीमा अद्यावधि टोलीबाट सिमास्तम्भ निर्माण तथा मर्मत गर्ने सिलसिलामा नेपालको वीरगञ्ज महानगरपालिकाको वार्ड नं. १ छपकैया भन्ने ठाउँमा नेपाली नागरिकको नाममा नापी नक्सा लालपुर्जा भएको लगभग ५० विघा नेपाली जमिन भारततिर पार्ने काम गरिएको छ । गत वर्ष २०७३ सालमा कञ्चनपुरको पुनर्वास नगरपालिकामा भारतद्वारा नेपाली भूमि मिच्ने काम भयो । मातृभूमिको रक्षाको निम्ति लड्दालड्दै भारतीय सुरक्षाकर्मीद्वारा गोली हानी गोविन्द गौतमको हत्या गरियो । आफ्नो मातृभूमि रक्षार्थ लड्दा लड्दै सप्तरी तिलाठीमा देवनारायण यादवको टाउको फुटाइएको छ । भारतीय सुरक्षाकर्मीद्वारा गिरफतार गर्ने र जेला हाल्ने काम गरिएको छ । पूर्वको पशुपति नगरदेखि पश्चिमको कञ्चनपुरसम्म सयौं ठाउँमा भारतले सीमा मिच्ने काम गरेको छ । हजारौ विघा जमिन आफ्नो पोल्टामा परेको छ । यो विषय सिमाविद्, देशभक्तहरूले प्रमाणसहित स्पष्ट पाने काम गरेका छन् । बोलेका बोल्यै छन् । २०४५ सालमा साविक माडी वघौडा गा.वि.स. वार्ड नं. ४ हाल माडी नगरपालिका वार्ड नं. २ शितलपुरको घोसरी भन्ने ठाउँ सोमेश्वर पहाडको ४६ नं. को सिमापिल्लर भारतको तर्फबाट उखेलेर फालियो र २०५५ सालमा भारत र नेपालमा सिमा अद्यावधि टोलीबाट उक्त ४६ नं. सिमा पिल्लरलाई २ कि.मि. नेपालतर्फ सार्ने काम गरियो । तत्कालीन समयमा शितलपुर निवासी नेत्रनारायण ढकाल सीमा मिचिएको विषयलाई लिएर गाउँभरि रोइकराई सारा गाउँवासीलाई जानकारी गराए । त्यसो गरे वापत उनलाई पुलिस वारेण्ट जारी गरियो र कारवाही गर्ने काम भयो । यसरी माडीको सोमेश्वरमा २ कि.मि. नेपाली भूमि भारतद्वारा अतिक्रमण गरिएको छ । माडी नगरपालिका साविक वघौडा गा.वि.स. वार्ड नं ८ को कालिको स्थान जुन नेपालीहरूको पुजाआजा गर्ने धार्मिकस्थल पनि हो । उक्त ठाउँलाई पनि भारतले अक्रिमण गरेको छ । २०६९ सालमा पर्सा जिल्लाको ठोरीमा नेपालको पानीको मुहान भारतीयबाट कब्जा गर्न खोजियो । उक्त पानीको मुहानको रक्षार्थ ोरीवासी नेपाली जनता र सुरक्षाकर्मीको भारतीयबाट टाउको फोर्ने काम गरिएको छ । नेपाल कै ठुटै खोलामा पुल बनाउन रोक लगाएर समस्या श्रृजना गरेको छ । नेपाली भूमिबाट बिजुलीको तार तान्न नदिएर लामो समय ठोरीको दुई गा.वि.स.लाई अँध्यारोमा राखियो । हाल अर्को ठाउँबाट तार तानेर बत्ति बाल्ने काम भएको छ । यसरी छिमेकी देश भारतबाट हाम्रो नेपालमा यी आर्थिक, राजनैतिक, साँस्कृतिक र भौगोलिक हस्तक्षेप हिजोभन्दा आज झन्झन् बढेर गएको स्पष्टै देखिएको छ । कतिपय हस्तक्षेपहरू अप्रत्याक्ष रूपमा गरिएको हुन्छ । त्यो सबै सर्वसाधारण जनताले थाहा पाउन गाऱ्हो पर्दछ वा समय लाग्छ कतिपय हस्तक्षेप सर्वसाधारण जनताले सजिलै थाहा पाउन सकिन्छ । सबै नेपाली जनताले थाहा पाउने गरेर भारतले नेपालको भूमि र प्राकृतिक सम्पदामाथि अतिक्रमण गरेको गऱ्यै छ । यसप्रकारका अतिक्रमण एउटा दुई देशका शासकको सहमतिमा हुन्छ अर्को भारतले एकतर्फी रूपमा गर्दछ । कतिपय अवस्थामा दुई देशको सहमतिमा नेपालको भू-भाग र प्राकृतिक सम्पदा भारतलाई बुझाइएको छ । प्रायः नेपालमा राजनैतिक पार्टीका नेताहरू सत्तामा पुगेपछि कुनै न कुनै नेपालको भूभाग तथा प्राकृतिक सम्पदा भारतलाई बुझाएकै छन् । पूर्वको कोशी नदी मातृका प्रसाद कोइराला सत्तामा पुगेको बेलामा भारतलाई भेटी चढाए । विश्वेस्वर प्रसाद कोइराला प्रधानमन्त्री बनेको समयमा नारायणी नदी भारतलाई बुझाए । महाकाली नदी खड्गप्रसाद ओलीको योजना र सहमतिमा गिरीजा प्रसाद कोइरालाले बुझाए । कर्णाली नदी शुशिल कोइरालाले बुझाए । डा.बाबुराम भट्टराईले राष्ट्रघाती विप्पा सम्झौता गरेर देशलाई जुवा खेलें भन्न पछाडि परेनन् । प्रचण्डले दोश्रो प्रधानमन्त्री कालमा नेपाल र भारतको परराष्ट्र निति र सुरक्षा निति एउटै हुने लगायत २५ बुँदे राष्ट्रघाती सम्झौता गरेर आए । जुन सम्झौता लागु भएको खण्डमा नेपाल सिक्किमीकरण हुने पक्का पक्की छ । यसरी हेर्दा हाम्रो देश नेपालमा भारतको नेपाल माथिको हस्तक्षेप जङ्गबहादुरको पालादेखि आजसम्म कायमै छ । नेपालका नेताहरू सत्तामा पुग्न र सत्तामा टिक्नको लागि भारतको आर्शिवाद वेगर सम्भव छैन । यसकारण सत्तामा पुग्न र त्यो पद जोगाउन नेपालका नेताहरूले देशको प्राकृतिक सम्पदा केहि न केहि भारतलाई भेटी स्वरूप बुझाउनै पर्दछ । आजसम्मको तथ्यले त्यहि देखाएको छ । नेपाली आमाको छातिबाट सहस्रधारा दुधरूपी पानी नेपाली छोराछोरीले छुन पनि नपाउने, नेपाली भूमि सारा सुख्खा छ । सबै पानी भारतलाई बुझाइएको छ । उसैको कब्जामा छ । उसले नै उपभोग गरेको छ । भारतमा प्रधानमन्त्री मोदीले खड्ग प्रसाद ओलीलाई स्वागत गर्न आतुर छु भनेका छन् । यसका पछाडिको रहस्य के छ ? संसारका थुप्रै मुलुकमा प्रधानमन्त्री बन्ने क्रम जारी छ । मोदीले नेपालका प्रधानमन्त्रीलाई स्वागत गर्न आतुर हुनाको पछाडिको स्वार्थ भनेको दिल्ली दरबारमा रातो कार्पेट ओछ्याएर स्वागत गर्ने त्यसपछि नेपालको कुनै न कुनै प्राकृतिक सम्पदा हात लगाउने र एक दिन सिङ्गो नेपालको राष्ट्रियता नै समाप्त पारेर भारतमा विलय गराउने खेल उसले चलेको छ । नेपालमा नयाँ प्रधानमन्त्री नियुक्ति हुँदा नेपाली जनता त्राहिमाम हुनुपर्दछ किन भने अब देशको कुन भूभाग गायब हुने हो भनेर यसरी नेपालका शासक र भारतको द्विपक्षीय सहमतिबाटै नेपालको राष्ट्रियता माथि भारतको हस्तक्षेप बढ्दै गएको छ । भर्खर मात्रै वीरजञ्ज महा-नगरपालिका वार्ड नं. १ छपकैया भन्ने ठाउँमा नेपाल र भारतको सिमा अद्यावधि टोलीको रोहबरमा नेपालीहरूको नाममा नाप नक्सा लाल पुर्जा भएको ५० विघा नेपाली भूमि भारततिर पर्ने गरेर सिमास्तम्भ सारिएको छ । यो राष्ट्रघाती काम नेपाल सरकारकै योजनामै भएको प्रस्टै बुझ्न सकिन्छ । त्यहाँ नेपाल सरकार कै कर्मचारीको रोहवरमा सिमास्तम्भ सारिएको छ । सरकारको निर्देशन नपाइकन कर्मचारीले मात्र यति ठूलो राष्ट्रघाती काम कसैगरे पनि गर्न सक्ने थिएनन् । चाहे लिपुलेकको विषय होस् चाहे कञ्चनपुरको पुनर्वास नगरपालिकाको गोविन्द गौतमको हत्याको विषय होस् चाहे सप्तरीको तिलाठीको विषय होस् या कोशी बाँधको ढोका न खोलेर सारा नेपाली भूमि डुबान हुँदा या नेपालको पुर्व मेचीदेखी पश्चिम महाकालीसम्म सीमा अतिक्रमणका साथै अन्तरष्ट्रिय कानुन मिचेर सीमामा बाँध बाँधेर नेपाली भूमि डुबान पार्दा होस् तथा नेपालमाथि नाकाबन्दी लगाउँदा होस् या नेपालीहरू भारतमा मजदुरी गरेर सीमामा लुटिँदा किन नहोस् नेपालका शासकहरू कोही एकले एक शब्द पनि बोलेका छैनन् र बोल्दैनन् । यति ठूलो भारतले नेपालमाथि अन्यायपूर्ण हस्तक्षेप गर्दा नेपालका नेताहरू किन बोल्दैनन् ? यसको मुख्य कारण ठूला मालिक रिसायो भने उसको आर्शिवाद विना न त सत्तामा पुग्न सकिन्छ न त प्राप्त गरेको सत्ता चिर स्थायी हुन्छ । नेपालको सिंहदरबारको सत्ताको रिमोट दिल्ली दरबारमा छ । यसैकारण नेपालका शासकहरूले सत्ता र भत्ताको लागि नेपालको अस्मिता भारतलाई बुझाउन प्रतिस्पर्धा चलेको छ । यसरी भारतले कतिपय नेपालका शासकहरूको सहमतिमै नेपालको भू-भाग र प्राकृतिक सम्पदा आफ्नो हातमा पारेको छ । कति उसले एकलौटी मिचाहा तरिकाबाट लुटिरहेको छ । यी यावत समस्याहरूलाई लिएर नेपालका शासकहरूले भारतसँग कुटनैतिक वार्ता छलफल गरेर आफ्नो देशको सार्वभौमकिता मजबुत बनाउने कर्तब्य हुनु पर्दथ्यो । पञ्चशीलको आधारमा भारत र नेपालको सम्बन्ध समदुरी सौहार्दतापुर्ण कायम गर्नु पर्दथ्यो । यदि त्यसो हुन नसके यसलाई अन्तर्राष्ट्रियकरण गरेर स्वतन्त्र सार्वभौम देश नेपालको रक्षा गर्नु सम्पूर्ण देशमा शासक तथा जनताको कर्तब्य तथा जिम्मेवारी हुन आउथ्यो । नेपालमा त्यस्तो छैन । नेपाली जनताहरू आफ्नो मातृभूमि प्रति विदेशी बुटले कुल्चँदा रोएका छन्, कराएका छन् लडेका छन्, देशको लागि प्राण दिएका छन् तर शासक भने राष्ट्रियताको लागि एक शब्द पनि बोलेका छैनन् ।रोम जलिरहेछ निरो बाँसुरी बजाइरहेछ बीर बलभद्र, अमरसिंह थापा, भक्ति थापा, भिमसेन थापा जस्ता देशभक्तहरूले पानीको भरमा लडेर बचाएको देश हो नेपाल । एकपटक बेलायती सेनाको कमाण्डर जनरल अक्टरलोनीले "मलाई संसारका कुनै पनि देशका सेनासँग डर लाग्दैन तर गोर्खाली सेनाको नाम सुन्ने वित्तिकै मेरो मुटु थर्कन्छ" भनेका थिए । यसैकारणले हालसम्म पनि संसारभरि नेपालीको शिर उँचो छ । एकपटक तिनै बेलायती सेनाका कमाण्डरले बीर अमरसिंह थापालाई "तिमीलाई चाहेको चिज सबै दिन्छु, आउ हामीसँग आत्म सर्मपण गर" भन्दा जवाफमा अमरसिंह थापाले "म सिनो खाने कुकुर होइन, बाघको बच्चा डमरु हुँ" भनेर बेलायती सेनाको कमाण्डरलाई थुकिदिएका थिए । तर आजका नेपालका संसदिय पार्टीका नेताहरू सत्ता र भत्ताको लागि सिनो खान तैयार छन् । भारत जसरी गोमन सर्पले भ्यागुता निल्न फंणा उठाएझैं नेपाललाई निल्न फंणा उठाईरहेको छ । नेपालका नेताहरू छोरीका बाबुले छोरीको औला समातेर दुलाहालाई सुम्पदाझै नेपाल देश भारतलाई सुम्पन खोज्दै छन् । भारत सौहार्दपूर्ण रूपमा ग्रहण गर्न आतुर छ । दुबैको स्वार्थ मिलेको छ । यदि यसो होइन भने सुस्ता कहाँ गयो ? माडीको २ कि.मी. भूमि कहाँ गयो ? लिपुलेक कहाँ गयो ? छपकैयाको ५० विगाहा जमिन कहाँ गयो ? गोविन्द गौतम कहाँ गए ? लिपुलेक कहाँ गयो ? सप्तरी र ठोरीमा जनताको टाउको किन फोरीयो ? कोशी, गण्डकी, कर्णाली, महाकाली कहाँ गयो ? भृकुटी कागज कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, हरिसिद्धि इट्टाटायल कारखाना लगायत राष्ट्रिय उद्योग धन्दाहरू कहाँ गए ? यसको जवाफ शासकहरूसँग छ ? कुनै संसदीय पार्टीका नेता तथा शासहरूले मुख खोलेका छन् ? अहँ छैनन् । यसकारण सवै देशभक्त नेपाली जनता जागा हुनु पऱ्यो र आफ्नो मातृभूमि रक्षाको लागि जस्तोसुकै चुनौतीको समाना गरेर अगाडि बढ्न पऱ्यो । हाम्रो मातृभूमि प्रतिघात गर्ने देश विदेशी शक्तिलाई धुलो चटाउनु पर्दछ । यो देशमा चिहान पनि दिनुहुन्न । यसरी मात्र सच्चा नेपाली आमाको छोरा-छोरीको पहिचान दिन सकिन्छ । अझ अगाडि भन्नु पर्दा परिवर्तनकामी नेपाली जनताको सचेतनापूर्वक बल प्रयोगको सिद्धान्तबाट प्राप्त हुने समाजवादी व्यवस्थामा मात्र देशको राष्ट्रिय स्वाधिनता पूर्ण रूपमा सुरक्षित हुन्छ । *चितवन माडी २०७४/११/०८*

# सन् १९५० को सन्धि संशोधन होइन, खारेज गरिनुपर्ने

**साबिक १९५० को सन्धिको बदला सन् १९७८ मा व्यापार, पारवहन र अनधिकृत व्यापार नियन्त्रण गरी तीन सन्धिसम्झौता भए । यसमध्ये व्यापार नियन्त्रण दुवै सन्धिमा 'पाँच वर्षको अवधिका निम्ति बहाल रहनेछ' भन्ने उल्लेख गरियो भने पारवहन सन्धिमा 'एक पटकमा अर्को सात वर्षका निम्ति नवीकरण गर्न सकिनेछ' भनिएको छ ।**



● बुद्धिनारायण श्रेष्ठ ●

दुई वर्षे कार्यकालका लागि ०७३ असारमा गठित 'प्रबुद्ध व्यक्ति समूह' को सातौं बैठक भर्खरै काठमाडौंमा भयो । बैठकमा सन् १९५० को सन्धि खारेज, पुनरावलोकन या नयाँ सम्झौताका विकल्प र अन्य दुईपक्षीय सम्झौता र सहमतिका विषयका साथै दुईपक्षीय तथा तेस्रो मुलुकसँग हुने व्यापार पारवहन, जलस्रोत, पानीको उपयोग, सीमा नियमन, प्राकृतिक स्रोत तथा वातावरणलगायत दर्जनौं विषयमा छलफल भयो ।

छलफलमा भारतीय पक्षले सुरक्षा, सीमा नियमन, विमानस्थल सुरक्षा संयन्त्र तथा प्राकृतिक प्रकोप सुरक्षालगायत विषयमा चासो राखेको र नेपालले भारतको संवेदनशीलतालाई ध्यानमा राखेर सन्धिको धारा २, ५, ६ र ७ का विषयमा नेपाललाई समस्या नहुने गरी बीचको बाटो उपयोग गरी प्रतिवेदन तयार गर्ने कुरा सञ्चार माध्यममा आएको छ । समाचारअनुसार भारततर्फका संयोजक भगतसिंह कोसियारीले नयाँदिल्लीमा बस्ने आठौं तथा अन्तिम बैठकमा प्रतिवेदनलाई अन्तिम रूप दिइने बताएका छन् । चार महिनाभित्र दुवै देशका सरोकारवालाका लागि सर्वस्वीकार्य हुने प्रतिवेदन तयार हुने उनको भनाइ छ ।

सञ्चारमाध्यममा आएअनुसार इपिजीको अहिलेसम्म भएको छलफलको विषयवस्तु १९५० को सन्धिका केही धारा संशोधन गर्न लागिएको बुझिन्छ । तर सन्धिको धारा १० गहनतम तरिकाले अध्ययन गरी विश्लेषण गर्दा सन्धि संशोधन गर्ने प्रावधान नै देखिँदैन । यसबारे केही पछि जिकिर गरिनेछ । यसभन्दा अघि समूहले संशोधन गर्न खोजेको माथि उल्लिखित धाराहरूबारे छोटकरी विश्लेषण गरौं । मूलतः यीमध्ये केही धारा भारतले लागू गरेको छैन भने अन्य केही धारा नेपालले बेवास्ता गरेको पाइन्छ ।

**कामयाव नभएका धारा**

धारा-२ मा दुवै सरकारको कुनै छिमेकीसग गम्भीर खटपट या विवाद उत्पन्न भए एकअर्कालाई जानकारी दिने प्रतिबद्धता उल्लेख छ । पत्राचारको बुँदा १ मा कुनै विदेशी धम्कीको सामना गर्न दुवै सरकारबीचको परामर्शद्वारा प्रभावकारी कदम उठाइनेछ भन्ने लेखिएको छ । तर यो धारा भारतले पालना गरेको पाइँदैन । उदाहरणार्थ, सन् १९५६ मा भारत-पाकिस्तान तथा १९६२ मा भारत-चीन सीमायुद्ध हुँदा भारतले नेपाललाई जानकारी दिने कष्ट उठाएन । नेपालले पनि सन्धिअनुसार भारतलाई जानकारी माग्ने धृष्टता राखेन । सन्धिको धारा-५ र पत्राचारको बुँदा २ मा हातहतियार, विस्फोटक पदार्थ या गोलीगट्ठा, कलपुर्जा आदि भारत सरकारको सहायता र सहमतिअनुसार भारतीय भूभाग भएर आयात गर्नुपर्नेछ, भारतको सहमति लिनुपर्नेछ भनी बन्देज लगाइएको छ । तर नेपालले यस बन्देजलाई बेवास्ता गर्दै बेल्जियम तथा चीनबाट सोझै आयात गरेका उदाहरण छन् ।

यस्तै, सन्धिको धारा- ६ र पत्राचारको बुँदा ४ तथा ५ मा औद्योगिक परियोजनाका लागि विदेशी सहयोग लिने निर्णय गरे भारत सरकार वा उसका नागरिकलाई पहिलो प्राथमिकता दिने र सुरक्षामा प्रतिकूल प्रभाव पार्ने देखिए कुनै पनि विदेशी नागरिकलाई नियुक्ति नगर्ने उल्लेख छ । तर नेपालले भारतीयलाई प्राथमिकता दिन छाडीसक्षम अन्य विदेशी नागरिकलाई पनि काम लगाएको छ । धारा-७ मा एकअर्को देशका नागरिकलाई आआफ्नो भूभागमा बसोबास तथा सम्पत्तिको भोगचलन गर्ने, उद्योग र व्यापारिक कारोबारमा भाग लिने, डुलफिर गर्ने कुरामा समान आधारमा विशेषाधिकार प्रदान गर्ने उल्लेख छ । तर नेपालले भारतीय नागरिकलाई नेपालमा जग्गा किनबेच गर्न बन्देज लगाएको छ । नेपालीले भने भारतमा पाउँछन् । यसै धाराअन्तर्गत दुई देशका जनता पारस्परिक आधारमा एकअर्को देशमा समान तरिकाले आवतजावत गर्ने लेखिएको भए पनि भारतले कतिपय सीमा-नाकामा स्वविवेकीय व्यवस्था अपनाएको छ । यद्यपि दुवै देशका जनताका लागि खुला सीमा व्यवस्था अपनाइएको बुँदा यस सन्धि तथा अन्य कुनै सन्धि, सम्झौता तथा समझदारीपत्रमा उल्लेख गरिएका छैनन् । यसरी धारा, उपधारा कामयाव नभई सन्धि छियाछिया परेको छ । विकलांग भइसकेको सन्धिलाई बैसाखी टेकाई हिँडाउनु प्रबुद्ध व्यक्तिको बुद्धिमानी ठहर्रिदैन ।

यसबाहेक धारा १ र ८ पनि कामयाव हुन सकेका छैनन् । धारा-१ मा नेपाल र भारतले एकअर्काको पूर्ण प्रभुसत्ता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताप्रति सम्मान गर्छन् भनिएको छ । तर व्यवहारमा भारतले नेपालको विभिन्न क्षेत्रको भूमि अतिक्रमण तथा मिचान गरी खण्डतामा परिणत गर्न खोज्दै सन्धिलाई लत्याएको देखिन्छ । धारा-८ मा 'यो सन्धिले नेपाल र ब्रिटिस भारतबीच भएका सबै सन्धि, सम्झौता, प्रतिज्ञापत्रलाई खारेज गरेको छ' भन्ने उल्लेख गरिएको छ । तर यो कार्यान्वयनमा आएको छैन । यो धारा लागू गरिएको भए नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा कांगडा कायम रहने थियो । मूलतस् धारा-१० मा कुनै एक मुलुकले एक वर्षको म्याद दिएर सन्धि रद्द गर्न सक्ने प्रावधान छ ।

**संशोधन गर्न नमिल्ने**

शान्तिमैत्री सन्धिमा सहीछाप भएकै दिन नेपाल-भारत व्यापार वाणिज्य सन्धि पनि गरिएको थियो । यी दुवै सन्धिमा दुवै देशका उनै पदाधिकारीहरूद्वारा हस्ताक्षर गरिएको छ । शान्तिमैत्री सन्धिमा 'कुनै एक मुलुकले एक वर्षको भाका दिई यो सन्धिपत्र अन्त्य गर्न नखोजेसम्म यो सन्धिपत्र जारी रहिरहनेछ' भन्ने उल्लेख गरिएको छ । तर व्यापार वाणिज्य सन्धिमा भने 'सन्धि दस वर्षको अवधिलाई जारी रहनेछ, कुनै एक पक्षबाट अन्त्य गर्ने काम भएन भने फेरि अर्को दस वर्षका लागि जारी गर्न सकिनेछ' भनी उल्लेख गरिएको छ । यी दुवै सन्धिका यस्ता हरफको शाब्दिक मानसिकता, भाव, उद्देश्य राम्ररी विश्लेषण तथा मनन गर्ने हो भने शान्तिमैत्री सन्धि संशोधन या सुधार गर्ने गुञ्जायस रहेको बुझिँदैन ।

दुवै सन्धिमा दस-दस धारा छन् । दुवैका दसौं धारामा सन्धिको समयावधि उल्लेख गरिएको छ । यहाँ जिज्ञासा उत्पन्न हुन्छ, व्यापार सन्धिमा किन दस वर्षका लागि जारी गरिएको छ भनियो ? अनि मैत्री सन्धिमा चाहिँ किन त्यही हरफ नलेखी एक वर्षको सूचना दिई खारेज गर्न सकिने व्यहोरा उल्लेख गरियो ? यी कुरा नै अध्ययन, मनन, विश्लेषण र कार्यान्वयनयोग्य कुरा हुन् । यसबाट शान्तिमैत्री सन्धि संशोधन गर्न मिल्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

स्मरणीय छ, सन् १९५० मा भएको व्यापार वाणिज्य सन्धि दस वर्षपछि सन् १९६० मा संशोधन गरियो । त्यसपछि पाँच-पाँच वर्षमा १९७६ सम्म तीनपटक सुधार संशोधन भए । यसको दुई वर्ष संक्रमणकालका रूपमा त्यसै बिते । यसपछि साबिक १९५० को सन्धिको बदला सन् १९७८ मा व्यापार, पारवहन र अनधिकृत व्यापार नियन्त्रण गरी तीन सन्धिसम्झौता भए । यसमध्ये व्यापार नियन्त्रण दुवै सन्धिमा 'पाँच वर्षको अवधिका निम्ति बहाल रहनेछ' भन्ने उल्लेख गरियो भने पारवहन सन्धिमा 'एक पटकमा अर्को सात वर्षका निम्ति नवीकरण गर्न सकिनेछ' भनिएको छ । यी सन्धि सन् १९९१ मा पुनर्लेखन गरियो । यी सन्धि १९९६, २००२, २००९ तथा २०१६ मा नवीकरण हुँदै आएका छन् ।

यहाँ यत्रो नालीबेली जोड्नुको कारणचाहीं एकै दिन सम्पन्न दुई सन्धिमध्ये व्यापार सन्धि एघार पटक संशोधन, सुधार र परिमार्जन भइसकेको छ । तर मैत्रीसन्धि पटक्कै चलाइएको छैन । यसको कारण अहिलेसम्मको कानुनसम्मत बुझाइ के रहेको पाइन्छ भने यसमा संशोधन गर्न सकिने प्रावधान उल्लेख छैन । सकिने भए आजभन्दा धेरै अघि नै निकै पटक संशोधन भइसक्थ्यो । त्यसैले इपिजीले आ-आफ्नो सरकारसमक्ष संशोधनको होइन, खारेजीको प्रतिवेदन प्रस्तुत गर्न अपरिहार्य देखिन्छ ।

**नयाँ सन्धि**

१९५० को सन्धि खारेज गरिएपछि बदलिँदो परिस्थिति र नयाँ परिप्रेक्ष्मा अर्को सन्धि सकेसम्म चाँडो गरिनुपर्छ । नयाँ सन्धिमा नेपालको हकहित नमर्ने गरी दुवै देशका जनतालाई समानताका आधारमा सेवासुविधा प्रदान गर्ने प्रावधान रहनुपर्छ । मूलतः नयाँ सन्धिमा निम्न बुँदा समावेश गरिनु सान्दर्भिक हुन सक्छ ।

१. नेपाल स्वतन्त्र तथा सार्वभौमसत्तासम्पन्न राष्ट्र भएकाले एकअर्काको सार्वभौमिकता, भौगोलिक अखण्डता र आन्तरिक मामिलामा हस्तक्षेप नगरिने । २. चिरकालसम्म एकअर्को देशमा शान्ति र ...*बाँकी ८ पेजमा*

'दार्शनिकहरूले केवल विश्वको विभिन्न तरिकाले व्याख्या मात्र गरेका छन् तर मुख्य कुरो त त्यसलाई बदल्ने हो'

- कार्ल मार्क्स



# मार्क्सवादी दर्शन र साम्यवादी आन्दोलनको भविष्य



● सीताराम तामाङ ●

१) मार्क्सवादी दर्शनको आधारः मार्क्सवादी दर्शनको आधार द्वन्द्वात्मक भौतिकवाद हो । किनभने यसले द्वन्द्वात्मक तरिकाले प्राकृतिक घटनालाई हेर्दछ, अध्ययन गर्दछ र बुझ्दछ । अनी भौतिकवादी तरिकाले यसले प्राकृतिक घटनाको व्याख्या गर्दछ, प्राकृतिक घटनाहरू र तिनका सिद्धान्तहरूबारे यसको धारणा भौतिकवादीछ । त्यसैले यसलाई द्वन्द्वात्मक भौतिकवाद भनिएको हो (स्टालिन, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद)।

मार्क्सभन्दा अघि नै दार्शनिक हेगेलले ' द्वन्द्वात्मक' सिद्धान्तका मूल लक्षणहरू प्रतिपादन गरेका थिए । तर ती लक्षणहरूले आदर्शवादको खोल ओढेकाले बैज्ञानिक बन्न सकेका थिएनन् । मार्क्स र एंगेल्सले हेगेलको द्वन्द्ववादबाट हेगेलरूपी आदर्शवादको खोल फ्याकिदिए र द्वन्द्ववादलाई अझ विकसित गरी आधुनिक रूप दिए ।

मार्क्सले भनेका छन् 'मेरो द्वन्द्वात्मक प्रणाली हेगेलको भन्दा फरकमात्र नभई ठीक उल्टो छ । हेगेल विचार गर्ने प्रणालीलाई एउटा छुट्टै विचार-तत्वको रूपमा लिन्छन् र त्यही विचार-प्रक्रियालाई वास्तविक संसारको निर्माता भन्दछन् । उनी वास्तविक संसारलाई 'विचारतत्वको बाहिरी घटनात्मक रूपमात्र ठान्दछन् । यसको विपरीत, मचाहीं विचार भनेको मानिसको मनद्वारा प्रतिबिम्वत विचारको रूपमा ढालिएको भौतिक संसार नै हो भन्ठान्दछु' (स्टालिन, ऐ.ऐ.बाट उद्धृत) । यसरी 'ठाउकोले टेकेर' उभिएको द्वन्द्ववादलाई कार्ल मार्क्सले 'खुट्टाको बलमा' उभ्याइदिए र त्यसले वैज्ञानिक रूप धारण गर्न सक्यो ।

त्यसरी नै मार्क्स-एंगेल्स भन्दा पहिले अर्का दार्शनिक फायरबाखले भौतिकवादलाई पुनर्स्थापना गरिसकेका थिए । तर उनको ' आधार' भौतिकवादी भए पनि उनी 'परम्परागत आदर्शवादी डोरीले बाँधिएका थिए' (एगेंल्स)। तसर्थ मार्क्स-एगेंल्सले फाएरबाखको भौतिकवादमा भएका आदर्शवादी र धार्मिक नैतिक खोस्टालाई हटाई, त्यसको 'सारतत्व'लाई मात्र लिएका थिए र त्यसैलाई भौतिकवादको बैज्ञानिक दार्शनिक सिद्धान्तको रूपमा विकसित गरेका थिए (स्टालिन, ऐ.ऐ.बाट उद्धृत)।

मार्क्स-एंगेल्सको द्वन्द्वात्मक भौतिकवादले विचार र पदार्थबीचको सम्बन्धमा के मान्यता राख्दछ भने पदार्थ प्रमुख हो, त्यसपछिमात्र विचार आउँछ, पदार्थबाटै विचारको उत्पत्ति हुन्छ, तर त्यही विचारले समाजमा जरा गाडेपछि त्यो एउटा भौतिक शक्ति बन्दछ (हेगेलको दर्शनको आलोचना)। मार्क्सभन्दा धेरै अघि दक्षिण इसियामा हिन्दूहरूको उपनिषदकालमा जन्मेको आदर्शवादी धारणालाई, जसले आत्मालाई संसारको श्रृष्टिकर्ता भनेको छ र यो संसार चेतनाको (ब्रह्म) उपज भनेको छ, चार्वाक कनकमुनी र कपिलमुनी जस्ता भौतिकवादी दार्शनिकहरूले खण्डन गरेका छन् । अध्यात्मवादीहरूले भनेकाछन् 'जगत र पदार्थ केही होइन हाम्रो इन्द्रियलेमात्र जान्ने वस्तु हुन, मानिसको जीवनपछि केही रहँदैन'। ती अध्यात्मवादीहरूलाई कक्रुच्छन्द कनक र सिद्धार्थ गौतमका अनुयायीहरूले मुखभरि जवाफ दिए, 'मर्न त तिमि मर्छौ, तर मरे पनि जगत त रहिरहन्छ । तर जगत रहेन भने तिमी पनि रहँदैनौ'(माणिकलाल,२०६८)

मार्क्स-एंगेल्सको द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरू सामाजिक जीवनको अध्ययनमा पनि विस्तार हुन्छ, सामाजिक जीवनका घटनाहरू, समाज र समाजको इतिहासको अध्ययन गर्न पनि प्रयोग हुन्छ । यसरी विस्तार र प्रयोग भएको द्वन्द्वात्मक भौतिकवादलाई ऐतिहासिक भौतिकवाद भन्दछन् (स्टालिन, ऐ.ऐ.बाट)। यो सिद्धान्तको प्रतिपादन भएपछि नै समाजको स्वरूपमा लगातर परिवर्तन किन र कसरी हुन्छ भन्ने पत्ता लग्यो । उत्पादन सामाजिक हुन्छ र सधै परिवर्तन र विकासको अवस्थामा रहन्छ । सामाजिक उत्पादन प्रणालीमा परिवर्तन भएपछि सम्पूर्ण सामाजिक अवस्था, सामाजिक विचार, राजनीतिक संस्थाहरूमा परिवर्तन नभई छोड्दैन । विकासको 'पहिलो' लक्षण यही हो । विकासको भिन्नभिन्न अवस्थाहरूमा मानिसहरू भिन्नभिन्न उत्पादन प्रणाली प्रयोग गदर्छन् । जस्तो कि जंगली युगमा एक प्रकारको उत्पादन प्रणाली थियो, दास व्यबस्थामा अर्को प्रकारको थियो, सामन्तवादी व्यवस्थामा झनै अर्को प्रकारको थियो भने पुँजीवादमा अर्कै देख्दैछौं । अनि त्यस्तै प्रकारले मानिसहरूको सामाजिक व्यवस्था, मानिसहरूको आध्यात्मिक जीवन, उनीहरूको दृष्टिकोण र राजनीतिक संस्थाहरू पनि फरक हुन्छन् । अर्थात समाजको उत्पादन प्रणाली जेजस्तो हुन्छ, मुख्यतः त्यहीसँग मिल्दोजुल्दो समाज, समाजको विचार, समाजको राजनीतिक दृष्टिकोण र संस्थाहरू हुन्छन् । यसको अर्थ हुन्छ, समाज विकासको इतिहास नै मुख्यतया उत्पादन विकासको इतिहास हो, शताब्दी-शताब्दीमा एक पछि अर्को फेरिंदै आउने उत्पादन प्रणालीहरूको इतिहास हो, उत्पादक शक्तिहरू र जनताको उत्पादन-सम्बन्धको इतिहास हो (स्टालिन, द्वन्द्वात्मक र ऐ.भौतिकवाद)। तसर्थ मार्क्स-एगेंल्सद्धारा प्रतिपादित ऐतिहासिक भौतिकवाद सिद्धान्तले हामीलाई के स्पष्ट गरको छ भने समाजमा उत्पादन प्रणालीको स्वरूपमा परिवर्तन हुँदै जानुकासाथै समाजको सम्पूर्ण,ज्ञान, चिन्तन, जीवन प्रणाली र सामाजिक संरचना हुँदै जान्छ । उत्पादन प्रणालीको स्वरूपमा परिवर्तन ल्याउने काम पहिले उत्पादक शक्तिहरूमा भएको परिवर्तनले गर्दछ । त्यसो हुनुमा श्रमशक्तिको परिवर्तनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ र त्यसले औजारहरूको स्वरूपमा परिवर्तन गर्दछ जसको दवाव तत्कालीन उत्पादन सम्बन्धमा पर्दछ र पुरानो प्रकारको उत्पादन-सम्बन्धले नयाँलाई ठाउँ छोड्नु पर्दछ ।त्यसले स्वभावतः सामाजिक संरचनामा असर गर्दछ जसभित्र मानिसको मनोविज्ञान समाज व्यवस्था, आर्थिक व्यवस्था, राज्यको स्वरूप, कानुन-धर्म-संस्कृति, साहित्य, आदि पर्दछन् । पहिले भएका जंगली, दास, सामन्ती युगको अन्त्य हुनुमा उत्पादन प्रणालीमा भएको परिवर्तनको नै मुख्य भूमिका थियो । अहिले मुख्यतः पुँजीवादी उत्पादन प्रणालीले काम गरिरहेकोछ । अब यो व्यबस्थालाई प्रतिस्थापना गर्ने उच्चस्तरको व्यवस्था आउन अनिवार्यछ । यो व्यवस्था भनेको साम्यवादी उत्पादन प्रणाली भएको व्यबस्था नै हो । पुँजीवादी प्रणालीमा उत्पादन प्रणाली सामाजिक हुन्छ तर उत्पादनका साधनहरूमाथिको स्वामित्व व्यक्तिगत हुन्छ । यो अन्तर्विरोधको हल उसले गर्न सक्तैन । त्यसै भएकोले मार्क्स-एंगेल्सद्धारा प्रतिपादित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी सिद्धान्तले अन्य दर्शनले जस्तो विश्वको विभिन्न तरिकाले व्यवस्थामात्र गरेको नभएर त्यसलाई बदल्ने बैज्ञानिक कुंजी नै नै प्रदान गरेकोछ ।

समाजको उत्पादन प्रणाली जेजस्तो हुन्छ, मुख्यतः त्यहीसँग मिल्दोजुल्दो समाज, समाजको विचार, समाजको राजनीतिक दृष्टिकोण र संस्थाहरू हुन्छन् । यसको अर्थ हुन्छ, समाज विकासको इतिहास नै मुख्यतया उत्पादन विकासको इतिहास हो, शताब्दी-शताब्दीमा एक पछि अर्को फेरिँदै आउने उत्पादन प्रणालीहरूको इतिहास हो, उत्पादक शक्तिहरू र जनताको उत्पादन-सम्बन्धको इतिहास हो (स्टालिन, द्वन्द्वात्मक र ऐ.भौतिकवाद)। तसर्थ मार्क्स-एगेंल्सद्धारा प्रतिपादित ऐतिहासिक भौतिकवाद सिद्धान्तले हामीलाई के स्पष्ट गरको छ भने समाजमा उत्पादन प्रणालीको स्वरूपमा परिवर्तन हुँदै जानुकासाथै समाजको सम्पूर्ण,ज्ञान, चिन्तन, जीवन प्रणाली र सामाजिक संरचना हुँदै जान्छ । उत्पादन प्रणालीको स्वरूपमा परिवर्तन ल्याउने काम पहिले उत्पादक शक्तिहरूमा भएको परिवर्तनले गर्दछ । त्यसो हुनुमा श्रमशक्तिको परिवर्तनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ र त्यसले औजारहरूको स्वरूपमा परिवर्तन गर्दछ जसको दवाव तत्कालीन उत्पादन सम्बन्धमा पर्दछ र पुरानो प्रकारको उत्पादन-सम्बन्धले नयाँलाई ठाउँ छोड्नु पर्दछ ।त्यसले स्वभावतः सामाजिक संरचनामा असर गर्दछ जसभित्र मानिसको मनोविज्ञान समाज व्यवस्था, आर्थिक व्यवस्था, राज्यको स्वरूप, कानुन-धर्म-संस्कृति, साहित्य, आदि पर्दछन् ।

२) पुँजीवादको आधारभूत संकट र साम्यवादी हल : ऐतिहासिक भौतिकवादले उत्पादन प्रणाली सधै परिवर्तन र विकासको अबस्थामा रहन्छ भन्ने मान्दछ । सामाजिक उत्पादन प्रणालीमा (आधार) परिवर्तन आएपछि उपरी संरचनामा (आधेय) पनि परिवर्तन नभईछोड्दैन । उत्पादनको स्वरूपमा परिवर्तन ल्याउने काम उत्पादक-शक्तिहरूमा भएको परिवर्तनले गर्दछ । उत्पादक-शक्तिहरूमा भएको परिवर्तन अनुरूप उत्पादन-सम्वन्ध पनि ढिलो छिटो परिबर्तित हुन्छ । समाजको भौतिक उत्पादक शक्तिहरूको विकासको एउटा खास चरणमा पुगे पछि विद्यमान उत्पादन-सम्बन्ध या सम्पत्ति सम्बन्धसँग अन्तरविरोध उत्पन्न हुन्छ । उत्पादक शक्तिहरूको विकासको अनुरूप हुन छोडेर ती सम्बन्धहरू तिनको बाधकमा परिणत हुन्छन् । त्यसपछि सामाजिक क्रान्तिको युग सुरु हुन्छ (कार्ल मार्क्स, राजनीतिक अर्थशास्त्रको आलोचनामा योगदानको भूमिकाबाट) । जंगली युगमा उत्पादक शक्तिहरूको वा त्यसवेलाका उत्पादनका औजारहरूको पिछडिएको स्वरूपको कारण व्यक्तिगत सम्पत्तिको प्रचलन थिएन । तर दास युगमा आएर सम्पत्तिमाथि व्यक्तिगत स्वामित्वको प्रणालीले विकास गऱ्यो । सामन्ती समाजमा त्यो प्रणालीले अझै विकास गऱ्यो । तर पुँजीवादी युगमा आएर उत्पादन प्रणालीको स्वरूपमा गुणात्मक परिवर्तन भयो र त्यसले सामाजिक रूप धारण गऱ्यो । उत्पादन प्रणालीले सामाजिक रूप लिएकोले सामुहिक रूपमा उत्पादनमा भाग लिने मजदुरहरूको पनि जन्म भयो । पुँजीपतिहरूले आफ्नो स्वार्थका लागि वा अधिकतम नाफाका लागि उत्पादनलाई विस्तार गर्दै लैजान्छन् र उत्पादन प्रणालीले बढी नै सामाजिक रूप लिदै जान्छ । यसरी पुँजीपतिवर्गले आफ्नो नाफाको क्षेत्र जति बिस्तार गर्दै जान्छ, उसले त्यसरी नै आफ्नो विनासको खाल्टो पनि खन्दै जान्छ (मार्क्स-एंगेल्स, कम्युनिष्ट घोषणापत्र) । भनाईको तात्पर्य सामान्यतः उत्पादक-शक्तिको चरित्रको अनुरूप प्रगतिशील र नयाँ उत्पादन-सम्बन्धहरूले सामाजिक उत्पादनको तीब्र विकास गर्दछ । तर व्यक्तिगत स्वामित्व र शोषणमा आधारित समाज व्यबस्थामा उत्पादन-सम्बन्धहरू विकसितउत्पादक-शक्तिको अनुरूप हुन सक्तैन । यसरी उत्पादक-शक्तिहरूको विकास भन्दा पछि परेका (पुराना) उत्पादन-सम्बन्धहरूले तिनको प्रगतिमा बाधा हाल्दछन् जसले गर्दा सामाजिक गतिरोध उत्पादन हुन्छ । अनि त्यस प्रकारको पुरानो भएको (out dated) उत्पादन-सम्बन्धलाई ध्वस्त गरी नयाँ उत्पादन-सम्बन्धको विकास गर्न अनिवार्य हुन्छ ।

उत्पादन-सम्बन्धले उत्पादक-शक्तिहरूको स्वभावसँग मेल राख्न नसकेको अबस्थाको उदाहरण हो पुँजीवादी मुलुकहरूमा भएका संकटहरू । किनभने यहाँ उत्पादनका साधनहरूमाथि पुँजीपतिहरूको निजी अधिकार भएकोले उत्पादन प्रक्रियाको सामाजिक स्वभाव र उत्पादक-शक्तिहरूको स्वभावका वीच विल्कुल मेल हुँदैन ।

श्रम वा उत्पादनको सामाजिक पद्धति हुन ु र उत्पादनको साधनमाथिको स्वामित्वको पद्धति व्यक्तिगत हुनु नै पुँजीवादको आधारभूत अन्तरविरोध हो । यो अन्तरविरोधको कारणले गर्दा नै पुँजीवादभित्र संकटले जन्म लिइरहन्छ । सन् १९२९-३३ को महामन्दीदेखि लिएर सन् २००८ को महासंकट पनि पुँजीवादभित्रको त्यही अन्तरविरोधका कारणले जन्मिएका हुन् । यस प्रकारको संकटले विश्वव्यापी रूप धारण गर्ने गरेका छन् । यसबाट पारपाउन पुँजीपतिहरूले विभिन्न तरिकाहरू अपनाउने गर्दछन् । सन् १९२९-३३ को महामन्दीको उपचार अर्थशास्त्री जे. एम. किन्सले 'रोजगार व्याज र धनको सामान्य सिद्धान्त' को 'उपभोग फलन' [C=F(y)] सिद्धान्तबाट हल खोज्ने (अल्पकालिक समाधान) कोशिष गरियो । त्यसै प्रकारले साम्राज्यवादीहरूले हरेक महासंकटको उपचार गर्न फरक फरक तरिका अपनाउने गरेका छन् । सन् १९९५-९६ मा आएको आर्थिक महा संकटको उपचार थ्याचर-रेगन अर्थराजनीतिक थेरापीबाट गर्न खोजियो । त्यसलाई भूमण्डलीकरण भनियो जसअन्तरगत नवउदारवादको कार्यक्रम थोपरियो । त्यो पनि अस्थायी थेरापी थियो । फेरी सन् २००८ मा नयाँ प्रकारको संकट देखा पऱ्यो । सन् २००८ मा अमेरिकाबाट सुरु भएर विश्वभरि फैलिएको त्यो वित्तीय संकट नवउदारवादको परिणाम थियो । साम्राज्यवादी मुलुकहरूले जनताले कर तिरेको राज्यकोषबाट ठूलो धनराषी खर्च गरेर त्यसको उपचार गर्न खोजिरहेको छ, तैपनि पूर्व-स्थितिमाफर्कन सकेको छैन । अहिले साम्राज्यवादीहरूले अर्थतंत्र पूर्णतः निजी क्षेत्रलाई मात्र छोड्न नहुने र सरकारको नियन्त्रण र संरक्षणको पनि भूमिका रहनु पर्ने निष्कर्षतिर पुग्दैछन् । तर यो पनि अस्थायी थेरापी मात्र हो । यस पछि अझै ठूलो आर्थिक संकट आउनेछ । यस प्रकारका तरिकाहरूबाट पुँजीवादभित्रको संकटको हल हुन सक्तैन, बढ्दै जानेछ । पुँजीवादभित्रको संकटको हल भनेको त्यसभित्रको आधारभूत अन्तरविरोधको हल हुने उपाय खोज्नुमा रहन्छ । त्यो उपाय भनेको उत्पादन प्रणालीको सामाजिक स्वरूप अनुरूपको उत्पादनका साधनहरूमाथिको स्वामित्वको पनि सामाजिक स्वरूप अर्थात समाजवादी उत्पादन प्रणाली !

३) क्रान्ति आवश्यक/ द्वन्द्वात्मक भौतिकवादले भौतिक जगतमा निरन्तर परिवर्तन र विकासको (वर्ग संघर्ष) प्रक्रिया चलिरहन्छ भन्ने मान्दछ । निरन्तर परिवर्तन भनेको पुरानोको नाश वा पतन हुने र नयाँको जन्म हुने प्रकृया हो । पुरानोको नाश वा पतन हुने बीउ त्यसैभित्र हुन्छ । मानव-समाज विकासमा पनि यही नियम लागु हुन्छ । अहिलेको पुँजीवादकोनाश वा पतन हुने वीउ पनि यसैभित्र छ । मार्क्स-एंगेल्सले भनेका छन् 'आधुनिक उद्योगको विकासले पुँजीवादी उत्पादन र शोषणको आधारलाई नै तहस नहस पार्दछ । तसर्थ,मुख्य कुरो के हो भने पुँजीपतिवर्गले आफ्नो चिहान खन्नेहरूलाई जन्म दिन्छ । त्यस वर्गको (पुँजीपति) पतन र सर्वहारावर्गको विजय अनिवार्य छ' (कम्युनिष्ट घोषणापत्र)। तर पुँजीवादी व्यवस्थाको अन्त्य र सर्वहारावर्गको वीजय कसरी सम्भव छ ? मार्क्स-एंगेल्स 'कम्युनिष्ट घोषणापत्र' मा भनेका छन्, 'आजसम्म आविर्भूत सम्पूर्ण समाजको इतिहास वर्ग-संघर्षको इतिहास रहिआएकोछ ।' ऐतिहासिक भौतिकवादमा, यदि उत्पादन शक्तिहरू र उत्पादन-सम्वन्धहरूको वीचमा संक्रमणका निम्ति अन्तरविरोध रहन्छ भने, त्यसको माध्यम वर्ग-संघर्ष नै हुन्छ । हरेक समाज दुई विपरित वर्गहरूमा विभाजित हुन्छ । वर्ग-बिभाजन दास, सामन्त तथा पुँजीवादी उत्पादन सम्बन्धमा साद्दष्य रहन्छ । उत्पादन-सम्बन्धको विकासमा उत्पादन-सम्बन्ध बाधक बनेपछि वर्ग-संघर्ष घनिभूत हुन्छ ।

आदिम साम्यवादी समाजमा अर्थात साधारण भाषामा भन्ने हो भने ढुंगे युगमा व्यक्तिगत सम्पत्तिको प्रचलन थिएन । सामुदायिक प्रयासबाटमात्रै जीवन निर्वाहका साधनहरू जुटाउन सकिन्थ्यो । तर दासयुगमा आएर व्यक्तिगत स्वामित्वको प्रणालीले विकास गऱ्यो र त्यसपछिको सामन्तवादी व्यवस्थामा पनि व्यक्तिगत स्वामित्व प्रणालीको अझै विकास भयो । पुँजीवादले त झनै व्यक्तिगत सम्पत्तिलाई गुणात्मक वृद्धि गऱ्यो तर अर्कै रूपमा । पुँजीपतिहरूले आफ्नो स्वार्थका लागि, ठूलठूला उद्योग-धन्दाहरू खुले जहाँ ठूलो संख्यामा सामुहिक रूपले उत्पादनमा मजदुरहरूले काम गर्दछन् । उत्पादनको सामाजिक प्रणाली हुन्छ तर उत्पादनका साधनहरूमाथिको स्वामित्वको प्रणाली व्यक्तिगत हुन्छ । यी अन्तरविरोधको हल पुँजीवादले गर्न सक्तैन । उत्पादनको सामाजिक प्रणाली अनुरूप उत्पादनका साधनहरूमाथिको स्वामित्व पनि सामाजिक हुँदामात्र पुँजीवादभित्रको अन्तरविरोध हल हुन्छ । त्यसका लागि मजदुरवर्गले वर्ग-संघर्ष अर्थात क्रान्तिमार्फत पुँजीवादी व्यवस्थालाई फ्याकेर साम्यवादी व्यवस्था (प्रारम्भमा समाजवादी) स्थापना गर्दछ । प्रथम विश्वयुद्धताका प्रथम पटक रुसमा सर्वहारावर्गको नेतृत्वमा मजदुर किसानको एकतामा भएको क्रान्तिद्धारा पुँजीवादी व्यवस्थालाई फ्याकेर समाजवादी व्यवस्था स्थापना गरियो भने दोस्रो विश्वयुद्धताका र पछि विश्वको एकतिहाई भूखण्डमा क्रान्तिद्धारानै समाजवादी शासन लागु भयो ।

**४) साम्यवादी आन्दोलनको भविष्य**

कार्लमार्क्स र एगेंल्सले कम्युनिष्ट घोषणापत्र प्रकाशन (१८४८) गरेको ६९ वर्षपछि रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो । त्यसपछि समाजवादी क्रान्तिको लहर आयो । दोस्रो विश्वयुद्ध समाप्त भैसक्दा विश्वका एकतिहाइ भूभागलाई समाजवादी व्यवस्थाले लपेटिसकेको थियो । तर मार्क्सवादी आन्दोलनभित्र घुसेका पुँजीवादी विचारबाहकहरूले मार्क्सवादको क्रान्तिकारितालाई तोड्ने काम गरे । फ्रान्सका मिलेराँले (सन् १८५९-१९४३) यसको सुरुवात गरेका थिए । सोवियतसंघमा ख्रुश्चेभको उदयले दक्षिणपन्थी संशोधनवादीहरूले समाजवादलाई भत्काउने काम गऱ्यो । चीनमा देङस्याओ पिङले पुँजीवादको पुनः स्थापना गऱ्यो । यस प्रकार अहिले विश्वमा समाजवादी व्यवस्था पतन हुन पुगेको छ । मिलेराँपन्थीहरूले मार्क्सवादी आन्दोलनलाई त्यसको जन्मकालदेखि नै गलत हो भन्दै आएका छन् । उनीहरू सफल भएको कारणले अहिले समाजवादी व्यवस्थालाई पुनः पुँजीवादमा पुनर्स्थापना गर्न सके । त्यसलाई आधार बनाएर कम्युनिष्ट आन्दोलनका विरोधीहरूले यो आन्दोलनको भविष्य नभएको बताउँदैछन् । साम्राज्यवादका एजेण्ट प्रो. फुकुमायाले त 'इतिहासको अन्त्य र अन्तिम मान्छे'को रूपमा व्याख्या समेत गरेका छन् । हो, आज विश्व कम्युनिष्ट आन्दोलन अत्यन्त कमजोर भएकोछ तर सामन्ती तथा पुँजीवादी शोषण व्यवस्थामा आमूल परिवर्तनका लागि चलिआएको समाजवादी (साम्यवादी) आन्दोलनमा भएको प्रतिक्रान्तिका कारण अहिले कमजोर देखिँदैमा कम्युनिष्ट आन्दोलनको अन्त्य भएको वा भविश्य नभएको भन्ने अर्थ लगाउनु ठीक हुँदैन । दासप्रथा र सामन्तवादका विरुद्धका संघर्षहरू एकै पटक सफल भएको इतिहाँस कहाँ छ र ! त्यसरी नै पुँजीवादको पनि अन्त्य पनि निश्चित छ । हरेक आन्दोलन कैयौ पटकको हार वा पराजयपछि नै सफल भएको छ ।

ऐतिहासिक भौतिकवाद विज्ञान हो । यसले समाज विकासको भौतिकवादी नियमका आधारमा नै अहिलेको पुँजीवादको स्थान समाजवादले लिने अनिवार्य भएको बताएकोछ । त्यो भौतिक आधार भनेको पुँजीवादले श्रृजना गरेको उत्पादन प्रणालीको सामाजिक स्वरूप हो । उत्पादनको सामाजिक स्वरूप नै पुँजीवादको अन्त्यका लागि आधार हो । जवसम्म उत्पादनका साधनहरूमाथिको स्वमित्वको प्रणाली व्यक्तिगत हुन्छ, पुँजीवादको अन्त्यलाई कसैले रोक्न सक्नेछैन । र समाजवादको विजयका लागि पनि आधार त्यही नै हो । कम्युनिष्ट आन्दोलनले कसरी पुँजीवादको अन्तरविरोधलाई हल गर्छ त ! उत्पादन प्रणालीको सामाजिक स्वरूप अनुरूप उत्पादनका साधनहरूमाथिको स्वामित्वको पनि सामाजिक स्वरूप प्रदान गरेर । जवसम्म समाज उक्त अवस्थामा पुग्दैन कम्युनिष्ट आन्दोलन रोकिने छैन । अहिले विश्वमा कम्युनिष्ट आन्दोलन कम्जोर छ वा समाप्त भए पनि यो फेरी उठ्नेछ । तसर्थ कम्युनिष्ट आन्दोलनको भविश्य उज्ज्वलछ । केवल कम्युनिष्ट क्रान्तिकारीहरूको अदम्य प्रयासको खाँचो छ ।२०७४/११/१९

# तेस्रो काँटाका विषयमा–२



● लु सुन ●

यहाँनिर जवाफ दिइनुपर्ने दुईवटा प्रश्नहरू छन् ।

पहिलोचाहिं, चीनका वामपन्थी सिद्धान्तकारहरू' आफ्ना कलाप्रति बफादार भएका' सबैलाइ के साँच्चि नै 'पुँजीवादी वर्गका भाडाका बयलहरू' सम्झन्छन् र ? वामपन्थी सिद्धान्तकारहरू जतिसुकै मुर्ख भए तापनि उनीहरूले के कुरा बुझ्न चुक्दैनन् भने 'कला कलाकै लागि' भन्ने कुरा केही सामाजिक रीतिथितिका विरोधमा एउटा क्रान्ति झैं थालिएको थियो । तर नौलो संघर्षमय साहित्यको विकासलाई नोक्सान पुऱ्याउने खुला वा गोप्य साधनहरू झैं यस पुरानो नारालाई प्रयोग गर्दै गयौं भने यो नारा 'पुँजीवादी वर्गका भाडाको बयल' मात्र होइन प्रतिक्रियावादी नै हुन जानेछ । र 'आफ्ना कलाप्रति बफादार' भएका सबैलाई एकै ठाउँमा थुप्र्याउन पनि सकिंदैन । किनभने प्रत्येक वर्गका लेखकहरूको 'आफ्नो' भन्ने हुन्छ र त्यो कुरो भनेको तिनको आफ्नो वर्गको अंश हो । आफ्नो कलाप्रति वफादार भएका लेखकहरू, ती पुँजीवादी हुन् कि सर्वहारा, आफ्नो वर्गप्रति पनि वफादार भएका हुन्छन् । यो त स्पष्ट तथ्य हो र वामपन्थी सिद्धान्तकारहरूले यो कुरा बुझ्न कमै चुक्लान् । तर ताइले 'कला कलाकै लागि' को साटो 'कलाप्रति वफादार' भन्ने कुरा प्रयोग गर्दा ऊ वामपन्थी सिद्धान्तकारहरूको चर्को 'मुर्खता' तर्फ पक्कै पनि औल्याइरहेको थियो ।

दोस्रो कुरो, के गाइडे साँच्चि नै चीनमा तेस्रो काँट भनिनेमध्ये एकजना हुन त ? गाइडेका पुस्तकहरू पहिले नपढी उनका कृतिहरूबारे टिकाटिप्पणी गर्ने हक मेरो छैन । तर मलाइ के कुरा पत्यार छ भने लेख र भाषण यी दुई कुरा रूपमा एक अर्कासित फरक भए पनि तिनमा भएका सार त उही नै हुनुपर्छ । ताइले रिपोर्ट गरेकोबाट उनका भाषणबाट दुई हरफ उद्धत गरौं-

'कसैकसैले भन्छन्, सोभियत संघमा पनि यस्तै हो, तर सम्भवत उद्देश्य चाहिं त पूराका पूरा भिन्नै छ । त्यसमा पनि तपाई एउटा नौलो समाजको निर्माण गर्न चाहनुहुन्छ र सधैभरि थिचिएका र वाक् स्वतन्त्रता खोसिएकाहरूलाई वाक्स्वतन्त्रता दिन चाहनुहुन्छ भने केही अंशमा उग्रवाद आउनु अनिवार्य हुन जान्छ ।'

'अन्त कतै मैले विरोध गरेको कुरालाई आज म किन समर्थन गर्दछु र कसरी समर्थन गर्दछ ? यसको कारण के भने जर्मनीको आतंकवादमा मैले उहिलेको सबभन्दा निन्दनीय र घिनलाग्दो कुरा फेरि दोहोऱ्याइएको पाएँ उता सोभियत संघको सामाथिक निर्माणमा म पछिका लागि अनगिन्ती राम्रा कुराहरूको सम्भावनाहरू देखेको छु ।'

साँच्चि नै यो कुरा निकै नै स्पष्ट छ । पद्धति यही हो, तर उद्देश्य फरक भएकोले एउटा घटनामा उनी समर्थन गर्दछन् भने अर्कोमा उनी विरोध गर्छन् । सोभियत संघको अक्टुबर क्रान्तिपछि, कलामा बर्ता जोड दिने सेराफियोन बन्धुहरू र तिनका सहयोगीहरूलाई पनि 'सँग लागेकाहरू' भनिन्थ्यो तर तथ्य कुरो के भने तिनीहरू सकारात्मक रूपबाट त्यसरी आएका वास्तवमा थिएनन् । यस वर्ष तेसे काँटबारे लेखिएका लेखहरूको एउटा विशेषांक प्रकाशित भएको छ । त्यो विशेषांक पढ्ने हामीहरूले गाइडे र हाम्रा ती आफैले आफूलाई तेस्रो काँटका हौं भनी फलाकी हिंड्नेहरूका माझ कुनै त्यस्तो समान खालका भावनाहरू पाउँछौं त ? पाउँदैनौं भने म के कुरा पक्का गरी भन्न आँट गर्छु भने गाइडे तेस्रो काँटमध्येका होइनन् ।

तर जसरी मैले गाइडे चीनको तेस्रो काँटको जस्तो हो भन्ने कुरामा विरोध गर्छु, ताइवाङशुले चीन र फ्रान्सका वामपन्थी लेखकहरूका माझको भिन्नतालाई 'विवेक' र 'मुर्खता' का माझ रहेको भिन्नता जस्तो भएको सम्झन्छ । जर्मनीका वामपन्थी कलाकारहरूका लागि चर्को सहानुभूति व्यक्त्याउनाका लागि सभामा सामेल भइसकेपछि उसले चीनका वामपन्थी लेखकहरूको मुर्खता र अत्याचारको कुरा सम्झ्यो । त्यसबेला उसले आफ्नो भावावेशमाथि नियन्त्रण राख्न सकेन ।

जर्मन फासिष्टहरूको आतंकवादप्रति चीनमा कुनै प्रतिक्रिया परेको छ या छैन भन्ने कुरा मलाई थाहा छैन । हाम्रा लेखकहरू र कलाकारहरू युद्धसर्दारहरू सरह गृहयुद्धमा मज्जा मान्छन् । उता फ्रान्सका क्रान्तिकारीहरू लेखकहरूले गाइडेसित हात मिलाइसक्दा हाम्रा वामपन्थी लेखकहरू भने अझै कुनै किसिमको शंका नगरी तेस्रो काँटलाई मुख्य शत्रु सरह सम्झिरहेका छन् ।

यसको खन्डन गर्नुपर्ने कुनै खाँचो छैन किनभने तथ्य आफैले यस कुरालाई छर्लङ्ग्याउने छ । यहाँ अलिकति प्रतिक्रिया देखापरेको थियो , तर यो ठाउँ फ्रान्स नभएकोले यसले यहाँ अलि बेग्लै रूप लियो । यता केही समयदेखि 'तेस्रो काँटलाइ मुख्य शत्रु झैं ठान्ने' पत्रिकाहरूमा कुनै लेखहरू छैनन् । गृहयुद्ध सकिसकेको छ र युद्धसर्दा वातावरण बनि अल्पिसकेको छ । ताईवाङशुले गलत कुराको लख काटेको थियो ।

तर चीनका वामपन्थी लेखकहरू श्रीमान ताइलाई लागेका फ्रान्सका लेखकहरूजस्ता विवेकी छन् र ? मेरो विचारमा उनीहरू छैनन् र हुनु पनि पर्दैन । राय प्रकट गर्ने सबै आवाज बन्द हुनु अघावै तेस्रो काँटबारे फेरी छलफल चलाउनु र तिनलाई व्यापक गर्नु खाँचो पर्दोछ । श्रीमान ताइले फ्रान्सेली क्रान्तिकारी लेखकहरूको रहस्यलाई बुझेको छ र ऊ के करा सम्झन्छ भने आपद्को बेला तेस्रो काँटसित हात मिलाउनु पुग्नु 'बाठो कार्यनीति' हुन सक्छ । तर मलाई के लाग्छ भने खाली कार्यनीतिमा मात्र भर परेर पुग्दैन । बाठो कार्यनीतिका लागि सही दृष्टिकोणहरूको पनि खाँचो रहन्छ । गाइडेको भाषण यसो हेर्दा हामी के कुरा देख्न सक्छौं भने उनी राजनीतिबाट अलग्ग रहेका छैनन् र उनीलाई तेस्रो काँटका भनी जथाभावीसित रंग पोतिदिनु गल्ती हुनेछ । कुनै पनि गोप्य कार्यनीति प्रयोग नगरी उनको धारणालाई स्वागत गर्न सकिन्छ । तर चीनका तेस्रो काँटका भनाउँदाहरू भने अलि अप्ठेरा खालका नै छन् ।

तेस्रो काँटको मौलिक अर्थचाहिं दुवै विपरीत शिविरभन्दा बाहिर वा क र ख का बीच भएका लडाइँभन्दा पर रहनु हो । तर तथ्यलाई हेर्दा, यस्तो कुनै पनि हुनै सक्दैन । मानिसहरू मोटाघाटा वा दुब्लापातला हुन्छन्, तर सिद्धान्तमा मोटाघाटा र दुब्लापातला दुवै नभएको तेस्रो काँट पनि हुनुपर्छ, तर वास्तवमा यस्तो हुँदैन । दाँजेर हेर्दा मानिसहरू कि त अलि मोटा वा अलि दुब्ला हुन्छन् । कलामा पनि तेस्रो काँटको उही कुरो आउँछ । कलाकारहरू निस्पक्ष र तटस्थजस्ता देखिन सक्छन् तर तिनीहरूले सधै नै एका न एकापट्टी अलिकति ढल्केर आड लिइरहेकै हुन्छन् । साधारण अवस्थामा जानीजानी वा नजानीकन नै तिनीहरू यस कुरालाई लुकाउन सक्छन् तर आपद् परेको बेला तिनीहरूले यस कुरालाई प्रष्ट गरी उदांगीइ दिनेछन् । यसरी आफ्नो वामपन्थी धारणाहरू देखाए र अरूहरूले पनि केही शब्दहरू मात्र भनेर पनि आफूलाई स्पष्टसित उदांग्याउनेछन् । यसरी नै छ्यासमिसे हुलमध्येबाट केही मानिसहरू क्रान्ति सँगसँगै अघि लम्कन सक्छन् र अरूहरूसित स्वर मिलाएर चर्को गरी कराउन सक्छन् । कोही कोही चाहिं क्रान्तिलाई मार हान्नु, निर्धो पार्नु वा बंग्याउनुका लागि मौका हात पार्न सक्छन् । यी कुराको विश्लेषण गर्नु वामपन्थी सिद्धान्तकारहरूको कर्तव्य हो ।

यो कुरा युद्ध सर्दारहरूको माझमा 'गृहयुद्ध' सितै मिल्दोजुल्दो छ भने त वामपन्थी सिद्धान्तकारहरूले ती दुई शिविरहरूलाई स्पष्ट गरी छुट्याउन र पछिल्तिरबाट तिनीहरूमाथि हानेका बिखालु वाणलाई झिकिदिन यस गृहयुद्धमा सामेल भएर अघि लम्कनैपर्छ । *समाप्त*

## पोखरेलको नेतृत्वमा रूपन्देही देजमो गठन

बुटबल । शनिबार सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतन्त्रिक मोर्चा,नेपालको बिशेष जिल्ला भेलाद्वारा रामप्रसाद पोखरेलको नेतृत्वमा १५ सदस्यीय जिल्ला आयोजक कमिटि निर्माण गरिएको छ । कमिटिका सदस्यहरूमा मोजीब अली, बिनोद मरासिनी, मान प्रसाद भुषाल, चिरन्जिवी काफ्ले, कैलास प्रसाद गुप्ता, शान्ति खरेल, सुलोचना धवल, जगदिश पौडेल, रेणुकान्त पौडेल, जीत बहादुर क्षेत्री, दयाराम खनाल, ईस्लाम खान, पदम बहादुर थापा, कमला आचार्य रहेका छन् ।

भेलामा क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य एवम् देजमो ५ नं. प्रदेश संयोजक केबी गुरुङको प्रमुख आतिथ्यता रहेको थियो भने पार्टी पोलिटब्युरो सदस्य एवम् पार्टी प्रदेश न. ५ का सचिव प्रेमनाथ सुवेदीको विशेष आतिथ्यता रहेको थियो । भेलामा देजमो केन्द्रीय सदस्य टिप्पु सुल्तान, पार्टीका जिल्ला सचिव केजी कुमार, देजमो प्र.स.स. खुमानन्द भुषाल लगायतको उपस्थिति रहेको थियो । उक्त भेलाको सञ्चालन भने जिल्ला पार्टी सदस्य एवम् देजमो सचिवालय सदस्य मोजीब अलीले गर्नु भएको थियो । त्यसैगरी क्रान्तिकारी माओवादीको बुटवल उपमहानगरपालिकामा विभिन्न कमिटिहरू गठन भएका छन् । प्राप्त समाचार अनुसार पार्टी पिविएम प्रेम सुवेदी र जिल्ला संयोजक केजी कुमारको उपस्थितीमा बुटवल उपमहानगर स्तरीय ७ सदस्यीय पार्टी कमिटि, ७ सदस्यीय देजमो कमिटि, ७ सदस्यीय महिला र ५ सदस्यीय युवा संगठनका कमिटिहरू निर्माण गरिएका छन् ।

## जितगढी किल्ला बचाउ अभियानमा तीन वाम एक ठाम

बुटबल । २०७३ साल फागुन १७ गते प्रचण्ड सरकारले ऐतिहासिक जितगढी किल्लामा स्थायी भारतीय पेन्सन क्याम्प राख्न ३ बिगाह जग्गा उपलब्ध गराउन गरेको निर्णय कम्युनिष्ट क्रान्तिकारीहरूले जलाएका छन् । ऐतिहासिक जितगढी किल्ला बचाउ अभियानको आयोजनामा १७ फागुनमा बुटवलको पुष्पलाल पार्कमा सो निर्णय जलाईएको हो । राजमो पुर्व महासचिव सन्तबहादुर नेपाली, क्रान्तिकारी माओवादी पिविएम प्रेम सुबेदीले नेपाल सरकारको उक्त निर्णय जलाएका हुन् भने नेकपाका सचिवालय सदस्य बिनोद खनालले सम्झौता पत्र र सम्झौता पत्र जलाउने निर्णय पढेर सुनाएका थिए ।

कार्यक्रममा बोल्दै नेता नेपालीले देशको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता जस्तो बिषय शासक दलले हलुका लिएको र भारतलाई रिझाएर सत्तामा जाने दाउ खेलेको बताए । यस्तै क्रान्तिकारी माओबादीका भुलबहादुर सुनारीले हजारौंको बलिदानीपूर्ण जनयुद्धको बलमा सत्तामा पुगेका प्रचण्डले गरेको राष्ट्रघात जनताले क्षमा नगर्ने बताए । नेकपाका विनोद खनालले देशका ऐतिहासिक एवं वीरताका केन्द्रलाई सत्तासंग सौदावाजी गरि भारतीय साम्राज्यावादको दलाली गरेको बताए । ऐतिहासिक पुरातात्विक तथा पर्यटकीय केन्द्रमा भारतीय पेन्सन क्याम्प राख्न दिनुले नेपालको राष्ट्रिय स्वाधीनतामाथि गंभीर आँच आउने भन्दै अभियानले सो निर्णयको खारेजीको माग गरेको छ

## क्रान्तिकारी माओवादी र नेकपा चितवनबीच कार्यगत एकता

चितवन । मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द्र 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका चितवन जिल्लाले कार्यगत एकता गरेको छ । क्रान्तिकारी माओवादीकी केन्द्रीय सदस्य तथा चितवन इन्चार्ज अम्बिका मुड्भरी र नेकपा चितवनका इन्चार्ज लालबहादुर बिसीबीच भएको सहमतिलाई संयुक्त रूपमा एक प्रेस वक्तव्य जारी गर्दै सार्वजनिक गरिएको छ ।

क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणको आवश्यकतालाई मध्येनजर गर्दै दुवै पार्टीका जिल्ला नेतृत्वले राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायतका मुद्दाहरूमा सहकार्य गरेर अगाडि बढ्ने लगायतका निर्णय गरिएको जारी वक्तव्यमा उल्लेख छ । दुवै पार्टीबीच केन्द्रीय स्तरमा जारी सहकार्यलाई जिल्ला स्तरमा निरन्तरता दिन दुवै पार्टी सक्रियता पूर्वक सहभागि हुने वक्तव्यमा उल्लेख गरिएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषयमा आगामी दिनमा सहकार्य गर्दै संयुक्त आन्दोलन गर्ने, देशव्यापीरूपमा राजनैतिक नेता तथा कार्यकर्तामाथि राज्यको तर्फबाट भएको धरपक्कड ज्यादतीप्रति खेद प्रकट गर्दै आगामि दिनमा संयुक्त रूपमा भण्डाफोर गर्नेलगायतका सहमति दुवै पार्टी बीचमा गरिएको जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

## देशैभर...

विभिन्न जिल्लामा जारी अभियानका बीच सहिद सप्ताहको अवसर पारेर सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धाहरूलाई सम्मान गरिएको छ । प्राप्त समाचारअनुसार काठमाडौं उपत्यकामा २१ फागुनमा ललितपुरको कुपण्डोलस्थित सहिद बैकुण्ठ-चेत स्मृति भवनमा एक कार्यक्रमको आयोजना गरी सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धाहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको छ भने प्रदेशका १३ वटै जिल्लामा सहिद परिवार भेटघाट तथा सम्मान कार्यक्रम भइरहेको छ ।

चितवनमा नेकपा (क्रान्तिकारी माओवादी) र नेकपाको संयुक्त आयोजनामा सहिद परिवार अभिनन्दन तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । शनिबार सम्पन्न उक्त कार्यक्रमलाई क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण', नेकपाका पिविएम रणवीर र सहिद परिवारका सदस्यहरूले सम्बोधन गर्नुभएको थियो ।

१४ फागुनमा क्रान्तिकारी माओवादी र नेकपाको संयुक्त आयोजनामा कोभ्रेको चौरी देउरालीमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि क्रान्तिकारी माओवादीका पिबिएम तथा ३ नं. प्रदेश पार्टी सचिव दिनेश शर्मा सागरलगायत अतिथिहरूले सहिद तथा बेपत्ता योद्धा परिवार र घाइते योद्धालाई दुवै पार्टीका तर्फबाट सम्मानपत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो ।

रामेछापबाट प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादी र नेकपाको संयुक्त आयोजनामा रामेछाप नगरपालिकाको देउराली सेरा खोलामा देउराली हत्याकाण्डका ६ सहिदका परिवारहरूलाई सामूहिक रूपमा सम्मान गरिएको छ । क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज गगनको प्रमुख आतिथ्यता र नेकपाका जिल्ला इन्चार्ज जमिनको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा सहिद परिवारका सदस्यहरूलाई सम्मान पत्र प्रदान र दोसल्ला ओढाएर अभिनन्दन गरिएको छ । १७ फागुनमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता सहिद परिवार सदस्य गुञ्जनले गर्नुभएको थियो भने संचालन लांघाली मगरले गर्नुभएको थियो ।

त्यसैगरी मकवानपुर, सिन्धुली, दोलखा, नुवाकोट लगायतका जिल्लामा पनि सहिद परिवारहरूलाई सम्मान पत्र प्रदान गरिएको समाचार छ ।

उता विराटनगरबाट प्राप्त समाचार अनुसार मोरङ, सुनसरी, झापा, उदयपुर, ओखलढुंगा, तेह्रथुम लगायतका जिल्लामा पनि सहिद परिवारलाई घर घरमै पुगेर सम्मान पत्र प्रदान गरिएको बुझिएको छ ।

त्यसैगरी पोखराबाट प्राप्त समाचार अनुसार कास्की, गोरखा, तनहुँ, नवलपुरलगायतका ४ नं. प्रदेशका जिल्लाहरूमा पनि सहिद परिवारलाई सम्मान पत्र प्रदान गरिएको छ । यता बुटबलबाट प्राप्त समाचार अनुसार सहिद परिवारलाई सम्मानका साथै रूपन्देहीका विभिन्न स्थानमा संगठनहरू निर्माण गरिएका छन् ।

दैलेखबाट प्राप्त समाचारअनुसार कर्णाली प्रदेशका दैलेख र सुर्खेतमा सहिद परिवारको घरमै पुगरे सहिद परिवारलाई भेटघाट गर्दै सम्मान पत्र प्रदान गरिएको छ । पार्टी केस तथा दैलेख इन्चार्ज दीपक शाहीले दिएको जानकारीअनुसार दैलेखको आठबीस नपा, ठाँटिकाँध गाउँपालिका र चामुण्डा विन्द्रसौनी नपामा सहिद परिवारहरूलाई घर-घरमै पुगेर सम्मान गरिएको छ । सहिद सप्ताहको अवसर पारेर जनयुद्धका महान सहिदहरू निरक व शाही भिषण, गणेश व शाही सर्जन, विष्णु आचार्य, दुर्गनाथ योगी, विमल थापा मगर, रंगबहादुर विक, प्रेम व थापा, भिम बहादुर थापा विजय, नरेन्द्र बस्नेत विद्रोही, दिपकबहादुर शाही पुष्प, जगजं थापा, धिरेन्द्र विष्ट, पन्त रेग्मी सुजात, नविन शाही विद्रोही, उमा शाही, गगन वि क, जगत वि क, जसे वि क, दान व. विक, रंग रिजाल शक्तिलगायतका परिवारका सदस्यलाई सम्मान पत्र प्रदान गरी सम्मान गरिएको थियो ।

त्यसैगरी नवलपरासीबाट हाम्रा सहकर्मी रवि पाण्डेले पठाएको समाचार अनुसार २० फागुनमा क्रान्तिकारी माओवादी र नेकपाले संयुक्त रूपमा जिल्लाको बर्दघाटमा आयोजना गरेको कार्यक्रममा जिल्लाका ३४ जना सहिद परिवारलाई सामूहिक रूपमा सम्मान पत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गरिएको छ । त्यस्तै दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुर, कपिलवस्तु लगायतका जिल्लाहरूमा पनि सहिद परिवारलाई सम्मान गरिएको समाचार प्राप्त भएको छ ।

## सहिदहरुको...

नेकपा (क्रान्तिकारी माओवादी) र नेकपाले संयुक्त रूपमा चितवनको भरतपुरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले पछिल्लो समय प्रचण्डले नेपाली राजनीतिमा खलनायकको भूमिका खेलेको बताउनु भयो ।

कांग्रेस र एमालेजस्ता पार्टीसँग गठबन्धन गरेर प्रचण्ड र बाबुराम भट्टराईले महान दशवर्षे जनयुद्धको खिल्ली उडाएको बताउँदै महासचिव किरणले महान क्रान्तिका लागि सबै सच्चा कम्युनिष्ट क्रान्तिकारी शक्तिलाई गोलबद्ध गर्ने बताउनु भयो । सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धा अभिनन्दनसमेत गरिएको त्यस कार्यक्रममा बोल्दै उहाँले अब नयाँ जनयुद्धले शहीदको सपना पूरा गर्ने बताउनुभयो ।

'महान जनयुद्ध, बलिदान र वर्तमान अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा नेकपाका पोलिटब्युरो सदस्य रणवीरले क्रान्तिविना सहिदहरूको वास्तविक सम्मान र सपना पूरा हुन नसक्ने विचार राख्नुभयो । क्रान्तिकारी माओवादीकी केन्द्रीय सदस्य तथा चितवन इन्चार्ज अम्बिका मुडभरीले अध्यक्षता गरेको कार्यक्रमको संचालन नेकपाका चितवन इन्चार्ज लालबहादुर बिसीले गर्नु भएको थियो । कार्यक्रममा चितवन जिल्लाका माहान जनयुद्ध तथा जनआन्दोलनका सबै सहित, वेपत्ता तथा घाइते योद्धाहरूलाई सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

यसैबीच, दशवर्षे महान जनयुद्धका सहिद तथा वेपत्ता योद्धा परिवारका सदस्यहरूले शनिबार आयोजित उक्त अन्तर्क्रिया कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'लाई क्रान्तिको नेतृत्व गर्न आग्रह गर्दै सहिदका सपना पूरा गर्न आफूहरू फेरि पनि बलिदान गर्न तयार रहेको विचार व्यक्त गर्नुभएको छ ।

कार्यक्रममा बोल्दै सहिद परिवारका सदस्यहरूले आफूहरूलाई भऱ्याङ बनाएर प्रचण्डहरू सत्तास्वार्थमा लागेको आरोप लगाउँदै त्यस्तो भऱ्याङ नबनाउन उहाँहरूले चेतावनी दिँदै सहिदका अधुरा सपना र अपुरा संघर्ष पूरा गर्न फेरि पनि बलिदान गर्न तयार रहेको बताउनु भएको छ ।

सहिद परिवारकी सदस्य जमुना सेढाईले सहिदको पसिनामा होली खेलेर नेताहरू धनी बनेको भन्दै अब उपरान्त त्यस्तो सपना देखेर आफूहरूलाई भऱ्याङ नबनाउन चेतावनी दिनुभयो । उहाँले भन्नुभयो-'सहिदको रगतमा रमाएकाहरूका साथमा रहन सक्दैनौं, उहाँहरूको सपना पुरा गर्न हामी बलिदानी दिन तयार छौं ।'

अर्का जनयुद्धका घाइते अमर गोपालीले सहिदको सपना साकार पार्न आफ्नो अर्को अंग गुमाउन तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'युद्धमा होमिदा मैले खुट्टा गुमाए, तर हाम्रो सपना अधुरै रह्यो, सहिदको सपना पुरा गर्न म अर्को खुट्टा गुमाउन पनि तयार छु ।'

कार्यक्रममा सहिद परिवारका सदस्यहरूले क्रान्तिलाई बीचमै तुहाउन खोज्ने प्रचण्ड-बाबुराम प्रवृत्तिप्रति खेद प्रकट गर्दै महासचिव माहेन बैद्य'किरण' र महासचिव 'विप्लव'लाई क्रान्तिको नेतृत्व गर्न सुझाएका थिए । कार्यक्रममा बोल्दै सहिद परिवारका टंक रेग्मीले सहिदका सपनाहरू पुरा गर्न क्रान्तिकारी पार्टीहरूबीच एकताको आवश्यक रहेको बताउनुभयो । उहाँले विगतको बलिदानीले देश र जनताले के पायो भन्दै प्रश्न गर्दै अब नेता बनाउनलाई बलिदानी नभई जनताको मुक्तिका लागि मात्रै बलिदानी दिने बताउनुभयो ।

## फासिवादी...

मोहन वैद्य'किरण'ले ओली दाहाल नेतृत्वको सरकार क्रान्तिकारी शक्तिहरूलाई छिन्नभिन्न पार्ने र दमन गर्ने नीतिसहित फासिष्ट ढंगले आउन खोजेको भन्दै सबै क्रान्तिकारी नेता कार्यकर्ताहरूलाई सचेत रहन आग्रह गर्नुभएको छ ।

भेलामा बोल्दै महासचिव किरणले माकेभित्रको दक्षिणपन्थी संशोधनवादी तथा विसर्जनवादी तत्वहरूका विरुद्ध विद्रोहको झण्डा उचाल्ने साहस गरेकोमा नेता किरातीलाई धन्यवाद दिनुभएको थियो । उहाँले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध बनेर क्रान्तिको बाँकी कार्यभार पूरा गर्न लाग्नुपर्ने ऐतिहासिक आवश्यकता रहेको भन्दै छरिएर रहेका क्रान्तिकारीहरूलाई एकताको लागि आव्हान समेत गर्नुभयो । भेलामा नेता किराती, विष्ट, आहुतीलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

उता नेकपाका स्थायी समिति सदस्य एवं प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'ले फागुन १६ मै एक विज्ञप्ति जारी गर्दै केपी ओली र प्रचण्डको सरकारले उक्त पार्टीका महासचिव विप्लवलाई जारी गरेको वारेन्ट तथा सम्पत्ति रोक्का गर्ने आदेश आफ्नो पार्टीले खारेज गर्ने बताएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टीका महासचिव क.विप्लवको नाममा केपी ओली सरकारको भोजपुर जिल्ला अदालतले भोजपुर जिल्ला प्रहरी कार्यालयको जाहेरी प्रतिवेदनको हवाला दिदै विष्फोटक पदार्थ सम्बन्धी अभियोगमा ०७४ पौष ९ गते गिरफ्तार गर्न जारी गरेको वारेन्ट कपिलवस्तु जिल्ला शिवपुरी उहाँको दाजु चन्द्रबहादुर चन्दको घरमा टाँसिएको छ । हाजिर नभए अंश रोक्का र कब्जा गरिने कथित कानुनी धम्की पनि दिइएको छ । यस प्रकारको पक्राउ पुर्जी टाँस र कानुनी धम्कीको हाम्रो पार्टी पुरै खारेज गर्दछ ।'

विज्ञप्तिमा '१० वर्षको जनयुद्ध, यसका उपलब्धिहरू, हजारौं जनयुद्धका सहिदहरूको रगत र नेपाली क्रान्तिका विरुद्ध अपराध गरी दलाल संसदवादको पुच्छर बनेर हाम्रो पार्टी, क्रान्ति र नेपाली जनताका विरुद्ध साम्राज्यवादीहरूको निर्देशनमा दमनमा उत्रने प्रचण्डको घरमा पनि वारेन्ट पूर्जी टाँसिने छ ।' उल्लेख गरिएको छ र चेतावनी भाषामा लेखिएको छ, 'हाम्रो पार्टी महासचिव क.विप्लवलाई लगाईएको झुट्टा मुद्दा तुरुन्तै खारेज गरियोस् । यदि खारेज गरिएन भने हाम्रो पार्टी नेता कार्यकर्तालाई झुट्टा मुद्दामा फसाउने, गिरफ्तार गर्ने र पार्टीमाथि दमन गर्ने योजनाकार, अदालत एवं प्रशासनका कारिन्दा र सिआईडी सुराकी विरुद्ध कारबाही बढाउन पार्टी बाध्य हुने कुरा समेत स्पष्ट गर्दछ । यसबाट निस्कने भयावह परिणामको कारक तत्व ओली सरकार, प्रचण्ड ओली गठबन्धन र यो देशका दलाल तत्वहरू हुने छन् ।'

## यो दलालहरुको...

शर्मा'सागर'ले एमाले अध्यक्ष समेत रहेका केपी ओली नेतृत्वको सरकारलाई दलालहरूको सरकारको संज्ञा दिंदै जनताका समस्याहरू समाधान गर्नका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको विचार व्यक्त गर्नुभएको छ । क्रान्तिको तयारीमा रहेका पार्टीका नेता कार्यकर्तामाथि विनाकारण धरपकड गर्ने र दमन गर्ने गरेको भन्दै नेता सागरले प्रचण्डहरूले रोक्न खोजेर नयाँ जनवादी क्रान्ति नरोकिने चेतावनी दिनुभयो ।

कार्यक्रमको प्रमुख अतिथिको सैहियतबाट उहाँले तत्कालीन दशवर्षे जनयुद्धकालमा एमालेले माओवादीका नेता कार्यकर्ताका विरुद्ध सिआइडी सुराकी गरेर ठूलो क्षति पुऱ्याएको प्रसंग निकाल्दै एमालेमा विलय हुन पुगेका माओवादी केन्द्रका नेता कार्यकर्ताहरूलाई पनि क्रान्तिकारीहरूका विरुद्ध सिआइडी सुराकी नगर्न कडा चेतावनी दिनुभयो र भन्नुभयो, 'म सबैलाई चेतावनी दिन चाहन्छु, तपाईहरू क्रान्तिकारी नेता कार्यकर्ताहरूका विरुद्ध नलाग्नुस्, अन्यथा दुःखका साथ भन्नुपर्छ तत्कालीन रुकुमका एमाले नेता यदु गौतमको जस्तै हुनेछ ।'

निकै भावुक र आक्रोशित मुद्रामा प्रस्तुत भएका नेता सागरले क्रान्तिलाई सडकको पेटीमा मिल्काएर जबजको खोस्टो ओढ्न पुगेका प्रचण्डले क्रान्ति र बलिदानमाथि सबैभन्दा ठूलो गद्दारी गरेको दावी गर्नुभयो । प्रचण्डकै पूर्वाग्रही दृष्टिकोण र लापरवाहीका कारण जनयुद्धकालमा यानप्रसाद गौतम'आलोक' प्रहरी कारबाहीमा मारिएको दावी गर्दै आलोकलाई सहिद घोषणा गर्न प्रचण्ड कहिल्यै तयार नभएको भन्दै आलोकप्रति प्रचण्डले घोर अपमान गरेको टिप्पणी गर्नुभयो ।

क्रान्तिको प्रक्रिया अगाडि बढाउन छरिएर रहेका सबै क्रान्तिकारीहरू एउटै झण्डामुनि गोलबन्द हुने प्रक्रिया जारी रहेको बताउँदै नेता सागरले सहिद तथा बेपत्ता योद्धाहरूका क्रान्तिका अधुरा सपना पूरा गर्ने प्रतिबद्ध रहेको बताउनु भयो ।

कार्यक्रममा नेकपाका नेता बाबुराम गजमेरले क्रान्तिका लागि भौतिक सुख सुविधा त्याग्दै फेरि पनि बलिदानीपूर्ण संघर्षमा होमिन क्रान्तिकारीहरू तयार रहनुपर्ने भन्दै क्रान्तिको प्रक्रियालाई अगाडि बढाएर मात्र सहिदहरूप्रति सच्चा सम्मान हुने विचार व्यक्त गर्नुभयो ।

क्रान्तिकारी माओवादीका केस तथा काभ्रे सेक्रेटरी सोनाम तामाङले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन नेकपाका काभ्रे इन्चार्ज शरद रसाइलीले गर्नुभएको थियो ।

कार्यक्रममा नेकपाका नेता हिमक, माणिक लामा, क्रान्तिकारी माओवादीका केस हरिकृष्ण गजुरेल र सहिद परिवारको तर्फबाट कृष्णप्रसाद गौतमले बोल्नुभएको थियो ।

कोभ्रेको चौरी देउरालीमा भएको कार्यक्रमका प्रमुख अतिथि नेता सागरलगायत अतिथिहरूले सहिद तथा बेपत्ता योद्धा परिवार र घाइते योद्धालाई क्रान्तिकारी माओवादी र नेकपाका तर्फबाट सम्मान पत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो ।

## किन नेपाल...

गरेका विमानस्थलका एक उच्च अधिकारीले बताए । सुरक्षा र अन्य कारणले भ्रमण तालिका र भ्रमण तयारी गोप्य राखिएको चिनियाँ दूतावास उच्च स्रोतले जनाएको छ ।

भ्रमणको तालिका प्रधानमन्त्री ली नेपाल आउनु केही दिनअघि मात्रै सार्वजनिक हुने दूतावास स्रोतले जनाएको छ । यसअघि नेपालले पटक-पटक चिनियाँ राष्ट्रपति सीलाई नेपाल भ्रमणको निम्तो पठाउँदा चिनियाँ पक्षले सकारात्मक जवाफ पठाए पनि भ्रमण हुनसकेको थिएन । आफ्नै मुलुकले अघि बढाएको महत्वाकांक्षी परियोजना 'बेल्ट एन्ड रोड इनिसियटिभ'लाई मूर्तरूप दिन चीनले नेपालमा उच्चस्तरीय भ्रमणको आवश्यकता महसुस गरेको बताइएको छ ।

यसैबीच, पाकिस्तानी प्रधानमन्त्री सहिद खकान अब्बासी नेपालको निमन्त्रणामा नभई आफ्नै इच्छामा मंगलबार दिउसो दुईदिने सद्भावना भ्रमणका क्रममा काठमाडौं आउँदै छन् । भ्रमण टोलीमा विदेशमन्त्री खवाजा मोहम्मद असिफ, परराष्ट्र सचिव तेहिमना जान्जुआ, परराष्ट्र प्रवक्ता डा. मोहम्मद फैसललगायत एक दर्जन उच्च अधिकारी रहनेछन् ।

आफ्नै विमानमा आउन लागेका पाकिस्तानी प्रधानमन्त्रीले नेपाली समकक्षी केपी ओलीसँग सोमबार साँझ रात्रिभोजसहित औपचारिक वार्ता गर्दै छन् । उनको भ्रमणबारे औपचारिक घोषणा नहुँदै काठमाडौंका चोकचोकमा शनिबार साँझ नेपाल र पाकिस्तानको झन्डा फहराइएको छ ।

कूटनीतिक स्रोतका अनुसार पाकिस्तानले सार्कको १९औं शिखर सम्मेलनका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग संवादका लागि पाकिस्तानका प्रधानमन्त्री अब्बासीले ओलीसँग आग्रह गर्ने तयारी गरेका छन् । ४ चैत ०७२ मा पोखरामा सम्पन्न सार्क विदेशमन्त्रीस्तरीय बैठकले २४-२५ कात्तिक ०७३ मा इस्लामाबादमा सार्कको १९औं शिखर सम्मेलन आयोजना गर्ने निर्णय गरेको थियो । तर, पाकिस्तान र भारतबीचको तनावका कारण अन्तिम समयमा भारतले सहभागी हुन नसक्ने जनाउ दिएपछि सम्मेलन हुन सकेन । भारतलाई बंगलादेश र भुटानले समर्थन गरेका थिए ।

पाकिस्तानले नेपालसँग द्विपक्षीय लगानी संवर्द्धन तथा प्रवर्द्धन सम्झौता (बिप्पा)मा हस्ताक्षर गर्ने प्रस्ताव पुनः दोहोऱ्याउने तयारी गरेको छ । पाकिस्तानले बिप्पाको प्रस्ताव नेपाललाई चार वर्षअघि पठाएको थियो भने नेपालले त्यसको जवाफ पठाएको छैन ।

पाकिस्तानले २४ चैत ०७३ मा नेपालबाट बेपत्ता भएका पाकिस्तानी सेनाका कर्नेल मुहम्मद हबिब जाहिरको खोजीका बारेमा पनि चासो राख्ने बुझिएको छ । गत चैत २४ गते ओमन एयरलाइन्सको उडान नम्बर डब्लुवाई ०३३३१ बाट काठमाडौं ओर्लेका पाकिस्तानी सेनाका पूर्वलेफ्टिनेन्ट कर्नेल मुहम्मद हबिब जाहिर भैरहवाबाट बेपत्ता भएका थिए । उनको अहिलेसम्म अत्तोपत्तो छैन । पाकिस्तानी राहदानी नम्बर एजे ५१२२९६४ रहेका उनी काठमाडौं ओर्लेलगत्तै बुद्ध एयरको उडानबाट त्यही दिन भैरहवा पुगेपछि बेपत्ता भएको पाकिस्तानी दूतावासले परराष्ट्र मन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ ।

## नयाँ जनवादी...

.......... संसार तिमीहरूको हातमा छ । चीनको भविष्य तिमीहरूकै हातमा छ ।' 'मास्कोमा चिनीयाँ विद्यार्थी र तालिमेहरूको सभामा प्रवचन' (नोभेम्बर १७, १९५९), अध्यक्ष माओत्सेतुङका उद्धृत उक्तिहरू, विदेशी भाषा प्रेस, पेकिङ १९७२ ।

त्यस्तै कमरेड माओले ४ मई १९५९ का दिन मई ४ आन्दोलनको बीसौं वार्षिकोत्सवको अवसरमा यनानका युवाहरूलाई सम्बोधन गर्ने क्रममा ४ मै १९१९ को चीनको ऐतिहासिक ४ मई आन्दोलनको स्मरण गराउँदै र त्यसको महत्व र त्यस आन्दोलनले चिनीयाँ कम्युनिष्ट आन्दोलन र क्रान्तिको अभियानमा पारेको प्रभाव पारे अत्यन्तै शालिन ढंगले प्रकाश पार्नु भएको थियो ।

यसका अतिरिक्त फरवरी २७, १९५७ का दिन जनताका अन्तर्विरोधहरूको सही सञ्चालनका विषयमा प्रबल दिने क्रममा कमरेड माओले भन्नुभएको छ- 'हामीले हाम्रा सबै तन्नेरीहरूलाई हाम्रो देश अझै गरिब छ, हामीले यस अवस्थालाई तुरुन्तै छोटो अवधिमा फेर्न सक्तैनौं, र हाम्रो नयाँ पुस्ता र हाम्रा सबै जनताको संयुक्त प्रयासबाट उनीहरूका आफ्नै हातले मात्र चीनलाई कैयौं दशकमा बलियो र समृद्ध तुल्याउन सक्छौं भन्ने कुरा बुझाउन कोसिस गर्नैपर्छ । हाम्रो समाजवादी व्यवस्थाको स्थापनाले भविष्यको आदर्श समाजतिर लाने बाटो खोलिदिएको छ तर यस आदर्शलाई वास्तविकतामा परिणत गर्नु हाम्रा कडा परिश्रममा निर्भर छ ।'

माओत्सेतुङ 'जनताका अन्तरविरोधहरूको सही सञ्चालनका विषयमा' (फरवरी २७। १९५७), अध्यक्ष माओत्सेतुङका उद्धृत उक्तिहरू (पृ. ३२७)

हामीले विश्वका ठूला वैज्ञानिकहरूले विविध क्षेत्रमा गरेका खोज, अनुसन्धान र आविष्कारको इतिहास हेर्‍यौं भने के पाउँछौं भने ती अधिकांश महान् वैज्ञानिकहरूले पनि युवाअवस्थामै नै आफ्ना खोज अनुसन्धानहरू पूरा गरेको पाउँछौं । जस्तोकि वैज्ञानिक साम्यवादका प्रवर्तक कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले पनि युवाअवस्थामै विख्यात कम्युनिष्ट घोषणापत्रको घोषणा आफ्नो युवाअवस्थामा सम्पन्न गर्नु भएको थियो । मार्क्सवादको अनुसन्धान पनि युवा उमेरमै गर्नुभएको थियो । कम्युनिष्ट घोषणापत्र जारी गर्ने बेला कार्लमार्क्स ३० वर्षको हुनुहुन्थ्यो भने फ्रेडरिक एंगेल्स जम्मा २८ वर्षको । अतः यी तथ्यहरूबाट के पाठ सिक्न सकिन्छ भने युवा अवस्थामै नै मानिस ठूलो योगदान पुऱ्याउन सक्छ, समाजलाई अपकल्पनीय इतिहासबाट प्राप्त शिक्षा हो ।

हामी नेपाली हौं । हामी नेपालमै महान् नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्न चाहन्छौं । नेपाली समाजलाई अन्तिममा वैज्ञानिक साम्यवादी समाजसम्म पुऱ्याउन चाहन्छौं । यो हाम्रो प्रतिबद्धता पनि हो । तर, नेपाल धेरै गरिब देश छ । यो देश धेरै पिछडिएको र अशिक्षित देश पनि हो । बेरोजगार, अभाव र गरिबीले ग्रस्त देश हो हाम्रो नेपाल । आजसम्मका यहाँ शासकहरूले देश र जनताप्रति अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन मात्रै थोपर्दै आएका छन् । राष्ट्रिय स्वाधीनतामाथि सौदाबाजी गर्दै आएका छन् र नेपालका नदीनालाहरू भारतलाई विनामूल्य विक्री गर्दै आएका छन् ।

आजसम्मका यहाँका शासकहरू साम्राज्यवाद र विशेष गरी भारतीय विस्तारवादका सामु लम्पसार परेर आत्मसमर्पण पर्दै आएका छन् । भारतीय विस्तारवादी शासकहरूसँग असमान तथा अपमानजनक सन्धिसंझौता गर्दैआएका छन् र राष्ट्रलाई बन्धकीमा राखेर नेपाली जनतामाथि शासन र शोषण लाद्दै आएका छन् । बेरोजगारी र अभावका कारण आज भारत प्रवास हुँदै तेस्रो विश्वका अनेक राष्ट्रहरूमा समेत करिब एक करोड युवाशक्ति रोजगारीका लागि विदेश पलायन भइरहेको छ । त्यहाँ पुगेर उनीहरूले नाटकीय जीवन ज्यून बाध्य छन् । यता शासकहरू रेमिटेन्सले मुलुक चलेको गफ लगाइरहेका छन् ।

भ्रष्टाचार, घुसखोरी, कालोबजारी, कमिसनखोरी, तस्करी, अनियमितताका कारण देश बर्बादीको डिलमा पुऱ्याइएको छ । गास, बास, कपासको कुनै ग्यारेन्टी छैन । शिक्षा, स्वास्थ्य र यातायातलाई निजीकरणमा सुम्पिएकै कारण आर्थिक भारले आम नेपाली जनताको ढाड सेकिएको छ । महँगी र अभावले इतिहासमै आकाश छोएको छ ।

विगतका राजनीतिक आन्दोलनहरू २००७ साल, २०४६ साल २०६२/०६३ का आन्दोलनहरू सम्झौतामा टुंगी आएका कारण जनताले परिवर्तनको अनुभूतिसम्म पाउन सकिरहेका छन् । वैदेशिक हस्तक्षेप बढेर गएको छ । शासकहरू विदेशी शक्तिका दास र कमारा कमारीसरह भएर शासन चलाइरहेका छन् । राष्ट्रिय स्वाधीनता धरापमा पर्दै आएको छ ।

महान् दशवर्षे जनयुद्धमा लाखौं नेपाली जनताले ठूलो मात्रामा रगत र पसिना बगाए । तर जनयुद्धको मुख्य नेतृत्व गरेर आएका पुस्पकमल दाहाल प्रचण्ड समुहले जनयुद्धका सबै उपलब्धिहरूलाई प्रतिक्रियावादीहरूलाई, देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूलाई बेचेर आज एमालेभित्र विलय हुन पुगेको छ र महान दश वर्षे जनयुद्धका उपलब्धीहरूको अवसान गराउन सफल भएको छ ।

वाम गठबन्धनका नाममा जनतालाई झुक्याएर एमाले-माकेले भोट बटुलेर आज सत्तामा आसिन हुन पुगेका छन् र दलाल तथा पुँजीपतिवर्ग, नोकरशाह तथा सामन्तवर्गको राज्यसत्ताको प्रतिनिधित्व गर्न पुगेर समाजवाद र मुलुकको समृद्धिको झूठो नारा फकालिरहेका छन् । आज संघीयताका नाममा सिंहदरबारबाट हुँदैआएको भ्रष्टाचार अब प्रदेश र गाउँगाउँसम्म पुऱ्याउने संरचनाहरू तयार पारेर बसेका छन् । अव भ्रष्टाचार इतिहासमै देशव्यापी रूपमा मौलाएर आउने वाला छ । नेपाली जनताको जीवनस्तर निम्नस्तरबाट गिरेर अत्यन्तै कठिन र जर्जर बन्दै गएको छ ।

एकातिर मुलुकको यस्तो स्थिति छ भने अर्कोतिर मालेमावादको पथप्रदर्शन र निर्देशनमा चल्दै र पुनर्गठित हुँदैआएको नेकपा (क्रान्तिकारी माओवादी) देशभरि छरिएर रहेका क्रान्तिकारीहरूलाई ध्रुवीकरण र एकीकरणको माध्यमबाट एकीकृत गर्दै महान् दशवर्षे जनयुद्धको आधारमा सशस्त्र जनविद्रोहमार्फत् महान् नेपाली क्रान्ति सम्पन्न गरेर जनवाद, वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्य र प्रतिबद्धताका साथ अगाडि बढिरहेको छ ।

देश अझैसम्म पनि अर्धसामन्ती नवऔपनिवेशिक अवस्थामा रहेको छ । हामीले वर्तमान नेपाली समाजको ठोस विश्लेषण गरेर नेपाली नयाँ जनवादी क्रान्तिको कार्यक्रम पनि जनताका बीचमा प्रस्तुत गर्दै पनि आएका छौं । हाम्रो क्रान्तिको न्यूनतम कार्यक्रम नयाँ जनवाद हो भने अधिकतम कार्यक्रम वैज्ञानिक समाजवाद र साम्यवाद हो ।

हाम्रो क्रान्तिको नेतृत्वदायी शक्ति नेकपा (क्रान्तिकारी माओवादी) हो भने क्रान्तिको मुख्य शक्ति मजदुर किसानहरू हुन् । यिनीमै भर परेर, नेपाली जनतामै भर परेर हामीले क्रान्ति सम्पन्न गर्ने हो ।

महान् नेपाली नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने हाम्रो प्रतिबद्धता हो । यो कर्तव्य हामीले पूरा गर्नै पर्ने छ । माथि पनि चर्चा गरिएको छ । विगतको स्वदेश तथा विदेशका थुप्रै अनुभवहरू हामी सितै छन् । महान् दशवर्षे जनयुद्ध र अन्य राजनीतिक आन्दोलनहरूमा लाखौं नेपाली युवाहरूले रगत र पसिनामात्रै बगाउँदै आएका छैनन् जीवनसमेत समर्पित गर्दै आएका छन् देश र जनताका लागि ।

महान् नेपाली क्रान्तिको यो यात्रालाई लक्ष्यसम्म पुऱ्याउनको निम्ति फेरि पनि लाखौं, करोडौं युवाहरूको विगतमा झैं खाँचो र आवश्यकता पर्ने छ नै । त्यसका लागि पार्टीको वरिपरि र मुलुकको पहरेदारको रूपमा मात्र नभएर मुलुकको परिवर्तनको नीति निम्ति समर्पित भएर खडा हुन जरुरी छ ।

जोस, जाँगर, त्याग, समर्पण, तागत र भविष्यको खोजी गर्ने गुण र विशेषताहरू युवापंक्तिमा बढी मात्रामा हुने भएकाले फेरि पनि ठूलो पैमानामा क्रान्तिको लागि युवाशक्तिको आवश्यकता पर्नेछ । त्यो ऐतिहासिक खाँचो पूरा गर्नको निम्ति नेपाली युवासमुदायले आफूलाई मालेमाको सिद्धान्तबाट आफूलाई लैस पार्दै लैजाने र मार्क्सवादी ज्ञान भण्डारमा पनि आफूलाई पोख्त पार्नका निम्ति विगतभन्दा पनि बढी परिश्रम त गर्नैपर्ने हुन्छ । एक माथि पनि भनिएको एउटा युवा क्रान्तिकारी नवनीकन जीवनभर क्रान्तिमा लागिरहन पनि असम्भव हुन्छ । त्यसो भएर युवाहरू पहिले क्रान्तिकारी हुन जरुरी छ । त्यसको निम्ति मालेमावादको सैद्धान्तिक विद्यालय महाविद्यालय भर्ती भएर खारिनु पर्नेछ । हाम्रो वैचारिकस्तरको विकास किताबी अध्ययन मात्रै नभएर वर्गसंघर्ष नै मुख्य भएकाले युवाहरू वर्गसंघर्षको यही महीमा पसेर खारिनु अनिवार्य शर्त हो । त्यसको निम्ति क्रान्तिकारी युवाहरू तयार हुन जरुरी छ । यहाँ उल्लेख गर्न खोजिएको क्रान्तिकारी युवाहरूको बारेमा जो यस विषयमा क.माओ अगाडि भन्नुहुन्छ, जो हजारौं मारबाट हुने मृत्युदेखि डराउँदैन उसले नै वादशाहलाई घोडाबाट खसाल्ने आँट गर्दछ ।' समाजवाद र साम्यवादको निर्माण गर्न हाम्रो संघर्षमा चाहिने दुर्जय भावना यही हो (उही पृ. २९३) । नेपाली युवाहरूले माओका यी भनाइलाई आत्मसात गर्न जरुरी छ ।

एकातिर शासक वर्गहरू देशभित्र बेरोजगार र अभाव कायमै राखेर, युवाशक्तिलाई निराश बनाउने रोजगारीका लागि विदेश पलाउने र क्रान्तिमा भाग लिनबाट अलग्याइदिने षड्यन्त्रपूर्ण ढंगले वातावरण निर्माण गरिरहेका छन् । त्यस्तै अर्कोतिर दक्षिणपन्थी, संशोधनवादी तथा सुधारवादी नवसंशोधनवादीहरूले हजारौं युवाहरूलाई संसदीय स्वार्थहरूमा हुलेर क्रान्तिप्रति लाग्न निस्क्रिय तुल्याउने, विभिन्न संसदीय लोभलालचमा फसाउने स्वार्थी बनाउने, विभिन्न गैरसरकारी संघ संस्थामा अल्झाउने षड्यन्त्रमा लागेका छन् ।

साथै सत्ताधारीहरूले पश्चिमा अस्लिल तथा छाडा साहित्य र संस्कृतिलाई दिशाभित्र निर्वाध रूपमा भित्र्याउने, कुरूप र पाखण्डी संस्कृतिको विकास गरेर नेपाली युवापंक्तिलाई पंगु बनाएर क्रान्तिबाट विमुख बनाउने षड्यन्त्र भइरहेको छ ।

क्रान्तिविरोधी देशीविदेशी प्रतिक्रियावादीहरू गरिने यस प्रकारका विकृतिबाट जोगिएर देशभक्त, प्रगतिशील एवं क्रान्तिकारी युवायुवतीहरू मार्क्सवादी, प्रगतिवादी, एवम् यथार्थवादी समाजवादी साहित्य, कला र संस्कृतिले लैस हुदै जाने र जनवादी संस्कृतिमा आफूलाई ढाल्दै लैजान जरुरी छ । र कुनै प्रकारका कुसंस्कृति र संस्कारबाट मुक्त भएर वैज्ञानिक विचार, चिन्तन संस्कृतिको विकास गर्न जरुरी छ ।


दशवर्षे जनयुद्धको नेतृत्व गरेर आएको प्रचण्ड समूहले यसका सम्पूर्ण उपलब्धिहरू देशीविदेशी प्रतिक्रियावादीहरूलाई बेचेर एमालेमा विलय भएपछि नेपाली जनताका साथै युवापंक्तिलाई एकहदसम्म निरास तुल्याउने, क्रान्तिप्रति, क्रान्तिकारी नेतृत्वप्रति अविश्वास पैदा गर्ने, घृणा जागृत गर्ने पनि हुन सक्छ । यसबाट निरास हुन र अल्मलिनु हुँदैन । यो क्षणिक विषय हो । यस परिघटनाले निर ।सा होइन कि विद्रोहको विस्फोटसमेत गराउने छ ।

चिनीयाँ इतिहासबाट पनि हामीले सिक्नुपर्ने हुन्छ । सन् १९११ मा राजतन्त्रको अन्त्य भयो । प्रजातन्त्र आयो । डा.सनपात सेन राष्ट्रपति भए । सन् १९१९ मई ४ का दिन हजारौ युवाहरूले राजधानी बेइजिङमा विशाल प्रदर्शन गरेर जसलाई चीनको राजनीतिक इतिहासमा ४ मई आन्दोलनका नामले प्रख्यात छ । ४ मई आन्दोलनले सारा चीनलाई डगमगाई दियो । त्यसले सन् १९२१ मा चिनीयाँ कम्युनिष्ट पार्टी निर्माण गर्न ठूलो आधार निर्माण गरि दियो ।

नेपालमा पनि राजतन्त्रको अन्त्य भएर बुर्जुवा संसदीय व्यवस्थाको स्थापना गरिएको छ । अब चिनीयाँ युवाहरूले ४ मई आन्दोलनको आयोजना गरेर इतिहासमै सारा चीन र चिनीयाँ जनतालाई उद्वेलित र जागरुक गराएर नेपाली युवाहरूले सशक्त आन्दोलनको आँधीबेरी सृष्टि गरेर यहाँका देशीविदेशी प्रतिक्रियावादीको मुटुमा द्यांग्रो ठोकी दिन र नेपाली जनतालाई हौसला प्रदान गर्न एकपटक जुरुक्क उठ्न अति जरुरी छ । नेपाली युवाहरूलाई पनि किनभने भोलिको भविष्यको जिम्मेवारी पनि त युवाहरूकै हो । किनकि लाखौंलाख युवाहरूकै हो । किनकि लाखौंलाख युवाहरूको सक्रिय सहभागिताबिना महान् नेपाली क्रान्तिले लक्ष्य हासिल गर्न सम्भव पनि छैन ।

माथि पनि धेरै ठाउँमा उल्लेख गरिएको छ । साँच्चिकै क्रान्तिकारी भावनाले ओतप्रोत भएका युवाहरूले मात्र नेपाल (नेपाली) जनतामाथि थिचोमिचो गर्दैआएका साम्राज्यवाद र दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादका पहाडहरू भत्काउन सक्नेछन् । यस्तै प्रसंगमा युवाहरू कस्तो हुनुपर्दछ भन्ने विषयमा अध्यक्ष माओ अगाडि भन्नुहुन्छ- 'सांस्कृतिक विनाको सेना बोधो सेना हो र बोधो सेनाले शत्रुलाई हराउन सक्तैन ।' - सांस्कृतिक मोर्चामा संयुक्त (अक्टुबर ३०, १९५५) उही पृ. ३४३ ।

अन्त्यमा आज सहिद सप्ताहको अन्तिम दिन हो । यस ऐतिहासिक दिनमा हाम्रो के प्रतिबद्धता प्रकट गर्न जरुरी छ भने महान् नेपाली क्रान्ति सम्पन्न गरेर मात्र महान् सहिदहरूका सपनाहरू साकार पार्न सक्नेछौं । अन्त्यमा महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली ।



फागुन १५ देखि फागुन २१ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# जनता झुक्याउने दिन गए !

**फागुन १५ गते ।** नेपालमा पहिलो पटक संघीय राज्य जन्मिए तर गर्भभित्रैबाट पिनासे रोग लागेर जन्मिएको बालखजस्ता भएका छन् । यी संघीयताको रोग निको होला नहोला ? यो कुराको जानकार संघीयता कै आमाबाबुहरूले जान्ने कुरा हो रोगी किन भए, रोगी बच्चाको जन्म गराउनु हुन्थ्यो वा हुन्नथ्यो, यसका जानकार पनि आमाबाबु नै हुनुपर्ने हो । विस्तारै उपचार गर्दै जालान् तर एउटा कुराको जानकारी भने पक्कै भएको छ, यो देशका जनता पनि विश्वका चतूर जनता जत्तिकै रहेछन्, अन्यथा जीवनभर सामन्तको मुठ्ठीमा बसेर बोल्नै सक्तैनन् भन्ने आरोपबाट मुक्ति खोज्दैनथे र अब सामन्तहरूले पनि आफूलाई परिवर्तन गर्नु जरुरी भएको छ

**फागुन १६ गते ।** एमाले–माओवादी केन्द्रका अध्यक्षद्वय के.पी–प्रचण्ड अब युद्धका कमाण्डर रहेनन् । यतिबेला उनीहरू दुवै नेपाली जनताका परिवर्तनका नाइकेमा परिवर्तन भएका छन् । दुवैको इतिहास जनताका सामु नराम्रो त छैन तैपनि अहिलेसम्म राम्रो काम पनि गर्न भ्याएका छैनन् । यो भन्दा अगाडि एकले अर्कोलाई आमाचकारी बाहेकको गालीबाहेक सबै भ्याइसकेर पनि राजनीतिमा जे पनि जायज हुन्छ भन्ने खालको एकता गरेर दुनियाँलाई त देखाइसकेका छन् र अब उनीहरू आफैंले हेर्ने बेला आएको छ । अर्थात् हेर्ने ठाउँमा आफैं पुगेका छन् । यो आफ्नो चर्तिकला हेरेर आफैं दङ्ग पर्ने हुन् वा इतिहासमै कलंकित भएर फर्किने हुन्, हेर्न बाँकी छ । यसलाई गालीगलौज वा पूर्वाग्रही सम्झिनुभन्दा पनि अर्ति वा उपदेश सम्झिनु राम्रो होला ।

**फागुन १७ गते ।** जनतालाई अब झुक्याउने काम नगरौं । जीर्ण सडकहरूको पुनर्निर्माणमा योभन्दा अगाडि निकै चार्चा चल्ने गर्थ्यो, 'पैसा जति पनि छ, तर खर्च गर्ने तरिका नभएर जीर्ण सडक बन्न सकिरहेका छैनन्' तर हालै समाचारमा आएको छ, 'पैसा नभएर यी सडक बन्न सकेका छैनन्, सडक विभागले अर्थ मन्त्रालयसँग १८ अर्ब मागिरहेको छ, तर अर्थले पैसा दिएको छैन ।' यस्ता समाचारले अब जनतालाई वाक्क पार्न थालेको छ र भित्रभित्रै गुम्सिएर छट्पटाउन चालिरहेका छन् । यो छट्पटाहट धेरै दिन टिक्न सक्तैन । टिक्न नसकेपछि विस्फोट हुन्छ । यो विस्फोटले कहाँ-कहाँ क्षति पुऱ्याउँछ, सबैलाई ज्ञान भएकै कुरा हो ।

**फागुन १८ गते ।** सर्वसाधारण नागरिक डाक्टरलाई ईश्वर नै मान्छन् तर इश्वर छ/छैन कसैलाई थाहा छैन । तिनै डाक्टर ती सर्वसाधारणको जीवनमाथि यतिसम्म लापरर्वाही गर्छन् कि त्यसको जति भत्सर्ना गरे पनि पुग्दैन । त्यस्तै भएको छ यो हप्ता । नेपालको यिनेगिने सूचीमा दर्ज भएको नर्भिक अस्पतालमा एकजना युवतीको एउटा खुट्टामा समस्या आएर अस्पताल जाँदा अर्कै खुट्टाको अपरेशन गरिदिएका छन् । यस्तो लापरवाहीलाई पनि साधारण गल्ती ठानेर नेपाल मेडिकल बोर्डले ती डाक्टरलाई माफी दिनुपर्ने धम्की नेपाल सरकारलाई दिएको बुझिएको छ, यसमा माफी दिने हो भने गएको शेबवहादुर सरकार र ओली सरकारमा के नै फरक पर्ला र !

**फागुन १९ गते ।** एक वर्ष अगाडि मात्रै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई अपराधी घोषणा गर्ने दाहालकै दौंतरी रामबहादुर थापा माओवादी केन्द्रमै प्रवेश गरेर ओली सरकारमा गृहमन्त्री बनेका छन् । नेताहरूको यस्तो चरित्र देख्ता लाग्छ, 'राजनीतिमा नाजायज केही पनि छैन, जे छ नैतिकता छ' । तर, आफूबाट फुटेर गएका नेत्रविक्रम चन्द 'विप्लव'लाई भने खोजी-खोजी उडाउने योजना बुनिरहेको पनि बुझ्नमा आएको छ । हिजोआज नेपाल प्रहरीले 'इन्काउण्टर' लाई अत्यन्तै सस्तो बनाएको छ । यो शब्दले अपराधीलाई बुइगलवास त बनाएकै छ, बनाउनु पनि पर्छ, गिरफ्तार गरेर जेल पठाउँदा नेताहरूको आर्षिवाद प्राप्तहुने गरेकाले कसैले विरोध गरिरहेको छैन तर विप्लप एकजना युवा नेता हुन । जो कुनैवेला रामबहादुर थापा पनि थिए ।

**फागुन २० गते ।** राष्ट्रका सर्वोच्च शिखर पदमा पदाशिन राष्ट्रपति र उपराष्ट्रपतिद्वयको पदलाई निरन्तरता दिने सोच के.पी. र पी.के. ले बनाएको समाचार आएको छ । आर्थिक भारको हिसाबले त ठीकै हो तर युद्धमैदानमा होमिएका वयोबृद्ध महापुरुषहरूलाई दिने जिम्मेवारीमा क्रमभङ्ग हुने कारणले केही सोच्दा बुद्धिमानी हुन्छ कि ? यो संविधानलाई नमान्नेहरूलाई त लुतो न कनाई ।

**फागुन २१ गते ।** नेपालीहरू फेरि एकपटक ठगिनबाट जोगिएका छन् । नेपाली प्रेस र राजनीतिलाई सुकोदाम दिन अस्वीकार गर्ने स्वनामधन्य पैसावाललाई एक मनोरञ्जनको नाममा ठगी गर्ने समूहले भारतीय नौटंकी कलाकारहरू भित्र्याएर एउटै टिकटको पचास हजारसम्म असूल गर्ने योजना बुनिरहेकोमा नेत्रविक्रम चन्दको नाम बेचेर सुरक्षाको कारण देखाउँदै स्थगित गरेको जानकारी गराएको छ तर भित्रसम्म पुगेर खोतल्दा टिकट बिक्री नभएर स्थगित गरेको बुझिएको छ । यस्ता ठगहरूलाई ओली सरकारले निगरानीमा राख्ने हो कि ?

## नयाँ जनवादी...

क्रान्तिकारी शक्तिबीच एकता आवश्यक रहेको बताउनुभएको थियो । उहाँले विचार मिल्ने शक्ति बिचमा एकता आवश्यक रहेको जोड दिदै एकताका लागि बहस थाल्नुपर्ने र एकताबाट मात्र शहिदका सपना पुरा गर्न सकिनेमा जोड दिनुभयो ।

त्यस्तै कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा लुम्बिनी ब्युरो इञ्चार्ज चन्द्रबहादुर चन्द वीरजंगले देशमा घुसखोरी कमिशनतन्त्र मौलाएकाले क्रान्तिकारी शक्तिबीच एकता आवश्यक रहेको बताउनुभयो । उहाँले क्रान्तिकारी एकताबाट मात्र संर्घष हुने र क्रान्तिको कार्यभार पूरा हुने बताउनुभएको थियो । कार्यक्रममा सहिद तथा बेपत्ता परिवारहरूले आफ्ना सन्तानले दिएको बलिदानी खेर जान थालेको भन्दै चिन्ता समेत व्यक्त गरेका थिए । नेपाल कम्युनिष्ट पार्टी नवलपरासीका सचिव शिवशंकर बस्यालको अध्यक्षता क्रान्तिकारी माओवादीका जिल्ला सचिव सिबी थापाको संचालनमा सम्पन्न कार्यक्रमलाई छबिलाल खरेलको स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य अशोक लम्साल अनुकूल, नेकपाका जिल्ला इञ्चार्ज गंगा ज्ञवाली सुमन, सहिद परिवारकातर्फबाट देवीलाल खनालगायतले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा ३४ जना सहिद तथा बेपत्ता योद्धा परिवारलाई सम्मान गरिएको थियो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चपुर, निजगढ, रौतहट
बत्तु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ गाडिका लागि सम्पर्क
टाटासुमो बोलेरो
काठमाडौं फोन
सिन्धुली फोन
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चावहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# अध्यात्मवाद र साम्यवादी पार्टी



● के.बी. गुरुङ

नेपालमा साम्यवादी पार्टीको स्थापना २००६ सालमा भएको र पार्टीको विश्व दृष्टिकोण अर्थात दर्शन द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद भएको सर्वविदितै छ । विश्वलाई हेर्ने र बुझ्ने दुई दर्शन छन् । जसलाई विश्व दृष्टिकोण पनि भनिन्छ । अध्यात्मवादले अन्तिम सत्य वा वास्तविकता परमात्मा (ईश्वर) नै हो र सांसारिक विषयवस्तुचाहिँ झुट्टा र भ्रमपूर्ण मान्दछ । संसारलाई जान्न र बुझ्न सकिन्न यो अथाह छ । त्यो त परमात्माले मात्र जान्दछन् भन्ने मान्यता राख्दछ र संसारलाई जड्रूपमा हेर्दछ । त्यसको विपरीत द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादले संसारका हरेक वस्तु परिवर्तशील र वोद्यगम्य छ भन्ने मान्यता राख्दछ । यसरी अध्यात्मवाद र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद फरक मात्र नभएर एक अर्काका विपरीत विश्व दृष्टिकोण भएको प्रष्ट हुन्छ ।

यो वर्गीय समाजमा सबै कुरा वर्गीय हुन्छ, आर्थिक, राजनीतिक, समाजिक, सांस्कृतिक, दर्शन र विश्वदृष्टिकोण आदि । र, त्यसको पक्षधरता हुन्छ । तसर्थः दर्शन र विश्व दृष्टिकोणको पनि पक्षधरता हुन्छ । अध्यात्मवादले उत्पीडकको र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादले उत्पीडित वर्गको पक्षधरता गर्दछ । साम्यवादी पार्टी शोषित सर्वहारा उत्पीडित वर्गको पक्षधरता मात्र नभएर अग्रदस्ता पनि हो । त्यसर्थमा साम्यवादी पार्टी र त्यसका नेता, कार्यकर्ता र सदस्यहरूले कुन विश्वदृष्टिकोण अवलम्वन गर्नु पर्दछ स्वतः स्पष्ट छ ।

नेपाली समाजमा लामो समयदेखि अध्यात्मवादी विश्वदृष्टिकोणको पनि पुरातनपक्ष सामन्तवादको भारतीय संस्करण हिन्दुवाद र त्यसको नेपाली संस्करण व्रह्मणवादको गहिरो प्रभाव रहँदै आएको छ । हिन्दू र व्रह्मणवादकै आधारमा साशनसत्ता सञ्चालन र त्यसकै आधारमा आर्थिक, राजनीतिक, समाजिक, धार्मिक र सांस्कृतिक मूल्य मान्यता निर्धारण हुँदैआएका छन् । दशवर्षे जनयुद्ध र ०६२/६३ को जनआन्दोलनको बलमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासँगै लामो समयदेखि नेपालको संविधानमा समेत उल्लेखित 'हिन्दु अधिराज्य'लाई अन्तरिम संविधान-२०६३ ले खारेजगरी नेपाललाई धर्मनिरपेक्ष राज्य भएको घोषणा गऱ्यो । तर विडम्वना ! आफूहरूलाई लोकतान्त्रिक र साम्यवादी पार्टीका नेता भन्नेहरूले नै बनाएको नेपालको संविधान-२०७३ ले 'धर्मनिरपेक्ष' 'राज्य भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्दछ ।' भन्ने विकृतिपूर्ण परिभाषा गरेर धर्मनिरपेक्ष राज्यको मूल मर्मलाई नै तोडमोड र निस्तेज र 'हिन्दु अधिराज्य' भन्दा पनि पछाडी पुऱ्याएको छ । किनकि सनातन धर्म हिन्दु धर्मको पनि पूरातनपक्ष हो । जबकि धर्मनिरपेक्ष राज्यको विश्वब्यापी मान्यता भनेको राज्यको कुनै धर्म हुँदैन र हुनु पनि हुँदैन भन्ने हो । धर्म वैदिक आस्था र विश्वासको चिज हो । ब्यक्तिलाई कुनै पनि धर्म मान्ने वा नमान्ने स्वतन्त्रता हुनु पर्छ, त्यसमा राज्यले दख्खल गर्नु हुन्न भन्ने हो । यहाँ त एकातिर धर्मनिरपेक्ष राज्य भन्ने अर्कातिर त्यसको विकृतिपूर्ण परिभाषा गरेर 'सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण' राज्यले गर्ने कुरालाई संविधानले अंगिकार गरेको छ ।

साम्यवादी पार्टी द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दर्शनलाई आफ्नो विश्व दृटिकोण मान्ने पार्टी हो । यसर्थ त्यो पार्टीका सदस्यहरूले पार्टीको विश्वदृष्टिकोणलाई नै आत्मसात गर्नु अनिवार्य नै हुन्छ । अन्यथा भनाइमा साम्यवादी पार्टी र त्यसका सदस्य हुने तर ब्यवहारमा अध्यात्मवादी भइरहने खतराबाट मुक्त हुन संभव छैन । आज साम्यवादी पार्टीका आम सदस्यको कुरा छाडौं त्यसका नेता तथा कार्यकर्ताहरू मै यो आधारभूत विषयलाई दैनिक जीवनको ब्यवहारमा लागू गर्ने पक्ष धैरै कमजोर र विचारणीय छ । के आज नेपालका साम्यवादी पार्टीका सदस्यहरूले वास्तवमै पार्टीको विश्व दृष्टिकोणलाई आफ्नो दैनिक जीवनको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक व्यवहारको आधार र दृष्टिकोण बनाएका छन् त ? यो अहं प्रश्नलाई गम्भीरताका सात लिनुपर्ने आवश्यकता खड्कदो छ । यदि साँचो अर्थमा साम्यवादी पार्टी निर्माण र त्यसका सदस्य बन्ने हो भने द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद अनुसारको विश्वदृष्टिकोणलाई आधारभूत आवश्यकताको रूपमा आत्मसात गर्नुको विकल्प छैन । *keshargurung@gmail.com*

०७४ फागुन १८ गते

## जनयुद्धमा...

अन्त्य हुँदै थियो । अमेरिकी पत्रकार ली अनेष्टोले २०५६ सालमा नेपालका माओवादी प्रभावित क्षेत्रहरूमा भ्रमण गर्दा देखेका महिलाको स्थितिलाई आफ्नो पुस्तक 'डिस्प्याचेज फ्रम द पिपल्स वार इन नेपाल'मा यस्तो उल्लेख गरेकी छिन्-

क्रान्तिले महिलाहरूमाथि उत्पीडन गर्ने थुप्रै परम्पराहरूलाई हाँक दिइरहेको छ । उदाहरणका लागि छोराहरूलाई अति महत्व दिने, महिनावारी हुँदा छुन नहुने जस्ता व्यवहार गरिने, विधुवाहरूले बाँकी जीवन पुरै शोकमा बताउनुपर्ने परम्परामाथि चुनौती दिँदैछ । मैले लोग्नेहरू जनयुद्धमा मारिएका धैरै महिलाहरूले रातो लुगा, चुरा र पोते लगाएको देखेकी छु जुन वस्तु लगाएर श्रृंगार गर्नु विधुवा महिलाहरूलाई समाजमा प्रतिबन्ध छ । क्रान्तिले कतिपय परम्परागत चाडपर्वलाई पनि फेर्न कोसिस गर्दैछ ।

जनयुद्धको क्रममा महिलाहरूले छोरासरह छोरीले अधिकार पाउने प्रावधानलाई सुनिश्चित गराए । २०६० सालमा तत्कालीन माओवादी सत्ताअन्तर्गत सार्वजनिक कानुनी संग्रह-२०६० ले महिलालाई पुरुषसरह सम्पत्तिमाथि अधिकार सुनिश्चित गराइदियो । यसलाई महिला संगठनले व्यवहारमा लागू गर्न संघर्ष गरे । २०६१ मा माओवादीको स्थानीयसत्ता चलेका ठाउँहरूमा कयौं अभिभावकले आफ्ना छोरीहरूलाई छोरा सरह अंश दिने निर्णय गरे । त्यसको निरन्तरतामा शान्तिसम्झौता हुनुअघि २०६३ कार्तिक २२ गते भएको उच्चस्तरीय राजनीतिक सहमतिमा महिलाहरूले पुरुषसरह पैतृक सम्पत्तिमा अधिकार पाए जसको दुई महिनापछि अन्तरिम संविधानमा ग्यारेण्टी भयो ।

जनयुद्धका क्रममा जनसेनामा महिला जनसहभागिता भएपछि तत्कालीन शाही सेनाले २०६१ पछि महिलाहरूलाई पनि लड्न फौजका रूपमा भर्ती गर्न थाल्यो । कुनै दुविधाविना भन्न सकिन्छ, यो माओवादी जनयुद्धको नै देन थियो । तर यति लामो र तीव्र उथलपुथलकारी क्रान्तिमा नेतृत्व तहमा महिलाहरूको पहुँच असाध्यै न्यून हुन गयो । जनयुद्ध सुरु गर्नुअघि केन्द्रीय समितिमा एकजना केन्द्रीय सदस्य थिइन र शान्तिसम्झौता हुँदा झण्डै ११ वर्षपछि माओवादी केन्द्रीय समितिमा एक जना थपिएर केवल दुई जना मात्र महिला भए । जनयुद्धमा महिलाको सहभागिताको अनुपातमा नेतृत्व विकास हुन नसक्नु सम्भवतः जनयुद्धको ठुलो कमजोरी हो ।

नेपालमा महिलाले बन्दुक छोएमा त्यो बन्दुक पड्किदैन भन्ने अन्धविश्वास थियो । तर झण्डै ११ वर्ष लामो जनयुद्धको क्रममा महिलाहरूले बन्दुक पड्काए र उक्त अन्धविश्वासलाई च्यातच्युत पारिदिए । निःसन्देह नालापानी युद्धपछि लडाकूका रूपमा महिलाको उल्लेखनीय सहभागिता भएको माओवादी जनयुद्ध नै हो । यसरी महिलाले गरिब देशका नारीहरू राजनीतिक रूपमा सचेत हुन सक्छन् भनेर विश्वलाई पनि देखाइदिए । उनीहरूले कीर्तिमान खडा गरे र इतिहास रचे ।

२०६३ कार्तिकमा भएको उच्चस्तरीय सहमतिमा राज्यको नीति, निर्माण तहमा ३३ प्रतिशत महिला हुनुपर्ने निश्चित गरियो । राज्यको नीति निर्माणको तहमा महिलाको प्रतिनिधिमूलक उपस्थितिको ग्यारेण्टी जनयुद्धको उपलब्धि थियो । दुई महिनापछि बनेको अन्तरिम व्यवस्थापिकामा माओवादीले ३३ प्रतिशत महिला सहभागिता गरायो । बिस्तारै अरु दलहरू पनि त्यसो गर्न बाध्य भए ।

*(दीपक सापकोटाद्वारा लिखित 'उथलपुथलका दस वर्ष' पुस्तकबाट)*

## माकेको...

अहिलेको आम नीतिलाई यथावत राखेर पार्टीको नाम माओवादी र पार्टीको निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद राखेको भए पनि त्यो पार्टी सही मालेमावादी पार्टी बन्दैन ।

अहिले प्रायः छापाहरूमा र सामाजिक सञ्जालमा माओवादी केन्द्रले विशेषतः प्रचण्डले माओवाद छोड्यो, एमालेमा विलय भयो भन्ने कुराहरू आइरहेको छ, यो कुरा वास्तविक होइन । प्रचण्डले माओवाद अहिले छोडेको होइन । उहिले नै शान्ति प्रक्रियामा आउनु भन्दा पहिले नै उनले मार्क्सवादका आधारभूत सिद्धान्तहरू अर्थात माओवाद छोडिसकेका थिए । उनको माओवाद पदावलीमा मात्र सीमित थियो । जब उनले एकाइसौं शताब्दीको जनवादको विचार अगाडि ल्याए त्यसबेलादेखि नै उनले माओवाद छोडेका थिए । मालेमावादको मुख्य कुरा भनेको सर्वहारावर्गको अधिनायकत्व हो । 'राज्य र क्रान्ति' भन्ने आफ्नो प्रसिद्ध रचनामा लेनिनले भनेका छन् "जो मात्र वर्गसंघर्षलाई मान्दछ त्यो अझै मार्क्सवादी होइन । त्यो अझै पनि पुँजीवादी सिद्धान्त र पुँजीजीवी राजनीतिको घेराबाट बाहिर निस्केको नहुन सक्छ । मार्क्सवादलाई वर्गसंघर्षको सिद्धान्तसम्म मात्रै सीमित राख्नुको अर्थ हो मार्क्सवादलाई लंगडो तुल्याउनु, त्यसलाई बंग्याउनु र त्यसलाई पुँजीजीवी वर्गको निम्ति मान्य हुन सक्ने किसिमको बनाउनु । मात्र त्यो मार्क्सवादी हो जो वर्गसंघर्षको मान्यतालाई सर्वहारावर्गको अधिनायकत्वको मान्यतासम्म नै लागु गर्दछ । एक मार्क्सवादी र एक साधारण निम्न (र उच्च समेत) पुँजीजीवीको बीचमा सबभन्दा गम्भीर अन्तर यही हो । यसै कसीमा घोटेर नै मार्क्सवादको वास्तविक समझदारी र मान्यताको परीक्षा गरिनु पर्दछ ।' प्रचण्ड बाबुरामले प्रस्तुत गरेका एकाइसौं शताब्दीको जनवादमा लेनिनका उक्त भनाइको उल्टो छ । त्यसमा विभिन्न तर्क जे गरेता पनि सारमा घुमाउरो रूपमा सर्वहारा अधिनायकत्वको विरोध गरिएको छ । एकाइसौं शताब्दीको जनवादले कसरी सर्वहारा अधिनायकत्वको विरोध गरेको छ भनेर विस्तृत रूपमा व्याख्या गर्न यस सानो लेखमा सम्भव छैन । सर्वहारा अधिनायकत्वको विरोध घुमाउरो रूपमा एकाइसौं शताब्दीको जनवादमा कसरी गरिएको छ भन्ने विश्लेषण अन्यत्र गरौंला । यहाँ एउटा कुरा उल्लेख गर्न जरुरी छ । एकाइसौं शताब्दीको जनवादमा भनिएको छ 'सामन्तवाद र साम्राज्यवाद विरोधी विभिन्न राजनैतिक दल, संघसंस्था जसले जनवादी राज्यसत्ताको संवैधानिक व्यवस्थालाई स्वीकार गर्दछन् । उनीहरूको बीचमा कम्युनिष्ट पार्टीलाई सहयोग मात्र गर्नु पर्ने यान्त्रिक सम्बन्धमा होइन, जनताको सेवामा जनवादी राजनीतिक प्रतिस्पर्धा गर्ने द्वन्द्वात्मक सम्बन्धमा जोड दिइनु पर्दछ । स्पष्ट छ कि यो प्रक्रियामा यदि कसैले जनवादी राज्यसत्ताद्वारा वैधानिक रूपले निर्धारित सीमाको अतिक्रमण गरेमा उसमाथि जनवादी अधिनायकत्व लागु हुनेछ ।' नेकपा (माओवादी)को ऐतिहासिक दस्तावेजहरू, पृष्ठ २५६, पुर्वी प्रकाशन, मेची कोशी क्षेत्रीय व्यूरो कमाण्ड । यसमा 'कम्युनिष्ट पार्टीलाई सहयोग गर्नु पर्ने यान्त्रिक सम्बन्ध होइन' भनेर जुन भनिएको छ त्यो चीनमा माओले अपनाएको नीतिको विरोध गरिएको छ । चीनमा नयाँ जनवादी चरणमा चिनियाँ कम्युनिष्ट पार्टी बाहेक अन्य जनवादी पार्टीहरू थिए र तिनको भूमिका चिनियाँ कम्युनिष्ट पार्टीलाई सघाउनु हुन्थ्यो । एक्काइसौं शताब्दीको जनवादमा माओले अपनाइएको त्यस प्रकारको नीतिको विरोध गरिएको छ र सहयोगी भूमिकाको ठाउँमा 'राजनैतिक प्रतिस्पर्धा गर्ने' कुरा अगाडी सारिएको छ । 'राजनीतिक प्रतिस्पर्धा गर्ने' भनेको कम्युनिष्ट पार्टीलाई प्रतिस्पर्धाद्वारा पछाडि पार्ने कुरालाई पनि स्थापित गर्ने व्यवस्था ल्याउन खोजिएको छ । यो भनेको माओको लाइनको विरुद्धको कुरा हो । अर्को शब्दमा भन्नुपर्दा सर्वहारा अधिनायकत्वको विरोध हो । जहाँसम्म 'जनवादी राज्यसत्ताद्वारा वैधानिक रूपले निर्धारित सिमाको अतिक्रमण गरेमा उसमाथि जनवादी अधिनायकत्व लागू हुनेछ' भनिएको छ यो अमूर्त छ र यसले क्रान्तिकारीहरू माथि नै अधिनायकत्व लगाउने कुराको लागि ढोका खुला राख्दछ । जनवादी अधिनायकत्वमाथि दुई प्रकारले अतिक्रमण हुन्छ एउटा प्रतिगामी र यथास्थितिवादी कोणबाट अर्को क्रान्तिकारी कोणबाट । मार्क्सवादले प्रतिगामी र यथास्थितिवादी कोणबाट हुने अतिक्रमणको विरोध गर्छ । भने क्रान्तिकारी कोणबाट हुने अतिक्रमणलाई व्यवस्थित गर्दै लैजान्छ । चीनमा जनवादी क्रान्तिपछि यस्तै भएको थियो र त्यहाँ दुईलाइन संघर्ष तीव्र रूपमा अगाडि बढेको थियो । नयाँ जनवादी क्रान्तिलाई लामो समय ३०/४० वर्षसम्म कायम राख्नुपर्दछ भन्ने कुराको नेतृत्व लिउ साओ ची, तेङ सियाओ पिङ आदिले गर्थे भने क.माओले समाजवादी क्रान्तितिर अगाडि बढ्नु पर्दछ भनेर भन्नु भएको थियो । समाजवादी क्रान्तिमा जानु सर्वहारावर्गको नेतृत्व र अधिनायकत्व अनिवार्य चाहिन्छ । एक्काइसौं शताव्दीको जनवादमा 'कम्युनिष्ट पार्टीलाई सहयोग मात्र गर्नुपर्ने' कुराको विरोध गर्दै कम्युनिष्ट पार्टीसँग "राजनीतिक प्रतिस्पर्धा गर्ने" व्यवस्था ल्याउने र त्यसको विरोध गर्नेहरूलाई 'जनवादी अधिनायकत्व' लागू गर्ने जुन कुरा गरिएको छ, त्यो माओको राजनीतिक दर्शनको विरोधमा छ । यस बाहेक एकाइसौं शताव्दीको जनवादमा जुन विचारहरू ल्याइएको थियो र तर्कहरू गरिएको छ त्यसको सार भनेको सर्वहारा अधिनायकत्वको विरोध हो र त्यो भनेको मार्क्स, एगेंल्स, लेनिन, स्टालिन र माओले जोड दिँदै आएको मुख्य कुराको विरोध हो । यसरी प्रचण्ड र बाबुरामले एक्काइसौं शताव्दीको जनवाद भनेर जुन विचारहरू ल्याए त्यो बेलादेखि नै वास्तवमा उनीहरूले माओवाद छोडिसकेका थिए । घुमाइफिराइ संसदीय व्यवस्थालाई समर्थन गर्न पुगेका थिए । बाबुरामले केही पहिलेदेखि नै घोषित रूपमै माओवाद नै छोडेको घोषणा गरे तर वास्तवमा उनले त्यसलाई पहिले नै छोडेका थिए । त्यसरी नै प्रचण्डले पनि मालेमावादलाई पहिले नै छोडेका थिए, शब्दमा मात्र अहिले छोडेका छन् । त्यसकारण प्रचण्डले अहिले माओवाद छोड्यो भन्नु भ्रम मात्र हो ।

एमालेले आफ्नो पार्टीको निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद भन्दछ र तर उसले पनि जुनबेलादेखि 'जनताको बहुदलीय जनवाद'को कुरा ल्यायो, त्यसबेलादेखि नै मार्क्सवादका आधार भूत सिद्धान्तहरूलाई छोडिसकेको हो । एमालेको बहुदलीय जनवाद भनेको संसदीय व्यवस्था नै हो भन्ने कुरा उसले ०४६ सालदेखि अहिलेसम्म गरेको कामले नै प्रष्ट पार्दछ । एमालेको बहुदलीय जनवाद र माकेको २१औं शताब्दीको जनवाद सारमा एउटै हुन् । त्यसकारण यी दुईवटा पार्टीले मालेमावादलाई अहिले छोडेको होइन कि पहिले नै छोडिसकेका हुन् । एक्काइसौं शताब्दीको जनवादको कुरा प्रकाशमा आउने बित्तिकै एमालेका नेताहरूले अब माओवाद हाम्रो लाइनमा आयो भनेर लेख्ने बोल्ने गरेका थिए । त्यसमा सत्यता थियो ।

अहिले आएर उनीहरू सांगठनिक रूपमा एक हुन लाइरहेका मात्र हुन् । उनीहरूले मार्क्सवादको आधार भूत सिद्धान्तलाई छोड्दै गएपछि त्यसबाट क्रान्तिकारीहरूले जुन विद्रोह गरे, त्यो सही कदम थियो भन्ने कुराको पुष्टि अहिले भइरहेको छ ।

## सन् १९५०...

मैत्री खलबल्याउने कार्य हुन नदिने । ३. एकअर्काप्रति शक्ति प्रयोग नगर्ने र परम्परागत मैत्री सम्बन्ध दरिलो पार्ने । ४. मानवस्रोत विकास, खनिज तथा जडीबुटीजस्ता वस्तुको आपसी सद्भावका आधारमा उपयोग गर्ने । ५. नेपालीको समान हकहित अर्थात् न्यायोचित हुनेगरी आपसी सद्भावमा जलस्रोतको विकास गर्ने तथा तेस्रो देशसँग पनि सहकार्य गर्न सकिनेछ । ६. औद्योगिक विकासमा नेपाली उद्यमीको हकहित नमर्ने व्यवस्था गर्ने । ७. नेपालले भारतीय भूमि भएर तीन-चार विन्दुबाट निर्वाध पारवहन सुविधाको अधिकार प्रयोग गर्न पाउने । ८. भूपरिवेष्ठित देश नेपाललाई अन्तराष्ट्रिय कानुन, प्रचलन, अभ्यास, परिपाटीअनुसार छिमेकी देशले नाकाबन्दी नगर्ने । ९. भारतका लागि नेपाल ट्रान्जिट मुलुकका रूपमा रहने व्यवस्था गर्ने । नेपाल दुई ढुंगाबीचको तरुल होइन, दुई ढुंगामाथिको साँघुका रूपमा रहने व्यवस्था गर्ने । १०. अन्तर ाष्ट्रिय मान्यताविपरीत एकअर्को देशले सीमावर्ती बाँध निर्माण नगर्ने । तल्लो तटीय मुलुकले पानी सदुपयोग गर्दा माथिल्लो तटीय देशले फाइदाको भाग पाउनेछ । माथिल्लो स्थलमा रहेको देशले उचित मात्रामा पानी उपलब्ध गराउनेछ । ११. दुवै देशका नागरिकले एकअर्काको इलाकामा आवागमन गर्न संयुक्त रूपमा सीमालाई क्रमशस् नियमन गर्दै लगिनेछ । तर कुनै हालतमा पनि बन्द गरिनेछैन । १२. दुवै देशबीचको सीमांकन गर्दा पुराना नक्सा दस्ताबेजका आधारमा सौहार्दपूर्ण तरिकाले रेखांकन पूरा गरी सीमा प्रोटोकोल प्रत्येक दसरदस वर्षमा नवीकरण गर्ने । १३. आतंककारी तथा अवाञ्छित तत्त्वद्वारा सीमा दुरूपयोग हुन नदिने । १४. दुवै मुलुकको सुरक्षाविपरीत कार्य हुन नदिन प्रतिबद्धता व्यक्त गर्ने । १५. आपसी लाभका आधारमा मित्रता, असल छिमेकीपना कायम राख्न दृढता व्यक्त गर्ने । १६. सन्धि दस वर्षमा पुनरावलोकन र सुधार संशोधन हुन सक्नेछ ।

नयाँ सन्धि पुरानोभन्दा काम नलाग्ने गरी कुनै पनि हालतमा निर्माण गरिनु हुँदैन । समानता, पारस्परिक फाइदा, प्रादेशिक अखण्डता, नयाँ नेपालमात्र होइन 'उन्नतशील र समृद्ध नेपाल' बनाउन मद्दत पुग्ने सन्धिसम्झौता मित्र राष्ट्रसँग गर्नुपर्छ । दुवै देशको अन्तर-सीमा अपराध नियन्त्रण हुने तथा नेपालको हकहित नमर्ने तथा 'जित-जित' को परिस्थिति हुने गरी नयाँ सन्धि बन्नुपर्छ । प्रबुद्ध व्यक्ति समूहले कागजात अध्ययन, मनन, विश्लेषण गर्दै यससम्बन्धी विगतका काम कुरा र घटनाक्रमलाई ध्यानमा राखी देशको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वतन्त्रता अक्षुण्ण रहने गरी १९५० को शान्ति तथा मैत्री सन्धि खारेज गर्ने प्रतिवेदन तयार पारी सरकारसमक्ष समयावधिभित्रै प्रस्तुत गर्न सक्नुपर्छ ।


## राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सूचना

निजी आवास पुनर्निर्माण गर्न बाँकी रहेका लाभग्राहीहरूले पहिलो किस्ता अनुदान बराबरको काम २०७४ साल चैत मसान्तसम्म पूरा गरी दोस्रो किस्ता अनुदान लिनु हुन र २०७५ असार मसान्तसम्म घरको पुनर्निर्माणको काम सम्पन्न गर्नुहुन अनुरोध छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
मन्थली, रामेछाप





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।